गैरआवासीय नेपाली संघको त्रैमासिक प्रकाशन

ग्लोबल नेपाली

Issue 31 Oct. 2018

अंक ३१ असोज २०७५

# गैरआवासीय नेपाली दिवस, एनआरएनए विश्व विज्ञ सम्मेलन र विधान सभा



विशेषांक - २०७५

# 1ST NRN GLOBAL KNOWLEDGE CONVENTION

**12-14 OCTOBER 2018, KATHMANDU NEPAL**

## SPECIAL THANKS TO OUR SPONSORS

## EVENT PARTNERS

IDEA FOR NEPAL



**Bhaban Bhatta**
NRNA President



**Kumar Panta**
NRNA Vice President

## PLATINUM PARTNER

QATAR AIRWAYS القطرية

## SILVER PARTNERS

Karnaali.com

holy cow

**Kul Acharya**
NRNA Vice President

**सम्पादक**
भूषण घिमिरे

**समाचार संयोजक**
चिरन शर्मा

**सम्पादन सहयोग**
हेमन्त काफ्ले
विजय घिमिरे

**डिजाईन लेआउट**

प्रिन्टमेकर (अनु योगी)
बागबजार, काठमाडौं
इमेलः printmaker.anu@gmail.com

गैरआवासीय नेपाली संघ
पोष्ट बक्स नं. : ११८९, बालुवाटार, काठमाडौं
फोन नं.: ९७७-०१-४००४५२९
इमेलः info@nrna.org.np
वेबसाइटः www.nrna.org.np

## सम्पादकीय

# गैरआवासीय नेपाली अभियानको अपेक्षा

यो वर्षको गैरआवासीय नेपाली दिवस अझ विशेष हुने भएको छ । यस दिवसका सन्दर्भमा हुन गइरहेका विशेष कार्यक्रमहरू यो दिनलाई विशेष बनाउने कारणहरू बनेका छन् । यसै सन्दर्भमा यस पटकको वर्तमान अन्तर्राष्ट्रिय समन्वय परिषदको निर्वाचन लगत्तै बसेको प्रत्यक्ष अर्थात फेस टु फेस बैठकले प्रस्ताव गरेअनुसार हरेक दुईवर्षमा विदेशमा आयोजना हुने संघको क्षेत्रीय सम्मेलनको सट्टा गैरआवासीय नेपाली दिवसको अवसर पारेर नेपालमा नै खास विषयमा सम्मेलन गर्ने गरी तय भएको थियो । त्यस किसिमको सम्मेलन केवल सम्मेलनका लागि मात्रै नभएर कुनै ठोस विषयमा केन्द्रित हुने गरी कार्यसमितिले विज्ञ सम्मेलन गर्ने निर्णय गरेको हो । संघको अन्तर्राष्ट्रिय समन्वय परिषदले गरेको यो निर्णयलाई क्षेत्रीय स्तरमा सहर्ष स्वीकार्दै क्षेत्रीय बैठकहरूमा नै विज्ञ सम्मेलनको तयारी हुन थाल्यो । अमेरिकाबाट शुरू भएर युरोप, मध्यपूर्व हुँदै ओसिनियासम्म आइपुग्दा नेपालमा हुन गैरहेको विज्ञ सम्मेलन गैरआवासीय नेपाली अभियानको एउटा महत्वपूर्ण फड्को हुने लक्ष्यण देखिइसकेको छ । त्यसैको फलस्वरूप पहिलो विज्ञ सम्मेलनमा २०० भन्दा बढी विभिन्न क्षेत्रका विज्ञहरूले आर्जन गरेका विज्ञता, अनुभव र शिपलाई नेपालका सन्दर्भमा कसरी उपयोग गर्न सकिन्छ भनेर कार्यपत्र प्रस्तुत गर्न गैरहेका छन् ।

यो एउटा कार्यक्रमका रूपमा सम्मेलन मात्रै हुन गैरहेको छैन । संसारभर छरिएर रहेका नेपाली विज्ञहरू र नेपाल सरकारसँगको सहकार्यमा नेपालका सम्बन्धित क्षेत्रका विज्ञ तथा सम्बन्धित क्षेत्रका जिम्मेवार व्यक्तिहरू एकै ठाउँमा भेला भएर ती ज्ञान र विज्ञतालाई नेपालका सन्दर्भमा कसरी उपयोग गर्न सकिन्छ भनेर योजना बनाउने तयारी भैरहेको छ । नेपालमा अहिले पनि अध्ययन र अनुसन्धानका क्षेत्रमा उल्लेख्य लगानी हुन सकिरहेको छैन । तर विश्वका विकसित मुलुकहरू जसले अध्ययन र अनुसन्धानमा प्रशस्त लगानी गरिरहेका छन् ति मुलुकहरूमा बसेर वर्षौदेखि आर्जन गरेको गैर आवासीय नेपालीको ज्ञानलाई आफ्नो मातृभूमिका निम्ति उपयोग गर्न सकियो भने मुलुकका निम्ति यो एउटा विशेष उपलब्धी हुन सक्छ । बौध्दिक पलायनको आरोप खेपिरहेकाहरूले विदेशमा आर्जन गरेको ज्ञान मुलुक भित्र्याउन सक्दा यो आरोपको बचाउ वा खण्डन गरिरहनु नै पर्दैन । विदेशमा छरिएर रहेका विज्ञहरूलाई गैरआवासीय नेपाली संघले एकै थलोमा भेला गर्ने वातावरण बनाइदिंदा विज्ञहरू बीच नै पनि फरक संजालको निर्माण हुन सक्छ र एक आपसमा अध्ययन अनुसन्धानको सूचना आद-न प्रदानले कार्यक्षेत्रमा सहयोग पुग्न सक्छ । यस किसिमका सम्मेलनका निरन्तरताले आगामी दिनमा अहिले नै नदेखिएका क्षेत्रहरू उजागर हुँदै जाने र मुलुक थप लाभान्वित हुने आशा गर्न सकिन्छ । गैरआवासीय संघ व्यवसायीहरूको संस्थाका रूपमा हेरिने गरेको र बौध्दिक व्यक्तित्वहरू बाहिरिने क्रममा रहेको भन्ने जस्ता कुरा बहसकै विषय हुन थालिसकेको थियो । गैरआवासीय नेपालीले गर्ने भनेको वित्तिय लगानीमात्रै हो भन्ने किसिमको सोचाइको विकास पनि हुन थालेको थियो । लगानी र परोपकारी कार्यमा मात्र केन्द्रित भएको गतिविधिले यो खालको सोचाइलाई बल पनि प्रदान गर्दै आएको थियो । तर संघ आफ्नो स्थापनाको मूल उद्देश्य समृद्ध नेपालको निर्माणमा नेपालीले बिदेशमा बसेर कमाएको ज्ञान, सिप, अनुभव र पूँजीको यथासम्भव उपयोग गर्नु पर्छ भन्ने कुराबाट विचलित छैन । त्यसको पुष्टि पनि यही विज्ञ सम्मेलनले गरेको छ । तसर्थ, धेरै अर्थमा यो विज्ञ सम्मेलन महत्वपूर्ण छ र हामी सबै मिलेर यो सम्मेलनलाई बढी भन्दा बढी उपलब्धीमुलक बनाउनु जरूरी छ ।

त्यसैगरी गत अधिवेशनले पारित गरेको विधान सभा पनि यसै समयमा हुन गैरहेको छ । संघको संस्थागत संरचनामा समयानुकुल परिवर्तन आवश्यक पर्ने हुन्छ । केही देशबाट शुरू भएको अभियानको ७८ देशमा संजाल विस्तार भैसकेको छ । पंजीकृत सदस्यहरूको संख्यामा भएको वृद्धिले महाधिवेशन व्यवस्थापनमा ध्यान दिनुपर्ने टड्कारो अनुभव भैसकेको छ । संघको उद्देश्य र लक्ष्य अनुसार धेरै भन्दा धेरैलाई समेटेर अघि बढ्न सकिने संरचनाको निर्माण गर्दै सचिवालयलाई चुस्त र सक्षम बनाउनु आवश्यक छ । विधान सभाका अवसरमा विधानका प्राविधिक विषयमा मात्र सीमित नभएर संघ भित्रका अरू विविध विषयहरूमा पनि विचार विमर्श गर्ने अवसर मिल्ने अपेक्षा गरिएको छ । संघको भावी दिशा निर्देशमा विधानसभा एउटा महत्वपूर्ण हिस्सा हुने विश्वास गर्न सकिन्छ ।

संघले विगतमा सुरू गरेका ठूला परियोजनाहरूको निर्माण सम्पन्न हुँदै छन् । यसैक्रममा संघको आफ्नै भवनमा सचिवालय सार्ने र शंखमुलमा निर्मित पार्क ललितपुर महानगरपालीकालाई हस्तान्तरण गर्ने कार्य यस वर्षको गैरआवासीय नेपाली दिवसकै अवसरमा हुन गैरहेका छन् । ऐतिहासिक महत्व बोकेको सिन्धुलीगढीको पुनरनिर्माण योजनाको हस्तान्तरण, सडक सुरक्षाका निम्ति अपनाउनु पर्ने निर्माण विधिको प्रदर्शन र सडक सुरक्षा शिक्षा प्रदान गर्ने लगायत थुप्रै कार्यक्रमहरू यस पटक आयोजना हुन गैरहेका छन् । मुलुक संक्रमणकाल पार गरेर राजनैतिक स्थायित्वका साथ समृद्धिको मार्गमा हिड्ने तरखरमा छ । हामीले उठाउँदै आएको नागरिकताको निरन्तरता लगायतका विषयलाई संविधानको तहबाट केही हदसम्म सम्बोधन भैसके को छ। अब व्यवहारिक रूपमा आउने विषयहरूलाई सरकार र सम्बन्धित निकायसँगको सहकार्यबाट समाधान गर्दै जानुको विकल्प छैन । यतिखेर सिंगो मुलुक र जनताले मुलुकको समृद्धिमा गैरआवासीय नेपालीहरूको सामुहिक र एकताबद्ध सहभागिताको अपेक्षा गरेको अवस्था छ । गैरआवासीय अभियान सामुहिक अभियान भएकाले सबैको सहयोग र सहभागिताले मात्रै यो अभियानले अपेक्षित रूपमा गति लिन सक्छ । पदीय जिम्मेवारी भनेको स्थायी होइन र पदमा बसेकाहरूले मात्रै काम गरेर संघ अगाडि बढ्ने पनि होइन । हिजो पदीय जिम्मेवारीमा बसेका, आज काम गरिरहेका र भोलि आउन चाहनेहरू मात्रै नभएर सबैको सकारात्मक सोच र सहयोग भयो भने मात्रै अपेक्षित रूपमा प्रगति हासिल गर्न सकिन्छ तसर्थ गैरआवासीय नेपालको अनुभव, शिप र ज्ञानलाई पूँजीसंगै समाहित गरेर देशको विकासमा अत्यधिक उपयोग गर्नु पर्दछ । गैरआवासीय नेपाली अभियानले आजको दिनमा गर्न खोजेको पनि यही हो ।



**भूषण घिमिरे**
**प्रवक्ता-गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद ।**

# विषय सूची


- ❏ सबै हात एकै साथ - भवन भट्ट ४
- ❏ राष्ट्रको समृद्धिका लागि एनआरएन - उपेन्द्र महतो ७
- ❏ आर्थिक र बौद्धिक लगानी उत्तिकै महत्वपूर्ण छन्- जीवा लामिछाने ९
- ❏ गैरआवासीय नेपाली र सरकार समृद्धिका सहयात्री - डा. डमरु बल्लभ पौडेल १०
- ❏ हाम्रो अभियान गुणात्मक विकास केन्द्रित भएको छ - डा. बद्री केसी ११
- ❏ विज्ञ सम्मेलन विशेषतः कुमार पन्त डा हेम राज शर्मा १३
- ❏ सुन्दर शंखमुल पार्क - कुल आचार्य १६
- ❏ रेमिटेन्सको सदुपयोग बढाउन जरुरी - आर के शर्मा १८
- ❏ नेपाली डायस्पोरा र सञ्चारबीचको अन्तरसम्बन्ध - भगीरथ योगी २०
- ❏ Kathmandu's 20 years Rail Vision - Dr. Binod L. Amatya २२
- ❏ लाप्राक नमूना बस्ती निर्माणमा उल्लेख्य प्रगति-सपिला राजभण्डारी २५
- ❏ 1st NRN Global Knowledge Convention: An Ingenuity of Nepali Diaspora २६
  Dr. Hari Prasad Dahal    Mr. Kumar Panta    Dr. Hem Raj Sharma
- ❏ एक विद्यावत शहरको परिकल्पना र प्रवासी नेपाली - डा. प्रमोद ढकाल २८
- ❏ Women Leaders of NRNA - Rajani Pradhan ३१
- ❏ मर्यादित, सुरक्षित र व्यवस्थित रोजगारीसमृद्धिको तयारी - डिबी क्षेत्री ३२
- ❏ एनआरएनए प्रेसिडेन्सियल अवार्ड ३६
- ❏ प्रवासी डायस्पोरा लक्षित सीप र ज्ञान हस्तान्तरण- नारायण घिमिरे ३९
- ❏ Human Resources in Science & Technology– Dinesh R Bhuju ४१
- ❏ NRNA Knowledge Initiatives and Emerging Directions
  Dr. Raju Adhikari, Dr. Ambika P. Adhikari, Dr. Drona P. Rasali, Dr. Pramod Dhakal ४४
- ❏ विज्ञ सम्मेलन विकास निर्माणका लागि कोसेढुंगा - नरेश कोइराला ४७
- ❏ सीप तथा प्रविधि भित्र्याउन युवाको अहम भूमिका - सुदन थापा ४८
- ❏ नागरिकता निरन्तरता कार्यान्वयन समितिको सक्रियता ४९
- ❏ विधान संशोधन प्रतिवेदन ५१
- ❏ ११ औं युरोपिय बैठक तथा नवौं युरोपेली महिला बैठक २०१८ लग्जेम्बर्गका निर्णय ५९
- ❏ छैठौं मध्यपूर्व क्षेत्रिय बैठकका निर्णयहरु ६०
- ❏ गैरआवासीय नेपाली संघ शंखमुल पार्क विकासका सहयोगी महानुभावहरु ६२
- ❏ गैरआवासीय नेपाली संघको केन्द्रिय भवन निर्माणमा सहयोगी महानुभावहरु ६३
- ❏ 1st NRN Global Knowledge Conference, Organising Committees ६८
- ❏ एनआरएनएका गतिविधिहरु ७०



# सबै हात एकै साथ

**- अध्यक्ष भवन भट्ट**

**यसपटकको गैरआवासीय नेपाली दिवस कसरी विशेष बनाउँदै हुनुहुन्छ ?**

गैरआवासीय नेपाली संघको स्थापना दिवस अर्थात् अक्टुबर ११ को दिनलाई हामी एकदमै महत्वपूर्ण रूपमा मनाउँदैछौँ । विशेषतः संघको आफ्नै कार्यलय भवनको सपना थियो हाम्रो त्यो यसपटकबाट पूरा हुँदैछ । हामी आफ्नै भवनमा सर्दैछौँ । त्यो नै हामी सबैको लागि विशेष कुरा हो र त्यही कारणले पनि दिवसको महत्व अलि फरक छ । यस्तै हाम्रा केही महत्वपूर्ण परियोजनाहरू पूरा भएका छन्, जस्तै शंखमुल पार्क, सिन्धुलीगढी परियोजना, रोड सेफ्टी परियोजना, हस्तान्तरण तथा प्रेसिडेन्शियल अवार्ड तथा पुरस्कार वितरण गर्दैछौँ ।

यसपटक हाम्रो अभियानकै इतिहासमा पहिलो पटक विज्ञ सम्मेलन तथा विधान सभा आयोजना गरेका छौँ । विज्ञ सभामा त सरकारकै सहकार्य समेत छ । यसर्थ पनि दिवस महत्वपूर्ण र विशेष हुनेछ । संसारभर रहेका गैरआवासीय नेपाली साथीहरू एक ठाउँमा जम्मा भएर आपसी रूपमा भाइचाराको सम्बन्ध कायम गर्दै दिवस मनाउने छौँ ।

**एनआरएनएका कुन कुन मेगा प्रोजेक्ट पूरा भइसकेका छन्?**

एनआरएनएको भवन निर्माण सम्पन्न भएको छ । यही दिवसकै दिन अर्थात ११ अक्टुबरमा हामी आफ्नै सचिवालयमा सर्छौं । यसअघि एनआर एनएको पूरै भवन आफ्नै प्रयोजनमा ल्याउने भनेका थियौं तर तीन रोपनीमा बनेको भवनको सम्पूर्ण भाग हामीलाई त्यति आवश्यक पनि छैन र, लागतका हिसावले पनि बढी हुने भएकाले पछि गएर केही परिवर्तन गर्‍यौं । सबैभन्दा माथिल्लो तलामा एनआरएनएको सचिवालय हुन्छ, बाँकी तलका तलालाई भाडामा दिन्छौं। जसले गर्दा २ लाख गैरआवासीय नेपालीले आफ्नो मजबुद सचिवालय भएको महसुस गर्नुहुनेछ । प्रधानमन्त्री निवासको कार्यालयको नजिकै रहेकाले यो अत्यन्तै पायक पर्ने स्थानमा छ । आँखाको नानीको रूपमा सचिवालय रहनेछ । हामीसँग २ सय जना भन्दा बढी अट्ने हल रहेको छ । भवन भित्रको केही भाग लाई हामीले आवश्यकता अनुसार परिमार्जन पनि गरेका छौं । भाडामा दिने तलामा भने फिनिसिङ गरिएको छैन । किनकी व्यापारिक प्रयोजनका कार्यलयहरूलाई भाडामा दिने योजना भएकाले उनीहरूको आफ्नै डिजाइन हुन्छ । हामीले बनाएको संरचनामा खर्च मात्रै हुने र काम पनि नलाग्ने हुन सक्छ तसर्थ भवनमा हामीले आफ्नो स्थान मात्र बनाएका हौं । यस्तै नेपाल सरकारसँग गरेका भूकम्पपछिको बस्ती पुनर्निर्माण, बागमती सफाइ अन्तर्गत अगाडि बढेको शंखमुल पार्कको निर्माण पनि सकिएको छ र दिवसकै दिन सो पार्क हस्तान्तरण गर्दैछौं ।

**लाप्राक नमुना बस्तीको कार्यप्रगति के कस्तो भइरहेको छ ?**

लाप्राक नमुना बस्ती एनआरएनएले नेपाल सरकारसँग पहिलो पटक लिएको योज-ना हो । त्यसैले पनि सबै गैरआवासीय नेपाली पुनर्निर्माणमा जुटे, जसका

**"हामी जुन चरणमा आइपुगेका छौं, त्यसमा हाम्रा अग्रजको भूमिका अतुलनीय छ । उहाँहरुकै योगदानको कारण आज विश्वभर यो अभियान सर्वस्वीकार्य भएको छ । हाम्रा अग्रज एवं अभिभावकको योगदान सायदै शब्दमा वर्णन गर्न सकिन्छ । त्यसप्रति म नमन गर्छु ।"**

फलस्वरूप यो बस्ती निर्माण भइरहेको छ । यो बस्तीलाई यसपालि हस्तान्तरण गर्ने भनेका थियौं । तर,प्राकृतिक विपत्तिका अगाडि कसैको केही लाग्दैन रहेछ। कहिले वर्षाका कारण त कहिले पहिरो र हिमपातका कारण सामान ढुवानी मै समस्या खेप्नुपर्यो । सामग्री पुगेमा एक दिनमा चारवटासम्म घर बनाउँछौं। सेन्टिमेन्टलले छोएर हामी लाप्राक पुग्यौं,तर सामाग्री पुऱ्याउने मुश्किल छ । खास त भौगोलिक रूपमा विकट रहेकाले पनिकाम गर्न समस्या भयो । एक त त्यो ठाउँ २८ सय मिटर उचाइमा छ । अर्कोतर्फ बाटो को दुरावस्था उस्तै । हामीसँग जन-शक्ति, आवश्यक रकम नभएर काम ढिलो भएकै होइन । तर हेर्नुस्, सबैसँग सकिन्छ, प्रकृतिसँग नसकिने रहेछ । हामी लाई नेपाली सेनाका १ सय ८० जना जवानले सहयोग गरिरहनुभएको छ । अझ जनशक्ति पुऱ्याउन उहाँहरू प्रतिवद्ध हुनुहुन्छ । मलाई लाग्छ, अबको तीन महिनाभित्र यो काम सकिन्छ । ६० प्रतिशत काम सकिएको छ । फेरि हामीले पहिले भनेको भन्दा अलिकति राम्रो र बलियो सामाग्री प्रयोग गरेर त्यति नै लागतमा घर निर्माण गरिरहेका छौं । घर त बनाउने तर जस्ताले, बाँसले बारेर भन्दा मोर्डन सामाग्री प्रयोग गरेर घर बनाउँदा दिनेलाई पनि दिएजस्तो हुने र लिनेलाई पनि लिएजस्तो हुने एक किसिमको अनूभूति हुन्छ भन्ने हाम्रो धारणा हो । फेरि सरकारले हामीलाई विश्वास गरेर दिएको महत्वपूर्ण काम भएकोले पनि सरकारले हामीबाट अलि फरक किसिमको अपेक्षा राखेको छ । विदेशमा बसेर सिकेका सीप प्रयोग गरेर वास्तवमै वस्ती नमूना बनाउँछन् भन्ने आशा पनि सरकारले राखेको छ तसर्थ हामीले पनि सोही अनुसार आधुनिक एवं आकर्षक घर तर उति नै लागतमा अहिले घर निर्माण गरिरहेका छौं ।



**विज्ञ सम्मेलन पनि गर्दै हुनुहुन्छ, यसको अवधारणा स्मार्ट एनआरएनएकै अवधारणासँग जोडिएर आएको हो ?**

पक्कै पनि, नेपालीहरू विश्वका हरेक देशमा पुगेका छन् । इनोभेसन र बौद्धिक कार्यमा पनि संलग्न छन् । विकसित मुलुकहरूले गरेका राम्रा प्राविधिक एवं अन्य किसिमका इनोभेसनहरूलाई नेपाल भित्र्याउने अवधारणालाई मैले स्मार्ट एनआरएन भनेको हो । हामीले एक एनआरएन एक परियोजनाको पनि योजना अघि सारेको यसैका लागि पनि हो । प्रत्येक नेपा-लीले आफूसँग भएको सीप, क्षमता र आइडिया नेपालमा प्रयोग गर्न सकियोस् भन्ने हाम्रो चाहना हो । त्यसको आवश्यकता किन के का लागि भन्ने विषयमा अध्ययन गर्ने र उनीहरूलाई मूलधारमा ल्याउने हाम्रो यो जना अघि बढीरहेको छ । स्मार्ट भनेकै स्मार्ट वे अफ थिङकिङ पनि हो । यही अवधारणा अनुरूप हामीले विज्ञ सम्मेलन पनि आयोजना गरेका हौं । खासगरी सन् २००३ देखि नै हाम्रो प्राथमिकता मुलुकको समृद्धि रहेको छ । अब मुलुकको समृद्धिका लागि विविध आयामहरू रहेका छन्, आर्थिक, सामाजिक विकासका कुरा, पर्यटन, हाइड्रोपावर, शिक्षा, स्वास्थ्य लगायतका कुरा, यी सबै पक्षमा कसरी सहयोग पुऱ्याउन सकिन्छ भनेर अहिले काम भइरहेकोछ । त्यसका लागि लगानी कसरी भित्र्याउने र विदेशमा रहेका सीप, दक्षतालाई कसरी भरपूर प्रयोग गर्न सकिन्छ भन्ने पक्षमा जोड दिइरहेका छौं । संसारभर छरिएर बसेका आम नेपालीहरूलाई एकबद्ध गर्दै एकैसाथ मिलेर मुलुकप्रतिको थप जिम्मे वारी र अपनत्व दुवै महसुस गरी अघि बढ्न सकियोस् भन्नेमा नै हाम्रो जोड रहेको छ । हिजोका दिनमा हाम्रो ध्यान लगानी कसरी भित्र्याउन सकिन्छ भन्नेमा थियो भने आजका दिनसम्म आइपुग्दा लगानी मात्रै होइन दक्षता, सीप र वौद्धिकता लाई भित्र्याउनेतर्फ पनि लक्षित रहेका छौं । अझ भनौं, अब हामी दोश्रो अध्यायमा छौं । यो समय भनेको एनआरएनएले के गर्ने र के दिने भन्ने कुराहरूमा जोड दिने हो । जुन कुरालाई मूलधारमा ल्याउने प्रयास अहिले भइरहेको छ । तसर्थ जसरी विश्वका विभिन्न स्थानमा पुगेर पनि आफ्नो ज्ञान, सीप र दक्षता ले ति मुलुकको विकासमा नेपालीले योगदान पुर्याइरहेका छन् हो त्यही ज्ञान, सीप र दक्षताललाई अब कसरी हाम्रो आफ्नै मुलुकमा प्रयोग गर्ने र आर्थिकदेखि प्राकृतिक, प्राविधिक एवं हरेक ती विषय जसमा हाम्रै दाजुभाइ दिदीबहिनी अब्बल छन् ती कुरालाई मुलधार

मा ल्याई स्वदेशको विकास निर्माण र समृद्धिमा समाहित हुनुपर्छ भन्नेमै अहिले हाम्रो टिम लागिपरेको छ। फेरि सरकारले नै गैर आवसीय नेपालीका ज्ञान, सीप र दक्षतालाई नेपालको विकास र समृद्धिका लागि भित्र्याउने नीति तथा योजना अघि सारिरहेको छ। यो योजनामा हामी शत प्रतिशत सकारात्मक छौँ। साँच्चै भन्नुपर्दा हाम्रो चाहाना पनि त यही हो कि हामीले विदेशमा प्रयोग गरिरहेको ज्ञान, सीप आफ्नै मुलुकमा प्रयोग गर्न पाउँ। लगानीको अनुकुल वातावरण पाए जो कोही नेपाली पनि विदेशमा कमाएको पूँजीको प्रयोग गर्न तयार छ। यति मात्रै होइन आफ्नो ज्ञान, सीप, दक्षता र वौद्धिकता लाई प्रयोग गरेर नयाँ अनि समृद्ध नेपालको परिकल्पना पूरा गर्न अत्यन्तै लालायित पनि छौँ। हाम्रो अहिलेको प्रमुख प्राथमिकता पनि यिनै विषयमा केन्द्रित रहेका छन्।

**विधानसभा पनि गर्दै हुनुहुन्छ? विधान संशोधनको आवश्यकता महसुस भएको हो गैरआवासीय नेपालीलाई ?**

परिमार्जन र परिवर्तन हामी सबैको लागि अति आवश्यक कुरा हुन्। फेरि विधान भने को अकाट्य कुरा पनि होइन, यो परिवर्तनशील विषय हो र समयसापेक्ष संशोधन यसको महत्वपूर्ण पक्ष हो। हामीले २००३ देखि नेपाल र नेपाली जनताको आर्थिक विकास अनि समृद्धि भन्दै आएका छौँ। त्यसको लागि संस्थालाई बलियो बनाउनुपर्यो यसमा रहेका सदस्यहरूको व्यवपस्थापन गर्नुपर्‍यो। एनआरएनए एउटा टिम हो त्यसैले टुगेदर वि क्यान भनिन्छ नि हामीले अहिले यही कुरामा जोड दिइरहेका छौँ। किनकी यो संस्थामा म भन्दा पनि हामी र हाम्रो कामलाई अघि बढाउनुपर्छ भन्ने नै हिजो देखिकै हाम्रो मान्यता पनि हो। यसर्थ पनि यसपटक हामी सबै बसेर अबको आवश्यकता के हो, विधानमा के कस्ता कुरा संशोधन गर्न आवश्यक छ लगायत विषयमा प्रभावकारी छलफल गरी ठोस निर्णय लिनेछौँ।

**जनकपुरको रामजानकी मन्दिरलाई झिलिमिली बनाउने प्रतिबद्धता थियो, हाल त्यसको काम कस्तो चल्दैछ ?**

हुन त हामीले यसपालीकै दिवसमा रामजानकी मन्दिरलाई झिलिमिली सुन्दर बनाउन विद्युतीय उपकरण जडान गसिक्ने भनेका थियौँ तर त्यो मन्दिर पुरातात्विक सम्पदा भएकाले पुरातत्व विभागसँग स्वीकृत गराएर मात्रै काम गर्ने र सोही प्रकृयाबाट हस्तान्तरण हुन्छ। चरणबद्ध प्रक्रियामा जाँदा केही समय ढिलो भयो। त्यहाँबाट स्वीकृती आइसकेको छैन। त्यसैले आगामी विवाह पञ्चमीमा मात्रै हस्तान्तरण गर्ने योजना छ। वास्तवमै त्यो दिन यस यो जनाका लागि पनि महत्वपूर्ण दिन हुनेछ। एउटा उत्सवमा अर्को उत्सव थपिनेछ।

**स्वदेशमा लगानीको वातावरणलाई प्रभावकारी बनाउन कस्तो पहल भइरहेको छ ?**

अहिले हाम्रो सम्पूर्ण ध्यान नै स्वदेशमा लगानीको वातावरण निर्माण गर्नमा केन्द्रित छ। पहिलेको कुरा गर्दा सरकारलाई लगानी मैत्री नीति बनाउनका लागि नै दवाव दिनुपर्ने अवस्था थियो, तर अहिले त्यस्तो अवस्था छैन, सरकारले पनि लगानीको लागि बाटो खुल्ला गरिसकेको अवस्था छ। अफ लगानीको सुरक्षा लगायतका विषयमा सरकारसँग लबिङ गर्नेदेखि सहजीकरणको काम भइरहेको छ। हामी गैरआवासीय नेपालीहरूको संयुक्त लगानीबाट देशलाई सकेको जति यो गदान दिने पक्षमा छौँ।

**एनआरएनले उठाएका धेरै एजेण्डामध्ये नागरिकताको कुरा संविधानमा त उल्लेख भयो ऐन पनि बन्यो तर पनि केही अस्पष्टता कायमै छन् किन होला ?**

एनआरएनहरूको नागरिकता सम्बन्धि व्यवस्था संविधानमै गरिसकेको अवस्थामा कार्यान्वयन भनेको त एउटा प्रक्रिया न हो। त्यसैले प्रक्रियागत रूपमा यो व्यवस्था लागू हुनेमा म विश्वस्त छु। सरकारले ल्याएको विद्येयकमा केही कुरा संशोधन गर्न आवश्यक देखेपछि हामीले संशोधनका लागि पुनः संशोधनपत्र दर्ता गरे का छौँ। सम्भवत सरकारले छिट्टै त्यसलाई सम्बोधन गर्छ।

**एनआरएनको अभियानमा अग्रजको भूमिकालाई कसरी लिनुभएको छ ?**

यो अभियानको सफलता नै वास्तवमा उहाँहरूकै देन हो। हामी जुन चरणमा आइपुगेका छौँ त्यसमा हाम्रा अग्रजको भूमिका अतुलनीय छ। उहाँहरूकै योगदानको कारण आज विश्वभर यो अभियान सबैले सर्वस्वीकार्य भएको छ। यसमा हाम्रा अग्रज एवं अभिभावकको योगदान सायदै शब्दमा वर्णन गर्न सकिन्छ। त्यसप्रति म नमन गर्छु। संस्थालाई विश्वव्यापी बनाउन, उपेन्द्र महतोज्यूको यो गदान चिरस्मरणीय छ। यो अहोभाग्य पनि हो की उहाँको पथप्रदर्शनमा हामी अघि बढेका छौँ। देवमान हिराचन ज्यूले संस्थाका लागि गरेका महत्वपूर्ण योगदान वास्तवमै प्रेरणादायी छन्। कृषि क्षेत्रमा सानो लगानीबाटै पनि नेपालको रूप फेर्न सकिन्छ भन्ने उहाँको अवधारणा आज पनि उत्तिकै सान्दिर्भिक छ। जीवा लामिछानेज्यूको पालामा त हाम्रो संस्थाको संरचनामा सास भरिएको थियो। विधिवत रूपमा संस्था दर्ताका लागि उहाँको भूमिका वास्तवमै अहम् छ। निवर्तमान शेष घलेज्यूकै कार्यकालमा महत्वपूर्ण र दीर्घकालिन कामहरू भएका छन्। देशकै लागि ठूला घटना भूकम्प, नाकाबन्दी जस्ता अप्ठ्यारो परिस्थितीमा गैर आवासीय नेपालीलाई नेपाल र नेपालीको सुख दुखको सहयात्रीको उभ्याउन सफल हुनुभयो। हाम्रो केन्द्रिय कार्यलयको भवन निर्माणका लागि घलेज्यूको अथक मिहेनत र प्रयास सदा अविस्मरणीय रहने छ। अग्रजहरूको भूमिका हिजो पनि प्रभावकारी थियो र आजपनि उत्तिकै साथ समर्थन, सल्लाह र संरक्षण कायम छ।

**अन्त्यमा केही भन्न चाहानुहुन्छ ?**

म संसारभर रहेका साथीहरूलाई के भन्छु भने हिजोका दिनमा मुलुकले जुन अवस्थामा थियो, त्यो सकिसकेको छ। अब नेपालमा स्थायित्व कायम भइसकेको छ। अब सबै साथीहरूले आ-आफ्नो ठाउँबाट देशको समृद्धिका लागि के गर्न सकिन्छ मनन् गरौँ। म सबैलाई लगानी गर्नुपर्छ भन्दिन, किनभने सबैले लगानी गर्न सकिन्छ भन्ने छैन। तर, नेपालमा एनआएनएको ठूलो लगानी छ, हामीसँग विज्ञहरु हुनुहुन्छ। संस्था छ। मुलुकमा आउने प्रत्येक राम्रा कुराका लागि सहकार्य आवश्यक पर्छ। त्यसलाई विश्वास गर्नुहोस्। सकारात्मक सोचबाट नै मुलुकलाई आर्थिक समृद्धिको बाटोमा सहयोग गर्न सक्छौँ। जापानमा त्यति ठूलो विनासकारी भूकम्प जाँदा पनि समृद्ध बनेको छ। त्यसैले नेपालमा पनि अब इतिहासको एउटा पात्र बन्ने पाउने मौका आएको छ। त्यसैले तपाईँहरू नछुट्नुहोला भन्ने अनुरोध गर्दछु। पृथ्वीनारायण शाहले नेपाललाई दुई ढुङ्गाबीचको तरूल भनेका थिए, तर म भन्छु नेपाल दुई ठूला अर्थतन्त्रबीचको अवसर हो। यहाँ गर्न सक्ने कुरा धेरै छन्। हामीले साँगुरो सोचाइ राख्नु भएन। आलोचनामा कम काममा बढी ध्यान दिनुपर्यो, मिलेर गरे विकास हुन्छ, मुलुकको समृद्धिले हाम्रै शिर ठाडो हुने हो। त्यसैले आपसी मतभेद र विचारधारालाई सकारात्मक सोचले पुर्नु आजको आवश्यकता हो। अहिले सरकारले 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा अगाडि बढाएको छ। तर, समृद्धका बनाउन कुनै एक जनाले अगाडि बढ्दै मा हुँदैन। प्रत्येक नेपाली, प्रत्येक गैरआवासीय नेपालीले आ-आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्न लाग्नुपर्छ। यो ऐतिहासिक यात्रा हो, हामी जहाँ छौँ। जे गर्दै छौँ, त्यहिबाटै सरकारको यो समृद्धि अभियानमा लाग्नुपर्छ। म भनेर होइन हामी बनेर आउनुस् मिलेर सबै हात एकै साथ भन्ने हाम्रो नारा नै छ त्यसलाई सार्थक तुल्याऊ। अन्त्यमा आउँदै गरेको बडादशमी, दीपावली र छठको उपलक्ष्यमा नेपाल र नेपाल बाहिर रहेका सम्पूर्ण दाजुभाइ दिदीबहिनीलाई शुभकामना दिन चाहान्छु।

# राष्ट्रको समृद्धिनै हाम्रो लक्ष्य हो

साढे एक दशक पहिलेसम्म विदेशमा बस्ने हामी नेपालीहरू नेपाल र नेपालका लागि केही गर्नुपर्छ भनेर व्यक्तिगत रूपमा अलग अलग बसी चिन्तन-मनन गर्थ्यौं । तर, त्यस्ता कुनै पनि प्रयत्न गैरआवासीय नेपालीहरूलाई जोड्ने कडी हुन सकेनन् । त्यसैले एउटा सामूहिक या संस्थागत अभियानको आवश्यकता खड्किरह्यो ।

विदेशमा बसेर हामी जे जस्तो पौरख गरिरहेका छौं या दुःख पाइरहेका छौं । अब पनि देशलाई अगाडि बढाइएन या समृद्ध बनाइएन भने हामी मात्र होइन, हाम्रा सन्ततिले समेत सधैंभरि दुःख पाइरहने भए । त्यही भावनालाई कसरी सही र मूर्त रूप दिने भनेर एकखाले छटपटी भइरह्यो ।

देशलाई समृद्धिको बाटोमा अगाडि लैजाने संयुक्त प्रयास के हुन सक्छ त ? हामीले मस्कोमा बसेर गहन छलफल गऱ्यौं । र, विभिन्न देशमा बसिरहेका साथीहरूसँगको भलाकुसारी र सरसल्लाहपछि मनको अन्तरकुन्तरमा एउटै कुरा भेटियो- एउटा संस्था या एउटा अभियान जरूरी छ । त्यही महसुस गरेर सन् २००३ को अक्टोबरमा गैरआवासीय नेपालीहरूको पहिलो सम्मेलन भयो, नेपालमा ।

*विभिन्न देशमा काम गरिरहेका प्राध्यापक, अनुसन्धाताका साथै विभिन्न क्षेत्रमा रहेका ठूला विज्ञहरूका लागि एउटा 'प्लेटफर्म' हुनेछ, विज्ञ सम्मेलन । नेपालमा कुन कुरा छिटो सिक्न सकिन्छ ? कुन कुरा छिटो उत्पादन गर्न सकिन्छ र नेपालको माटो, हावापानी, यहाँको संस्कृति, आवश्यकता र बजार सुहाउँदो छ ? सम्मेलनमा हामीले विदेशमा पढेका, सिकेका, कमाएका र व्यावहारिक अनुभवका आधारमा विज्ञहरूबीच छलफल चलाउने जमर्को गरेका हौं ।*

अक्टोबर छानिनुको कारण के हो भने विदेशमा बस्ने नेपाली लामो समय घर फर्किएका हुन्नन् । 'फेस्टिभ मुड' मा परिवारसँग बसेर दसैं, तिहार मनाउने चाहना जो कोहीलाई हुन्छ । चाडबाडमा सबैलाई नेपाल जान मन लाग्ने र फर्किने सिजन पनि भएकाले अक्टोबर जति सुहाउँदो महिना अरू के हुन सक्थ्यो ?

गैरआवासीय नेपालीको मर्म, उद्देश्य अनि सही रूपमा अगाडि बढाउन खोजिएका कामबारे नेपाल सरकारसँगै नेपाली दाजुभाइ, दिदीबहिनी जानकार छन् । उनीहरूले के महसुस गरिसकेका छन् भने एनआरएनए वास्तवमै पवित्र सामाजिक संस्था हो । नेपालीको हित अनि नेपालको समृद्धि र विकासका लागि केही गरौं भन्ने एक मात्र भावनाले नै यो संस्था अगाडि बढेको छ । र, गैरआवासीय नेपालीले केही गर्न खोजेका छन्, केही गर्न सक्षम छन् र अति नै इमानदारी र संवेदनशीलताका साथ त्यसमा अगाडि बढिसकेका छन् भनेर नै नेपाल सरकारले ११ अक्टुबरलाई गैरआवासीय नेपाली दिवस मनाउने निर्णय गऱ्यो । यो गैरआवासीय नेपालीका लागि गौरवशाली दिन हो । र, ठूलो जिम्मेवारीको दिन पनि हो । यसले प्रत्येक गैरआवासीय नेपाली मित्रहरूको जिम्मेवारी बढाइदिएको छ । यसमा तपाईंहरूको साथ सदैव आवश्यक छ ।

हामीले संसारभर नै गैरआवासीय नेपाली दिवस मनाउँदै आएका छौं । गैरआवासीय नेपाली दिवस 'फेस्टिभल' का रूपमा मात्र होइन, मातृभूमिप्रतिको माया, जिम्मेवारीका साथै केही गर्न सकिन्छ कि भनेर छलफल गर्ने 'प्लेटफर्म' पनि भएको छ ।

एनआरएनएमा लामो समयसम्म (पुँजी) मात्रै बहसको विषय बन्थ्यो । तर, नेपालको पछौटे-पनमा पैसाको मात्र अभाव हो जस्तो मलाई लाग्दैन । हामीले आर्जन गरेका अथाह ज्ञान र सीपलाई अब मुलुकको समृद्धिका लागि प्रयोग गर्नु जरूरी छ । त्यसैले ज्ञान, सीप तथा प्रविधिबारे बहस सुरु गरौं भनेर यसपालि नयाँ अवधारणा अघि सारेका छौं, विज्ञ सम्मेलन ।

अहिले संसारमा दुईवटा कुराको अति नै महत्व छ, एउटा पैसा र अर्को इनोभेटिभ आइडिया। गैरआवासीय नेपालीहरू अहिले संसारका ठूल्ठूला इन्स्टिच्युट, मल्टिनेसनल कम्पनी र विश्वविद्यालयमा आबद्ध छन् । तिनीहरू विज्ञान



**डा. उपेन्द्र महतो**
प्रमुख संरक्षक एवं संस्थापक अध्यक्ष, गैरआवासीय नेपाली संघ

र कृषिमा निकै अगाडि बढिसकेका छन् । तिनले नयाँ इनोभेसनलाई व्यावहारिक रूपमा कसरी ल्याउन सकिन्छ भनेर मुलुकलाई प्रशस्त योगदान गर्न सक्छन् ।

तिनको ज्ञान, सीप, अनुभवको लगानीलाई पैसासँग मात्र दाँजेर हेर्न मिल्दैन । त्यो ज्ञान, सीप र अनुभवको आधारमा हामीले केही कुरा दिन सक्यौं भने नेपाललाई धेरै ठूलो फाइदा हुन सक्छ । र, नेपालमा यसको ठूलो भविष्य छ भनेर नेपाली मित्र, गैरआवासीय मित्र र विदेशी मित्रहरू लगानी गर्न अगाडि बढ्नेछन् । विज्ञ सम्मेलनको महान् उद्देश्य यही हो ।

विभिन्न देशमा काम गरिरहेका प्राध्यापक, अनुसन्धाताका साथै विभिन्न क्षेत्रमा रहेका ठूला विज्ञहरूका लागि एउटा 'प्लेटफर्म' हुनेछ, विज्ञ सम्मेलन । नेपालमा कुन कुरा छिटो सिक्न सकिन्छ ? कुन कुरा छिटो उत्पादन गर्न सकिन्छ र नेपालको माटो, हावापानी, यहाँको संस्कृति, आवश्यकता र बजार सुहाउँदो छ ? सम्मेलनमा हामीले विदेशमा पढेका, सिकेका, कमाएका र व्यावहारिक अनुभवका आधारमा विज्ञहरूबीच छलफल चलाउने जमर्को गरेका हौं ।

पक्कै पनि वृहत् छलफलपश्चात् नयाँ कुरा, नयाँ आविष्कार र नयाँ क्षेत्रका कुरा पाइनेछ । विस्तृत अध्ययनका रूपमा आउने निश्चित कार्य योजनालाई हामी नेपाल सरकार, नेपालमा भएका विभिन्न संघसंस्था र नेपाली लगानीकर्तालाई दिने छौं । यो अभियानमा गैरआवासीय नेपाली मित्रहरूलाई पनि आह्वान गर्नेछौं । त्यसले आर्थिक रूपमा दीर्घकालीन सोच पैदा गरी अगाडि बढाउन सघाउ पुग्नेछ साथै नेपालको समृद्धिमा ठूलो भूमिका खेल्नेछ ।

एनआरएनए ७९ वटाभन्दा बढी देशमा नेश्नल च्याप्टर रहेको एउटा ठूलो संस्था भइसकेको छ । पहिला विदेशमा बस्ने नेपालीहरू नेपालमा सुरक्षा छैन, भ्रष्टाचार बढी भयो, नेपाल गरिब भयो भनेर मात्र कुरा काटिरहेका हुन्थे । तर, पछिल्लो समय केही गैरआवासीय नेपालीमा मैले नेपालका लागि के गरेको छु त ? नेपालमा गरिबी छ, अशिक्षा छ र मैले बाहिर बसेर कुरा मात्र गर्नुभन्दा नेपालमा सुधारका लागि के गरेको छु त भन्ने गहन भावना समेत जागृत भएको छ । त्यो एकदमै ठूलो कुरा हो ।

साँच्चै राष्ट्रले मलाई के दियो भनेर मात्रै होइन, मैले चाहिँ के दिएको छु त भनेर सोच्ने बेला आएको छ । किनकि हिजोका दिनमा हामीसँग प्रशस्तै बहानाबाजी थिए, मुलुकको परिवेशलाई लिएर, अस्थिरतालाई लिएर । तर, आज फेरि त्यस्तै कुरा दोहोऱ्याइरहनु गलत हो । लामो संक्रमणकालको अन्त्यपछि मुलकमा एउटा सहज वातावरण बनेको छ । सम्भावना देखिएको छ । त्यही सम्भावनाको आडमा हामी मुलुकको भविष्य निर्माणमा योगदान गर्न सक्छौं ।

बुझ्नैपर्ने अर्को महत्वपूर्ण कुरा के पनि हो भने, यस्तो ठूलो संस्थालाई भावनाका रूपमा मात्र होइन, व्यावहारिक र वैधानिक रूपमा अघि बढाउनु समेत जरूरी छ । एनआरएनए नेपालको संसदबाट विशेष कानुन पारित भएर दर्ता भएको संस्था हो । नेपाल सरकारले हामीलाई कति ठूलो इज्जत दिएको छ, गैरआवासीय नेपालीलाई कति मद्दत गरेको छ र उनीहरूबाट नेपालले कति ठूलो आशा राखेको छ भन्ने दर्शाउन यति नै पर्याप्त छ ।

जगजाहेर छ- एनआरएनए ठूलो संख्यामा सदस्य भएको सामाजिक संस्था हो । हाम्रो विधान विभिन्न देशमा भएका नेश्नल च्याप्टर र केन्द्रसँग समन्वय गरी कसरी अघि बढ्न सकिन्छ भन्नेबारे सम्बन्धित छ । यसलाई व्यावहारिक एवं वैधानिक रूपमा कसरी अगाडि लैजान सकिन्छ भन्नेमा हामी दत्तचित्त छौँ । त्यसैले परिवर्तित परिवेशमा धेरै देशमा भएको समितिलाई सबल ढंगबाट सञ्चालन गर्नका लागि हामी एनआर एनएको विधान संशोधन पनि गर्दै छौँ ।

हाम्रो संस्थाका कार्यकारिणी समितिका नेतृत्वमा रहेका साथीहरू जो छन्, उनीहरू आफ्नै काममा व्यस्त हुन्छन् । फुर्सदको बेला सामाजिक संघसंस्थामा पनि समय दिनुपर्ने भएकाले यी सबैलाई सन्तुलन गरेर कसरी अगाडि बढाउन सकिन्छ भनेर अहिले हाम्रो विधानमा के–के थप्नुपर्छ, के–के कुरा हटाउनु पर्नेछ र यसलाई प्राविधिक रूपमा पनि सरल र सहज रूपमा कसरी अगाडि बढाउन सकिन्छ भन्ने विषयमा पनि छलफल गरिनेछ । विज्ञ, कानुन एवं न्यायका क्षेत्र तथा विभिन्न देशमा बटुलेका अनुभवका आधारमा एनआरएनएको विधानमा के कस्तो परिवर्तनको खाँचो देखिएको छ, त्यसलाई केलाएर संशोधन गरिने मलाई पूर्ण विश्वास छ ।

निश्चय पनि प्रत्येक दुई वर्षमा हुने संघको महाधिवेशनमा विभिन्न देशबाट आएका राष्ट्रिय च्याप्टरका प्रतिनिधिहरूले विभिन्न कार्यपत्र प्रस्तुत गर्नुपर्ने र नेतृत्व चयन गर्नुपर्ने भएकाले विधानमा विस्तृत छलफल गर्न हामीसँग समय पर्याप्त हुँदैन् । विधान आन्तरिक कुरा हो । त्यसकारण बन्द सत्रमा नै यसको छलफल गर्नुपर्ने हुन्छ । महाधिवेशनमा समयको अभाव भएकै कारणले नै अहिले विधानलाई छलफल गर्न विशेष विधान सभाको व्यवस्था गरिएको हो ।

कुनै पनि देशको संविधान भनौं या कुनै संस्थाको विधान अपरिवर्तनीय हुन सक्दैन । समय, आवश्यकता र परिस्थिति अनुसार छलफल गरेर संशोधन गर्न सकिन्छ । त्यसै ले एनआरएनएको विधान पनि त्यही अनुसार संशोधन भइरहन्छ । विगतमा सिकेका ज्ञान र भोगेका अनुभवका आधारमा सही र विस्तृत रूपमा छलफल गरेर संशोधन गर्नुपर्छ भन्ने आवश्यकता हामीले महसुस गरेका छौं ।

गैरआवासीय नेपाली दिवसकै बेलामा विधान सभाको पनि बैठक गर्ने र बैठकमा विस्तृत छलफल गरेर त्यहाँबाट आएका कुरालाई प्राथमिकताका आधारमा एनआएनएको महाधिवेशनबाट पारित गरिने छ ।

यसपालि हामीले नेपालको विकासको बाटो मा, नेपालको समृद्धिको अभियानमा र नेपाल सरकारले लिएको 'समृद्ध नेपाल, सुखी नेपाली' को नारालाई आत्मसात गरेर विभिन्न देशमा भव्यताका साथ गैरआवासीय नेपाली दिवस मनाउँदै छौं । हामीले पहिलेदेखि भन्दै आएका छौं- व्यक्तिगत सफलता जुनसुकै उचाइमा पुगे पनि देश समृद्ध भएन भने त्यसको कुनै अर्थ रहँदैन । त्यसैले त हामी 'नेपालीहरूका लागि नेपालीहरूद्वारा' भन्ने नारा लिएर अगाडि बढेका हौं ।

म दोहोऱ्याउन चाहन्छु- अनुसन्धानका साथै विभिन्न विधाका विज्ञ गैरआवासीय नेपाली मित्रहरूको सहभागितामा नेपालमा पहिलो पल्ट विज्ञ सम्मेलन हुन लागेको छ । विज्ञ सम्मेलनमा मैले, हामीले नेपालका लागि के गर्नुपर्छ, के गर्न सक्छौं भन्ने कुरामा छलफल हुन्छन् । गैरआवासीय नेपाली, नेपाल सरकारका प्रतिनिधि, नेपालका विज्ञ, सामाजिक क्षेत्रका प्रतिनिनिधिको छलफलपछि व्यावहारिक रूपमा नेपाललाई समृद्धिको बाटोमा अगाडि बढाउन हामीले के कसो गर्न सक्छौं ? त्यसमा अगाडि बढ्नका लागि म सबैसँग आग्रह गर्न चाहन्छु ।

अन्त्यमा, सम्पूर्ण साथीहरूलाई गैरआवासीय नेपाली दिवससहित आउन लागेका चाडबाड दसैं, तिहार, छठ पर्वको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना दिन चाहन्छु । प्रत्येक नेपाली सुखी, स्वस्थ र समृद्ध होऊन् भनी भगवान्सँग प्रार्थना समेत गर्न चाहन्छु ।

**(डा. महतोसंगको कुराकानीको आधारमा यो लेख तयार गरिएको हो ।)**

# आर्थिक र बौद्धिक लगानी उत्तिकै महत्वपूर्ण छन्



– जीवा लामिछाने
संरक्षक तथा पूर्वअध्यक्ष गैरआवासीय नेपाली संघ

*जीवा लामिछाने गैरआवासीय नेपाली संघको स्थापनाकालदेखि नै लगातार रुपमा सक्रिय रहँदै आउनुभएको छ । नेपालको आर्थिक विकासमा गैरआवासीय नेपालीहरुले सामूहिक लगानीबाटै टेवा पुऱ्याउन सक्ने विश्वास लामिछानेको रहेको छ । संघको संरक्षक तथा पूर्वअध्यक्ष समेत रहनु भएका लामिछानेसँग नेपालमा हुन लागेको विज्ञ सम्मेलनको सम्वन्धमा गरिएको कुराकानीको सम्पादित अंश यहाँ प्रस्तुत गरेका छौं ।*

**गैरआवासीय नेपाली संघलाई किन विज्ञ सम्मेलन गर्न आवश्यक पऱ्यो ?**

राजनीतिक एजेन्डा सम्वोधन भइसकेकाले अब मुलुक आर्थिक विकासमा केन्द्रित हुनेछ । गैरआवासीय नेपाली समुदायको त्यसमा भूमिका रहनेछ भन्ने कुरामा मलाई सन्देह छैन । नेपालको भावी यात्रालाई सफल बनाउन हामीले संसारभरिबाट क्षमताअनुसारको साधनस्रोत जुटाएर, आफ्नो ज्ञान र सिप लगाएर ठूलो उत्साहका साथ हातेमालो गर्नुपर्छ । राष्ट्र निर्माणको यो अभियानमा योगदान गर्नका लागि विदेशमा रहेका प्रविधि, ज्ञान र क्षमतायुक्त मानव संसाधनको बढिभन्दा बढी प्रयोग गर्ने उद्देश्यले यो सम्मेलन गर्न लागिएको हो । नेपालले हामी बाट यही भूमिका अझ व्यापक र विस्तार होस् भनेर अपेक्षा गरेको छ ।

**नेपाल सरकारले देशमा ट्रेन, ग्यास, पानी जहाज, १० औं हजार मेघावाट विजुलीलगायतका महत्वकांक्षी योजना अघि सारेको छ यी योजनामा एनआरएनले कसरी टेवा पुऱ्याउन सक्छन्?**

पूर्वाधार निर्माण, विशेषगरी जलविद्युत उत्पादनमा गैरआवासीय नेपालीले लगानी गरेका छन् । त्यस क्षेत्रमा लगानी अझै बढ्न सक्छ । त्यसैगरी पर्यटन, कृषि आदि क्षेत्रमा पनि केही साथीहरूले लगानी गर्नुभएको छ । वर्तमान कार्यसमितिका साथीहरूले पूर्वाधार निर्माण र ठूला योजनामा लगानी गर्ने उद्देश्यले सरकार को समेत सहभागिता रहने गरी 'सामुहिक लगानी कोष' स्थापना गर्ने दिशातर्फ गृहकार्य सुरू गरिसकेको मैले खबर पाएको छु । सामुहिक सहभागिताका आधारमा सरकारले अघि सारेका योजनाहरूमा गैरआवासीय नेपालीहरूले अवश्य लगानी गर्ने छन् ।

**आर्थिक लगानी छाडेर एनआरएन बौद्धिक लगानीतिर लाग्न थालेको हो भन्न मिल्छ ?**

गैरआवासीय नेपालीको लगानीको कुरा गर्दा आर्थिक र बौद्धिक लगानी उत्तिकै महत्वपूर्ण छन् । आर्थिक लगानीको कुरा गर्दा देशको अर्थतन्त्रलाई कायापलट गर्ने गरी लगानी गर्न सक्ने हैसियत हाम्रो अझै बनिसकेको छैन । पहिलो पुस्ता भएर पनि नेपाली डायस्पोराले छोटो समयमा गरेको प्रगतिलाई कम आँक्न मिल्दैन । केही समययता व्यापार, व्यवसायमा उल्लेख्य प्रगति गर्ने नेपालीको संख्यामा व्यापक वृद्धि हुँदैछ । केही अग्रज नेपालीको सफलता को कथाले अरु नेपालीलाई पनि आफ्नो क्षमताले केही सुरुआत गर्नुपर्ने रहेछ भन्ने भावना जगाइदिएको छ । जोखिम लिनुको सट्टा जागिर खाएर ढुक्कको जीवन गुजार्ने मानसिकतालाई अलिकति जोखिम होस् तर उद्यमी नै बन्नुपर्छ भन्ने भावनाले विस्थापित गर्दैछ । तर गैरआवासीय नेपालीहरूले बौद्धिक क्षेत्रमा अहिले नै ठूलो योगदान गर्नसक्ने सम्भावना मैले देखेको छु । कतिपय बहुउद्देश्यीय कम्पनीका उच्च तहमा अहिले नेपालीलाई भेट्न सकिन्छ । त्यसैगरी विश्वका प्रतिष्ठित विश्वविद्यालय र अनुसन्धान प्रतिष्ठानमा नेपाली समुदायको गर्विलो उपस्थिति देखिइसकेको छ ।

> *राष्ट्र निर्माणको यो अभियानमा योगदान गर्नका लागि विदेशमा रहेका प्रविधि, ज्ञान र क्षमतायुक्त मानव संसाधनको बढिभन्दा बढी प्रयोग गर्ने उद्देश्यले यो सम्मेलन गर्न लागिएको हो ।*

**नेपालमा हुँदै गरेको राजनीतिक स्थायित्वपछि गैरआवासीय नेपालीहरुको भुमिका फेरिएको हो?**

हाम्रो अभियानको मूलमन्त्र नै 'नेपालीका लागि नेपाली' भएकोले हाम्रो भूमिका संधै नेपालको समग्र उन्नतिमा योगदान पुऱ्याउने नै हो । हामीले त्यो मूल भावनालाई कहिल्यै कमजोर हुन दिनु हुन्न । उद्देश्य त्यही हो । त्यसलाई निर्वाह गर्ने बाटो फरक-फरक हुन सक्ला । देशमा अहिले राजनीतिक स्थिरता कायम रहेकोले हामीलाई यो जिम्मेवारी निर्वाह गर्ने राम्रो वातावरण बनेको मैले महसुस गरेको छु ।

**वर्तमान कार्य समितिबारे तपाईंका टिप्पणी ?**

यस विषयमा अहिले टिप्पणी नगरौं । पुरानो कार्यसमितिले सुरू गरेका प्रोजेक्टलाई वर्तमान कार्य समितिले समय मै सम्पन्न गर्नेछौं भनेर कबूल गरेको छ । त्यो समय-सीमासम्म उहाँहरूलाई काम गर्न दिउँ ।

**गैरआवासीय नेपाली समुदायलाई केही भन्नु छ की ?**

हामीले उठान गरेका धेरै मुद्दा सम्बोधन भएर आएका छन् । गैरआवासीय नेपाली समुदायलाई नेपाल सरकार र नेपालको हरेक वर्गले जिम्मेवारपूर्ण समुहको रूपमा लिएको छ । अब मातृभूमिका लागि केही गरेर देखाउने पालो हाम्रो हो । सबै साथीहरूले यो जिम्मेवारीबोध गरेर आ-आफ्नो क्षेत्रबाट सक्दो योगदान गरौं ।

# गैरआवासीय नेपाली र सरकार समृद्धिका सहयात्री



**डा. डमरु बल्लभ पौडेल**
उपसचिव, परराष्ट्र मन्त्रालय
एनआरएन डेस्क

गैरआवासीय नेपालीहरु नेपालका अवैतनिक राजदूत हुन् । विश्वभरि छरिएर रहेका गैरआवासीय नेपालीहरूले विदेशमा स्वदेशलाई चिनाउने काम गरिरहेका छन् । उनीहरूले स्वदेश र विदेशका बीच पुलको काम पनि गरिरहेका छन् । विदेशमा बसे पनि स्वदेशको भाषा, संस्कृति, रहनसहन, चाडपर्वमा सधैँ रमाइरहेका हुन्छन् । उनीहरूलाई स्वदेशको प्रगतिले प्रफुल्लित पारेको हुन्छ भने प्राकृतिक प्रकोपजस्ता विपत्तिले दुखी बनाएको हुन्छ । नेपालमा भूकम्प, बाढी पहिरोजस्ता विपत्ति आउँदा गैरआवासीय नेपालीहरूले मलहमपट्टी लगाउने गरेका छन् । लाप्राक नमुना बस्तीको निर्माण गैरआवासीय नेपालीहरूले गरेको एउटा उदाहरणीय काम हो ।

नेपाल सरकारले गैरआवासीय नेपालीहरूलाई परिचयपत्र दिने, नेपालमा सीमाभित्र रहेर अचल सम्पत्ति खरिद गर्न दिने, लगानी गर्ने प्रक्रियालाई सहजीकरण गर्ने गरेको छ । यस सन्दर्भमा सरकारले गैरआवासीय नेपालीहरूको नेपालप्रतिको अगाध स्नेह, माया र सम्बन्धलाई टुट्न नदिने गरी नीतिगत व्यवस्था गरेको छ । सार्क बाहेकका मुलुकमा बस्ने गैरआवासीय नेपालीहरूको तेस्रो पुस्ता सम्मलाई गैरआवासीय नागरिकता प्रदान गर्ने व्यवस्था गरेको छ । संविधान प्रदत्त यस व्यवस्थाको कार्यान्वयनका लागि सङ्घीय नागरिकता ऐनको निर्माण प्रक्रिया सुरू भइसकेको छ । सरकारको तर्फबाट गैरआवासीय नेपालीहरूलाई प्रदान गरिने सेवाको समन्वय र नीतिगत विषयहरूको सम्बोधन परराष्ट्र मन्त्रालयको नीति, योजना, विकास कूटनीति तथा विदेशमा रहेका नेपाली सम्बन्धी महाशाखाले गर्छ । यसैगरी विदेशस्थित नेपाली नियोगहरूले पनि गैरआवासीय नेपाली सम्बन्धी काम गर्छन् । आर्थिक कूटनीतिका कार्यहरूमा नेपाली नियोगहरु र गैरआवासीय नेपालीहरूको सहकार्य रहने गरेको छ ।

प्रत्येक वर्ष श्रम बजारमा आउने नेपाली युवाहरूलाई स्वदेशभित्र योग्यता अनुसारको रोजगारी दिनु चुनौतिपूर्ण छ । तर क्रमशः रोजगारीका अवसर सृजना गर्दै जान सकिए यो असम्भव भने छैन । नेपाली अर्थतन्त्रका विभिन्न क्षेत्रहरूमा लगानी बढाएर पूँजी निर्माण गरेमा स्वदेशभित्र श्रमको अवसर लागत (इउउयचतगलष्तथ ऋयकत) कायम गरी रोजगारीका अवसर सृजना गर्न सकिन्छ । रोजगारी सृजनाबाट मात्र श्रमका लागि विदेशिनु पर्ने बाध्यताको क्रमशः अन्त गर्न सकिन्छ । यस दिशातर्फ सरकारले प्रयास थालिसकेको छ । तर सरकारको एक्लो प्रयास पर्याप्त छैन । यसै सन्दर्भमा अहिले सरकारले समृद्धिको एजेन्डा ल्याएको छ । राष्ट्रको आर्थिक विकास र जनताको जीवनस्तर उकास्न सरकारका कामहरु निर्देशित छन् । यसका लागि ठूलो लगानीको आवश्यकता छ । सरकारी क्षेत्रको लगानीले मात्र समृद्धि हासिल गर्न अपर्याप्त भएकोले सरकारी, निजी, गैरआवासीय नेपाली सबैको समन्वयात्मक प्रयासको खाँचो छ ।

गैरआवासीय नेपालीहरूसँग सीप र पुँजीमात्र होइन ज्ञान र प्रविधिको भण्डार पनि छ । तर यो ज्ञान र प्रविधि छरिएर रहेको छ । यसलाई एकत्रित गरी मुलुकको विकासका लागिउपयुक्त ज्ञान र प्रविधि हस्तान्तरण (Knowledge and Technology Transfer) गर्नु अत्यावश्यक रहेको छ । यही कुरालाई महसुस गरेर गैरआवासीय नेपाली संघले प्रथम विश्व ज्ञान सम्मेलन (First NRN Global Knowledge Convention) यही अक्टोबर १२(१४, २०१८ मा काठमाण्डौ मा गर्ने तय गरेको छ । यो सम्मेलन यस्तो प्रकारको पहिलो प्रयास हो । यस प्रयासले नेपाल र अन्तर्राष्ट्रिय जगतबीच ज्ञान आदान-प्रदान गर्न मद्दत गर्छ। अहिले को विश्वमा सिर्जनशीलता, अनुसन्धान र नवप्रवर्तनबाट ज्ञानको रहस्य पत्ता लाग्ने र यसको हस्तान्तरणबाट जीवनोपयोगी ज्ञानको विस्तार हुन्छ । गैरआवासीय नेपालीले सुरू गरेको यो प्रयास ज्ञान हस्तान्तरणका सन्दर्भमा धेरै प्रशंसनीय छ ।

तथ्य र प्रमाणका आधारमा बनाइने नीतिहरूबाट मात्र समृद्धिका एजेन्डालाई सफल बनाउन सकिने महसुस गरी हालैमात्र नेपाल सरकारले नीति अनुसन्धान प्रतिष्ठान स्थापना गरेको छ । नीतिगत सुधारका लागि अनुसन्धानबाट आएको निचोडलाई सुझावको रूपमा प्रस्तुत गर्न सरकार बाहिर रहेका स्वतन्त्र अनुसन्धानकर्ताहरूको अझ ठूलो भूमिका हुन्छ । यस सन्दर्भमा गैरआवासीय नेपाली समुदायमा रहेर अन्तर्राष्ट्रिय जगतमै ख्याति प्राप्त गरेका विद्वान, प्राध्यापक तथा अनुसन्धानकर्ताहरूले समेत नेपाल सरकारलाई महत्वपूर्ण नीतिगत सुझाव प्रदान गर्ने र नेपाल सरकारले यी सुझावहरूलाई नीति निर्माण गर्दा लागू गर्नुपर्ने देखिन्छ । यसका अतिरिक्त सरकारले क्रमशः प्रतिभा पलायनलाई निरूत्साहित गरी प्रतिभा प्राप्ति र मानव पुँजी निर्माणमा केन्द्रित भई नीति बनाउनुपर्ने बेला भएको छ ।

नेपालको समृद्धि र विकास तथा नेपालीहरूको उन्नति र प्रगतिबाट मात्र नेपालीले अन्तर्राष्ट्रिय जगतमा गौरव गर्नसक्ने अवस्थाको सृजना हुने भएको ले सरकार र गैरआवासीय नेपाली समृद्धिका सहयात्री बन्नुपर्ने आवश्यकता छ ।

# हाम्रो अभियान गुणात्मक विकास केन्द्रित भएको छ

– डा. बद्री केसी
महासचिव
गैरआवासीय नेपाली संघ



**संस्थागत विकास के कसरी अघि बढीरहेको छ ?**

अहिले हामी विश्वका लगभग ७९ वटा देशमा पुगिसकेका छौं । नेपालीहरू पुगेका वा भनौं अलि धेरै भएका देशहरूमा सबै ठाउँमा हाम्रो उपस्थिती रहेको छ र नेपालीहरू अलि कम पुगेको भनेको दक्षिण अमेरिकी मुलकहरूमा मात्रै हो । हाम्रो अहिलेको मुख्य जोड भनेको संख्यात्मक विकासलाई भन्दा पनि गुणात्मक विकासलाई ध्यान दिनु पनि हो । र यही विषयमा गम्भीर रूपमा प्रयत्नरत छौं । जस्तै ७९ वटा देशमा राष्ट्रिय समन्वय समिति भएपनि ती सबैले हाम्रो ग्लोबल सम्मेलनमा भाग लिन सकेनन् करीब १७ वटा देशमा रहेका समितिहरूले राष्ट्रिय अधिवेशन सकेर अन्तर्राष्ट्रिय महाधिवेशनमा भाग लिन सकेनन् त्यसैले पनि ती देशहरूलाई पनि सक्रिय बनाउने लक्ष्य हाम्रो छ । अहिले ५० लाख विदेशमा रहेका नेपाली हरू मध्य जम्मा ७० हजार मात्र पञ्जिकृत सदस्यहरू छन् । सर्वसाधारण गैरआवासीय नेपलिहरूलाई संस्थाप्रति आकर्षण गराई पञ्जिकृतसदस्य संख्या बढाउनु अर्को लक्ष्य रहेको छ

**विज्ञ सम्मेलन गर्दै हुनुहुन्छ, सम्मेलन किन गर्न लाग्नुभएको हो ?**

संघले अक्टोबरमा विज्ञ सम्मेलनको पूर्वसन्ध्यामा छ । अहिलेसम्म संघको पहलमा नेपालमा पूँजी एवं लगानी भित्र्याउने काममा उल्लेखनीय सफलता प्राप्त भएको छ परोपकारी कामहरूमा पनि हामी अगाडी नै छौं । विभिन्न विषयहरूमा दक्खल भएका, आधुनिक विज्ञानमा संसारकै अग्र पंक्तिमा रहेका विभीन्न विश्व विद्यालय हरूमा अध्यापन गरिरहेका, सोधकार्यमा लागिरहेका, अनुसन्धानमा व्यस्त भएका धेरै नेपालीहरू विदेशमा छन् । उनीहरूको मातृभूमिप्रतिको कर्तव्यबोध पनि छ अहिले नेपालको राजनीतिक वातावरण पनि स्थिर छ तर आफुले सिकेको ज्ञान र हस्तान्तरण गर्ने मध्यम तयार नभएको कारणले गर्दा देशले ति विज्ञहरूको दक्षता उपयोग तथा उपभोग गर्न सकेको छैन यदि ति विज्ञहरूको ज्ञान र सिपलाई पूँजीको साथसाथै प्रयोग गर्न सके देशले चाँडै नै विकासमा ठूलो फड्को मार्न सक्नेछ यसैले नेपाल सरकार र गैरआवासीय नेपालीहरूको संयुक्त प्रयासमा ज्ञान र सिप भित्र्याउने वातावरण तथा माध्यम तयार पार्नको लागि विज्ञ सम्मेलन आयोजना गर्न लागेका हौं ।

**विधानसभा पनि गर्दै हुनुहुन्छ ? त्यसको आवश्कता किन पर्यो ?**

गैरआवासीय नेपाली संघको स्थापना भएको १५ बर्ष पुरा भइसकेको छ संघको संरचना विस्तार तथा कार्यगत विस्तार असाध्यै द्रुत रूपमा भएको छ संघलाई समय-सापेक्ष सुधार गर्न, निर्वाचनलाई व्यवस्थित बनाउन तथा संघको कार्य-प्रणालीलाई अझ चुस्त बनाउन विधानमा व्यापक संशोधन गर्नुपर्ने आवश्यकता महसुस भएकाले विधानसभा आयोजना गर्न लागेका हौ। सो विधानसभामा अन्तर्राष्ट्रिय समन्वय परिषद्का पदाधिकारी एवं सदस्य तथा र ाष्ट्रिय समन्वय परिषद्का प्रतिनिधि एवं संघका संरक्षक, सल्लाहाकार तथा मानार्थ सदस्यहरूले भाग लिनेछन् । हरेक ग्लोबल सम्मेलन गरिने साधारण सभाको बेलामा निर्वाचन पनि हुने भएकाले सबैको एकमुष्ट ध्यान निर्वाचनमै जाने हुन्छ, जसका कारण विधानको विषय ओझेलमा पर्छ, विधानमा गहन छलफल हुन पाउँदैन, त्यसैले गत विश्व सम्मेलनमै छुट्टै विधानसभाको आयोजना गर्ने निर्णय गरेका हौं। हाम्रो विधानमा भएका परिमार्जनहरू, परिवर्तनहरू हाम्रो साधारण सभाले पास गरे पछि नेपाल सरकारको परराष्ट्र मन्त्रालयले पनि प्रमाणीकरण गरेपछि मात्रै हामीले लागू गर्न सकिने प्रावधान छ । त्यसकारणले पनि अन्तर्राष्ट्रिय सम्मेलनका समय पारि विधान संशोधन गरेपनि त्यसमा संशोधनको विषयमा निर्णय भयका विषय वस्तुहरू तुरुन्तै लागु गर्न सकिँदैन अहिले गरेका परिवर्तनहरू परराष्ट्र मन्त्रालयमा प्रमाणीकरण गराउन पनि पर्याप्त समय हुन्छ यसैले अहिले विधानसभा आयोजना गर्न लागिएको हो ।

> **गैरआवासीय नेपाली संघको स्थापना भएको १५ बर्ष पुरा भइसकेको छ । संघको संरचना विस्तार तथा कार्यगत विस्तार असाध्यै द्रुत रुपमा भएको छ्र संघलाई समय-सापेक्ष सुधार गर्न, निर्वाचनलाई व्यवस्थित बनाउन तथा संघको कार्य-प्रणालीलाई अझ चुस्त बनाउन विधानमा व्यापक संशोधन गर्नुपर्ने आवश्यकता महसुस भएकाले विधानसभा आयोजना गर्न लागेका हौ ।**

**सदस्यता वृद्धिका लागि के-कस्ता कदम चालिएका छन् ?**

सदस्यता वृद्धिको लागि संस्था आफैं आकर्षित हुनु पर्छ र सदस्यहरूको लागि आकर्षित गर्ने कार्यक्रमहरू ल्याउनु पर्छ हरेक विदेशमा बस्ने नेपालीहरूले देशप्रतिको कर्तव्य बोध गरिरहेका

हुन्छन्, आफू टाढा रहेकोले व्यवहारमा हाम्रो संघ मात्र उपयुक्त माध्यम बनेको छ संघ मार्फत देशमा विभिन्न परोपकरिका कामहरू भएका छन् । संयुक्त लगानीका कामहरू,

वैदेशिक रोजगारीमा रहेका नेपालीहरूका यावत समस्याहरू समाधान गर्ने कामहरू, ज्ञान सिप र पूँजीलाई देशमा भित्र्याउने कामहरू भएका छन् । जसले सर्वसाधारण गैरआवासीय नेपालीहरूलाई पञ्जिकृत सदस्य बनाउन आकर्षित गर्छ संघकै नेतृत्वमा विदेशमा बस्ने नेपालीहरूको नेपाली नागरिकताको सुनिश्चितता भएको छ, यो संघको उल्लेखनीय सफलता हो । अहिले संस्थामा ७० हजार पञ्जिकृत सदस्य छन् र सो संख्या बढी रहेको छ अब संघले ग्लोबल परिचय पत्रको अवधारणा ल्याएको छ । उक्त परिचयपत्र भएका व्यक्तिहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न सहुलियतको व्यवस्था गरिने छ । वैदेशिक रोजगारीमा गएका व्यक्तिहरूको लागि संयुक्त तथा सामुहिक सुरक्षा कोषको व्यवस्था, बचत तथा पेन्सनको व्यवस्थाको लागि संघले पहल गरिरहेको छ । हामीले विप्रेषण मार्फत पठाएको पूँजीलाई उत्पादन मुलक क्षेत्रमा प्रयोग गरी देश तथा विप्रेषक दुवैलाई फाइदा हुने कार्यक्रमहरू ल्याउँदै छौँ । माइक्रो फाइनान्समार्फत स्वदेशमा नै उद्यम गर्न चाहने युवाहरूलाई सिप हस्तान्तरण सहितका कार्यक्रमहरू ल्याउँदै छौँ । यी सबै कार्यक्रमहरूहरू हामीले सबै विदेशमा बस्ने नेपाली हरू समक्ष जानकारी पुर्‍याउने कार्यक्रम गर्छौं । यस बाहेक हामीले विदेशमा बस्ने नेपालीहरूका बालबच्चाहरूलाई नेपाली भाषा सिकाउने, धेरै नेपालीहरू भएको ठाउँमा नेपाली स्कुल सञ्चालन गर्ने तथा नेपालीहरूलाई विदेशमा नै स्थापित गर्नको लागि सहयोग गर्ने कार्यक्रम सञ्चालन गरिरहेका छौँ ।

**अन्य राष्ट्रिय समिति थप्नका लागि कस्तो काम भइरहेको छ ?**

नयाँ राष्ट्रिय समिति थप्नुभन्दा पनि भइरहेका समितिलाई सक्रिय बनाउनेमा हामीले जोड दिइरहेका छौँ । जस्तै अफ्रिकामा गठन भएका १५ राष्ट्रिय समन्वय समितिहरू मध्य कंगो, साउथ सुडान लिबिया लगायतका ४/५ वटा पनि सक्रिय छैनन् । एशिया प्यासिफिक क्षेत्रमा ब्रुनाई, ताइवान, क्याम्बोडिया, इन्डोनेसिया लगायतका समितिहरू सक्रिय छैनन् । चीनमा नै आन्तरिक कारणले राष्ट्रिय अधिवेशन हुन् सकेन । यूरोपेली मुलुकमै पनि साइप्रस, बुल्गेरिया, ग्रिस, हंगेरी, युक्रेन लगायतका देशमा पनि राष्ट्रिय अधिवेशन हुन सकेको छैन । तसर्थ अहिलेको मुख्य जोड यिनीहरूलाई सक्रिय बनाउने भन्ने नै हो । हाम्रो जानकारीमा रहेका प्रायः नेपालीहरू उल्लेखनीय संख्यामा रहेका सबै देशहरूमा राष्ट्रिय समन्वय समिति गठन भई सकेका छन् । अहिले दक्षिण अफ्रिकी र दक्षिण अमेरिकी मुलुकहरूमा पनि राष्ट्रिय समिति विस्तार गर्ने गृहकार्य भइरहेको छ ।

# एनआरएनएको सचिवालय अब आफ्नै भवनमा

गैरआवासीय नेपाली संघको नागपोखरी स्थित सचिवालय आफ्नै भवनमा सारिएको छ । बालुवाटार स्थित केन्द्रिय भवनको निर्माण सम्पन्न भएलगत्तै संघको आफ्नै भवनको माथिल्लो तलामा सचिवालय सारिएको हो । काठमाडौंको बालुवाटार स्थित प्रधानमन्त्री निवास र सभामुख निवाससँगै ३ रोपनी जग्गामा निर्माणाधीन सो भवन निवर्तमान अध्यक्ष शेष घलेको अथक प्रयासबाट थालनी गरिएको थियो । सन् २०७१ मा १२ करोड ७२ लाख रुपैँयामा खरिद गरिएको जग्गामा निर्माण सुरू गरिएको भवन निर्माणका लागि हालसम्म करीब २२ करोडभन्दा बढी रकम खर्च भइसकेको छ । मुख्य संरचना पूर्ण रूपमा सम्पन्न भइसकेको भवनको अब बाहिरी भागको फिनिसिङको काम मात्रै बाँकी रहेको छ । घले नेतृत्वको पुर्व कार्यसमितिले नै अघि बढाएको यो परियोजनालाई वर्तमान अध्यक्ष भवन भट्टले निरन्तरता दिँदै आफ्नो मुख्य एजेन्डा बनाउनु भएको हो । भवनलाई पूर्ण रूपमा संघको सचिवालयको रूपमा मात्रै सिमित नराखी संघको आन्तरिक खर्च व्यवस्थापन र आर्थिक सहायताको लागि प्रयोगमा ल्याउने यो जना अघि सारिएको अध्यक्ष भट्ट बताउनुहुन्छ । भवनको माथिल्लो तल्लामा संघको सचिवालय राख्ने र अन्य तल्लालाई भाडामा दिने योजना हाम्रो छ, अध्यक्ष भट्टले भन्नुभयो, 'म कोषाध्यक्ष हुँदा ताकाको यो परियोजना मेरै नेतृत्वको कार्यकालमा पूरा भयो ।' 'अब त्यसैले पनि भोलिका दिनमा सचिवालय भित्र हुने खर्च यही भवनबाटै जोहो गरौं भन्ने अवधारणाले पनि हामीले भाडामा दिने योजना बनाएका हौं, 'त्यसैले भवनका अन्य तलामा हामीले संरचना मात्रै बनाएका छौँ, जसमा सम्बन्धित सेवाग्राहीले आफ्नो आवश्यकता अनुसारको संरचना बनाउनु हुनेछ ।' भवन निर्माणका लागि हाम्रा अग्रजको ठूलो भूमिका रहेको छ अध्यक्ष भट्टले भन्नुभयो, शेष घलेज्यूको अथक प्रयासबाट थालनी गरिएको आफ्नै घरको सपना पुरा भएको छ, यसका लागि उहाँको योगदान अतुलनीय छ, पूर्व अध्यक्ष डा. उपेन्द्र महतोज्यू, देवमान हिराचन ज्यू, जीवा लामिछानेज्यूको योगदान, उहाँहरूको प्रयास प्रति म सदैव कृतज्ञछु उहाँहरूले नै देखाउनु भएको बाटोमा अघि बढेकैले पनि आज हाम्रो सपना पुरा भएको हो । उहाँको साथ समर्थन र दिशानिर्देशले भावी दिन पनि सार्थक हुने अपेक्षा गरेका छौँ ।'

भवन निर्माणले एनआरएनहरूको सपना पूरा गर्ने मात्रै नभई विश्वभर छरिएर रहेका नेपाली लाई एकसुत्रमा बाँध्ने अभियानलाई समेत सार्थकता प्रदान गर्ने उपाध्यक्ष कुमार पन्तले बताउनुभयो । आफ्नै भवनमा सचिवालय राख्ने पहिल्यैदेखिको योजना सम्पन्न गर्न आर्थिक एवं अन्य सहयोगी हातहरूलाई उपाध्यक्ष पन्तले धन्यवाद ज्ञापन गर्नुभयो ।



# विज्ञ सम्मेलन विशेषतः ज्ञान, सीप र प्रविधिलाई भित्र्याउने एउटा साझा प्रयास हो



**कुमार पन्त**
संयोजक
एनआरएन विश्व विज्ञ सम्मेलन
तथा उपाध्यक्ष, गैरआवासीय नेपाली संघ



**डा हेम राज शर्मा**
संयोजक
एनआरएन विश्व विज्ञ सम्मेलन
तथा सल्लाहकार, गैरआवासीय नेपाली संघ

**काठमाडौंमा विज्ञ सम्मेलन गर्दै हुनुहुन्छ, विशेषतः यो सम्मेलनको अवधारणा के हो ?**

खास के हो भने, आजसम्म विदेशमा हामीले कमाएको पूंजी मात्रै नेपाल भित्रिरहेको छ, तर अबका दिनमा पूंजी मात्रै होइन, विदेशमा जति पनि नेपाली दाजुभाइ दिदीबहिनीहरू हुनुहुन्छ, उहाँहरूले सिकेको ज्ञान, सीप र अनुभवलाई पनि नेपालको समृद्धिका लागि उपभोग गर्नुपर्छ भन्ने महसुस भएरै यो सम्मेलनको आयोजन गर्न लागेका हौं । गेरआवासीय नेपाली संघले यही अवधारणा अँगालेर अघि बढेको पनि १५ वर्ष भइसक्यो । तर अब यो अवधारणालाई वास्तवमै कार्यान्वयन गर्नुपर्छ भन्ने लागेर नै यो सम्मेलनको अवधारणा ल्याइएको हो । यस अवधीमा पूँजी भित्र्याउने बिषयमा राष्ट्रले नीतिगत निर्णय गरेको छ र यसले परिणाम दिन थालेको पनि छ । विदेशमा नेपाली दाजुभाइ दिदीबहिनीले कमाएको ज्ञान र सीप कसरी भित्र्याउने र यसको लागि राष्ट्रले कस्तो नीति लिने भन्ने विषयमा ठोस बहस सुरु हुन सकेको छैन । यो सम्मेलन मार्फत सोही बहसको सुरुवात गर्न चाहेका पनि हौं । सम्मेलनमा नेपाल सरकारको पनि साझेदारी हुने भएको ले पक्कै पनि ठोस निष्कर्षमा पुग्नेमा हामी आशावादी छौं ।

**सम्मेलनको मुख्य उद्देश्य के हो ?**

विदेशमा बसेर नेपाली दाजुभाई दिदीबहिनीले हासिल गरेका ज्ञान, सीप, र प्रविधिको नेपाल सुहाँउदो प्रयोग कसरी गर्न सकिन्छ भन्ने विषयमा ठोस् निष्कर्ष निकाल्ने र सोही अनुसार को नीति निर्माणमा सरकारको ध्यानाकर्षण गराउने हाम्रो उद्देश्य हो । नेपालमा विद्यमान नीति के कस्ता छन्, विश्वमा के कस्ता नीति अभ्यासमा छन् र तिनीहरूलाई नेपालको परिपेक्ष्यमा कसरी सान्दर्भिक बनाउने भन्ने मा हाम्रो जोड रहनेछ । राष्ट्रले कल्पना गरेको 'समृद्ध नेपाल' निर्माण गर्नका लागि दक्ष गैरआवासीय नेपालीहरूको पहिचान गर्दै उनीहरूको ज्ञान र सीपलाई कसरी सदुपयोग गर्न सकिन्छ भन्नेबारे पनि सम्मेलन केन्द्रित रहनेछ । अझ भनौं हामी यही सम्मेलनमार्फत समृद्ध नेपाल निर्माणका लागि आवश्यक जनशक्ति देखि ज्ञान र सीप हामीसँग पर्याप्त छ कि छैन भन्ने विषयलाई पनि प्रष्ट पार्न चाहान्छौं र 'समृद्ध नेपाल' बनाउन इँटा थप्न चाहान्छौं ।

**नेपालमा यसअघि पूँजी मात्रै लगानी गर्दै आएको मा यसपालि यो नयाँ सोचको विकास कसरी भयो र ज्ञान र सीप भित्र्याउने तर्फ कसरी ध्यान गयो?**

गैरआवासीय नेपालीहरू जसरी आर्थिक रूपमा सवल हुने बाटोमा छन, ज्ञान सीप र प्रविधीको क्षेत्रमा पनि त्यती नै सक्षम छन् । नाम चलेका अन्तर्राष्ट्रिय विश्वविद्यालय, अनुसन्धान केन्द्र देखि लिएर सरकारको नीतिगत तहमा काम गरेका थुप्रै गैरआवासीय नेपालीहरू छन । वैदेशिक रोजगारमा जानेहरू पनि विकसित देशको सीप र प्रविधीमा पोख्त भइसकेका छन् । उनीहरूले आफूले सिकेको सीपलाई नेपाल को लागि सदुपयोग गर्न चाहन्छन् । नेपाल सरकार र एनआरएनले उनीहरुको लागि उपयुक्त वातावरण बनाउनु पर्छ भन्ने सोचका साथ यो सम्मेलन आयोजना गर्न लागिएको हो । त्यसको लागि यो सम्मेलन कोसेढुङ्गा हुने अपेक्षा गरेका छौं ।

**सम्मेलनमा के कस्ता विषयवस्तु समेटिनेछन् ? कुन–कुन क्षेत्रलाई जोड दिइनेछ ?**

पहिलो दिन सम्मेलनको उद्घाटन र दोश्रो दिन चारवटा प्लेनरी सत्र आयोजना हुनेछ । पहिले सत्रमा नेपालको विज्ञान तथा प्रविधीको नीति, प्राविधिक जनशक्तिको अवस्था लगायत विषयमा छलफल हुनेछ । दोश्रो सत्रमा ज्ञानमा आधारित आर्थिक विकास र देशले लिने आर्थिक विकासको बाटोका बारेमा छलफल हुनेछ । तेश्रो सत्रमा नेपाललाई उपयुक्त हुने नयाँ प्रविधीको संभावना र यस क्षेत्रमा लगानी बिषयमा छलफल हुनेछ । साथै नेपालको विकासको नीति निर्माणमा डायस्पोराको कस्तो भुमिका हुन्छ भन्ने बिषयमा केन्द्रित सत्रहरू पनि समाबेश गरिनेछ । दोश्रो दिन कृषि, स्वास्थ्य, शिक्षा, भौतिक विकास तथा ईन्जिनियरीङ, वैकल्पिक उर्जा, विज्ञान तथा प्रविधी, जोखिम न्यूनिकरण, वातावरणीय प्रदुषण देखि लिएर फाईनान्सियल रेफर्म, सामाजिक सुरक्षा लगायतका समानान्तर सत्रहरू रहनेछन् ।

तेश्रो दिनको कार्यक्रममा आमन्त्रितको मात्र सहभागिता हुनेछ, त्यहाँ हामीले सम्मेलनको समिक्षा, निष्कर्ष र भविष्यको रणनीति तयार गर्नेछौं । सोही दिन नेपाल सरकारका विभिन्न निकाय र विज्ञहरू बीच पनि छलफल र परामर्श हुनेछ ।

**यी बिषय सर्वसाधरणको सरोकारसँग कसरी जोडिएका छन् ?**

सम्मेलनका सबै बिषयहरू आम जन जिविकासँग जोडिएका छन् । यसका साथै सरकारका विकासका प्राथमिकता परेका बिषय पनि छन । जस्तो भनौं, कृषि उत्पादन र उर्जामा स्व–निर्भरता, सुरक्षित खाद्य पदार्थ, वातारवणिय प्रदुषण न्युनिकरण, व्यवस्थित शहरको विकास, पुर्वाधार विकास, जलविद्युत, व्यवसाहिक शिक्षा, स्वास्य शिक्षा, संघियतामा शिक्षाको मोडल आदि थुप्रै बिषयमा यस सम्मेलनमा छलफल हुनेछ । नेपालमा कृषिजन्य पदार्थ र जडीबुटिको प्रशोधन तथा व्यावसायिक विधिका लागि इनोभेसन को-क्रिएसन सेन्टर खोली उद्यमशीलता कसरी विकास गर्न सकिन्छ भन्ने बारे छलफल गर्ने छुट्टै सत्रको आयोजना गरेका छौं ।

**यति धेरै बिषयहरु समेटेर परिणाममुखी होला त सम्मेलन ?**

सम्मेलनका बिषयहरू अलि फराकिला भए भन्ने गुनासो हामीले सुन्दै आएका छौं । तर यस्तो खालको सम्मेलन पहिलो पटक हुन लागेको ले सबै क्षेत्रका मानिसहरूको सहभागिता र धारणा प्राप्त होस भन्ने चाहान्छौं । बाहिर बस्ने नेपालीको ज्ञानको भण्डार के हो भन्ने बारे पहिचान पनि भई सकेको छैन । यस सम्मेलनबाट उनीहरूको स्किल डाईरेक्ट्री बनाउने छौं ताकी राष्ट्रले आवश्यकता अनुसार उनीहरूलाई सदुपयोग गर्न सकोस् । साथै सम्मेलन प्रत्येक २ वर्षमा गर्ने पूर्वघोषित निर्णय अनुसार भविष्यमा नेपाल सरकारको प्राथमिकतामा रहेका निश्चित विषयमा मात्र केन्द्रित रहेर आयोजना गर्ने भन्ने योजना छ ।

**सम्मेलनमा क–कसको सहभागिता रहनेछ ?**

नेपाल भित्र र बाहिर कार्यरत विज्ञहरू, नेपालको बारेमा चासो राख्ने विदेशी विज्ञहरू, नेपाल सरकारका नीति निर्माता, स्वतनन्त्र वुद्धिजीवि, नेपालको निजी क्षेत्र, नेपालस्थित कुटनीतिज्ञ लगायत सबै क्षेत्रका विज्ञको सम्मेलनमा सहभागिता रहनेछ । 'रिसर्च एण्ड डेभलेपोमेन्ट' सँग जोडिएका विज्ञ, अनुसन्धान गर्ने संस्था र विश्व विद्यालयहरूका विज्ञहरूलाई हामीले आमन्त्रण गरेका छौं । साथै यो सम्मेलन सर्वसाधरणका लागि पनि खुला गरिएको छ । यद्यपी व्यवस्थापनको लागि केही प्रवेश शुल्क तोकेका छौं ।

**सम्मेलनमा सहभागी हुने विज्ञलाई कसरी परिभाषित गर्नुहुन्छ ?**

ज्ञान, सीप, र प्रविधिका क्षेत्रमा अनुभव तथा ज्ञान हासिल गरेका अथवा सो क्षेत्रमा नयाँ बिचार दिन सक्ने दक्ष, प्राज्ञिक सबै खालका व्यक्तित्व सम्मेलनमा आउनु हुनेछ । सम्मेलनमा सहभागी हुन विश्वविद्यालयबाट डिग्री नै लिनुपर्छ भन्ने छैन । नेपालको लागि उपयोग हुने विदेशमा सिकेका जुन सुकै सीपबारे दख्खल राख्ने व्यक्ति नै सहभागी हुने हो । सम्मेलनमा निजी क्षेत्रबाट पनि सहभागिता रहनेछ किनभने ज्ञान, सीप, र प्रविधीलाई आर्थिक लगानीबाट अलग राख्न सकिँदैन, यी एकअर्काका परिपुरक हुन् ।

**सम्मेलनमा कार्यपत्रहरु कसरी छनोट गर्नुभएको छ, कति जनाको सहभागीता रहन्छ ?**

नेपाल भित्र र बाहिरका विज्ञहरूको एउटा कार्यक्रम कमिटी बनाएका छौं । यही कार्यक्रम कमिटिले छनोट गरेका विज्ञहरूको केही कार्यपत्रहरू छन् भने खुला रूपमा पनि शोधपत्र मागेका छौं । यी कार्यपत्रहरूको रिभ्यु प्रोग्राम कमिटीले गर्छ र छनोट गर्छ । हामीलाई करिब १५० कार्यपत्र प्राप्त भएका छन् भने थप ५० जना प्यानलिष्ट हुनुहुनेछ । अन्य सहभागी सहित करिब ४ सय जनाले भाग लिनेछन् ।

**सम्मेलनमा विदेशीहरु पनि सहभागिता हुन्छ कि ?**

अवश्य हुन्छ, नेपालकाबारे अध्ययन अनुसन्धान गरेका विदेशीहरू पनि यस सम्मेलनमा सहभागि हुनेछन् । खासगरी हामी जस्तै परिवेश भएका तर छोटो समयमा विकासको फड्को मारेका देशका विज्ञहरूको अनुभव हाम्रा लागि प्रभावकारी हुन सक्छन् भनेरै उनीहरूलाई पनि सहभागी गराउन लागिएको हो । जस्तै दिल्ली मेट्रोको ईन्जिनियरलाई हामीले निमन्त्रणा गरेका छौं । उहाँका अनुभव काठमाडौंमा मेट्रो रेल निर्माणमा सहयोगी बन्न सक्छ । युनेस्कोका विज्ञान तथा प्रविधी नीति सम्बन्धि विज्ञको पनि सहभगिता रहनेछ । भारत, ईटाली, अमेरिका, क्यानाडा, अष्ट्रेलिया लगायतका देशबाट करिब १० जना विदेशी विज्ञहरूले सम्मेलनमा भाग लिनेछन ।

**नेपाल सरकारसँग सहकार्य गरिँदैछ, भनेपछि त यस सम्मेलनले नेपालको नीति निर्माणमा पनि केही टेवा पुग्न सक्ला ?**

पक्कै पनि हाम्रो अपेक्षा पनि त्यहि हो । यो सम्मेलन नेपाल सरकारको साझेदारीमा हुंदैछ । सम्मेलनका सबै सत्रमा नेपाल सरकारका प्रतिनिधीहरूको सहभागिता हुनेछ । पहिलो दिनका सबै सत्रहरू नितिगत बिषयमा केन्द्रित हुनेछ । यो सम्मेलनको मुख्य उद्देश्य नै नेपाल सरकारको नीति निर्माणमा सहयोग गर्ने नै हो ।

**सम्मेलन प्राज्ञिक बहसमा मात्र सिमित रहने हो ?**

हामीले यो सम्मेलनलाई बहुआयामिक बनाउन चाहेका छौं । सम्मेलनलाई ज्ञानको मञ्चन गर्नेथलो बनाउने हाम्रो उद्देश्य हो । कसैसँग ईनोभेटिभ आईडिया छ तर लगानी गर्न पैसा छैन भने उनीहरूलाई सम्भावित लगानीकर्ता भेटाउन यो सम्मेलनले सहयोग गर्नेछ । यसको लागि हामीले एउटा छुट्टै सत्रको आयोजना गरेका छौं । विदेशमा ज्ञान, सीप सिकेर नेपाल फर्केकाहरूको अवसर र चुनौती के छ, उनीहरूका अनुभव साट्नको लागि अर्को सत्रको आयोजना गरिएको छ । सो सत्रमा विदेशबाट फर्किएकाहरूको एलुम्नाईका प्रतिनिधीहरूका प्रतिनिधीहरूलाई आमन्त्रण गरेका छौं । यस्तै नेपाली विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने मुलुकका राजदुतहरू, युजीसी, नास्ट जस्ता अनुसन्धानका लागि श्रोत उपलब्धी गराउने निकायहरूको प्रतिनिधीहरू पनि आमन्त्रित छन् । रिसर्च एण्ड डेभेलोपमेन्टलाई नयाँ सिरामा पुऱ्याउन यस्ता अन्तरक्रियाले सहयोग गर्नेछ ।

**सम्मेलनको अनुमानित खर्च कति आंकलन गर्नु भएको छ ?**

१ करोड भन्दा बढी खर्च हुनेछ । यो खर्च एनआरएनए वा सरकारको कोषबाट नभई स्पोन्सर र प्रवेश शुल्कबाट उठाईने छ ।

## शंखमूल पार्क सरसफाई

गैरआवासीय नेपाली संघले निर्माण गरेको शंखमूल पार्क हस्तान्तरण हुनु भन्दा एक साता अगाडि सरसफाइ गरिएको छ । पार्क वरिपर गरिएको सरसफाइमा अध्यक्ष भवन भट्ट आफैं खटिनुभएको थियो भने आईसीसी पदाधिकारी र विभिन्न देशका एनसीसी प्रतिनिधिहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

# एनसीसी फिनल्याण्डद्वारा महोत्तरीका ५५ जना बालबालिकाहरूको अभिभावकत्व ग्रहण



गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् फिनल्याण्डले महोत्तरी जिल्लामा विद्यालय बाहिर रहेका ५५ जना बालबालिकाहरूको अभिभावकत्व ग्रहण गरेको छ । सरकारले सुरुवात गरेको अभिभावकत्व ग्रहण कार्यक्रमलाई सहयोग पुऱ्याउने उद्देश्यले महोत्तरी जिल्लाको रामगोपालपुर नगरपालिकाका बालबालिकको अभिभावकत्व ग्रहण गरिएको हो ।

गत १, अक्टोबर २०१८ का दिन आयोजित एक कार्यक्रमकाबीच शिक्षामन्त्री गिरिराजमणि पोखरेलले सो अभियानको शुभारम्भ गर्नुभएको थियो । सो कार्यक्रममा विद्यार्थीहरूलाई स्थानीय महेन्द्र राष्ट्रिय उच्च मावि र जनता प्राथमिक विद्यलयमा भर्ना गराई झोला, लत्ताकपडा र स्टेसनरी आदी शैक्षिक सामाग्री वितरण समेत गरिएको थियो । शैक्षिक सामग्री, झोला, कपडा र खाजामा गरी प्रति बर्ष हरेक विद्यार्थीले ६,००० रूपैयाँ बराबरको सहयोग प्राप्त गर्नेछन् । शैक्षिक सामग्री वितरण, अनुगमन लगायतका व्यवस्थापकीय कार्यका लागि ६ सदस्यीय संचालक समिति गठन गरिएको छ । अभिभावकहरूलाई आफ्ना बालबालिकालाई नियमित विद्यालय पठाउन तथा घरमा समेत पढ्ने वातावरण सृजना गर्न हरेक वर्ष उत्कृष्ट अभिभावक हरूलाई पुरस्कार र सम्मान प्रदान गरिने एनआरएनए फिनल्याण्डले जनाएको छ ।

अभिभावकत्व ग्रहणका लागि श्रोत जुटाउन गत अगष्टमा फिनल्याण्डको राजधानी हेलसिन्किमा मैत्रीपूर्ण दौड प्रतियोगिता रन फर नेपालको आयोजना गरिएको थियो । भर्ना गरिएका विद्यार्थीहरलाई उनीहरूले विद्यालय शिक्षा पूरा गरून्जेल सहयोग प्रदान गर्न पहल गरिने एनआरएनए फिनल्याण्डले जनाएको छ । कार्यक्रमको दिगोपनका लागि शिक्षा मन्त्रालय तथा रामगोपालपुर नगरपालिकाले समेत आवश्यक सहयोग गर्ने प्रतिवद्धता जनाएका छन् ।

# कृषि मन्त्रालय र गैरआवासीय नेपाली संघले संयुक्त अध्ययन कार्यदल गठन गर्ने

गैरआवासीय नेपाली संघ कृषि प्रवर्द्धन समितिले कृषि, भूमि व्यवस्थापन तथा सहकारी मन्त्री माननीय चक्रपाणी खनालसँग भेटघाट गरी प्रारम्भिक अवधारणा पत्र प्रस्तुत गरेको छ । गैरआवासीय नेपालीहरूले विदेशमा आर्जन गरेको ज्ञान, सीप र लगानी नेपालको कृषि क्षेत्रमा लगानी गर्ने बारेमा भेटघाटमा छलफल भएको थियो । भेटघाटमा संघका उपाध्यक्ष कुमार पन्त, समिति संयोजक युवराज गुरूङ, सामाजिक उद्यमशिलता समितिका संयोजक लोकराज शर्मा, त्रिभुवन विश्वविद्यालय कृषि तथा पशुविज्ञान अध्ययन संस्थानका डीन प्रा. डा. केशवराज अधिकारी, समितिका युरोप संयोजक मोहन मिश्र, एन.आर.एन.ए. एकेडेमीका संयोजक डा.प्रमोद ढकाल, संघका काठमाडौँ स्थित सचिवालय प्रमुख डा. हेमन्त कुमार दवाडी तथा समिति सचिव श्रीराम घिमिरेको उपस्थिति थियो । संघका तर्फबाट उपाध्यक्ष कुमार पन्तले माननीय मन्त्री समक्ष सहकार्यका लागि प्रस्तावपत्र पेश गर्दै गैरआवासीय नेपालीहरूले जलविद्युत, बैकिङ लगायत क्षेत्रमा गरेको लगानी एउटा उचाइमा पुगेको सन्दर्भमा अबको लगानी नेपालको कृषि उत्पादन वृद्धिमा हुनु पर्ने धारणा व्यक्त गर्नु भएको थियो ।

संघले विदेशमा विभिन्न क्षेत्रमा सिकेको ज्ञान, सीप, प्रविधि र कौशल नेपालको हितमा उपयोग गर्ने सम्बन्धमा गैरआवासीय नेपाली र नेपालप्रति चासो राख्ने विदेशी विज्ञ सम्मिलित सम्मेलन आगामी अक्टोबर १२ देखि १४ मा काठमाडौँमा आयोजना गर्न लागेको विषयमा जानकारी गराउँदै उपाध्यक्ष पन्तले सम्मेलनको केन्द्रमा कृषि विषयको बहस हुने जानकारी गराउनुभएको थियो ।

भूमि व्यवस्थापन, पूँजी लगानी,विदेशबाट प्रविधि आयात एवं हस्तान्तरण तथा कृषि क्षेत्रमा गैरआवासीय नेपालीको संलग्नता लाई सुरक्षित गर्ने विषयहरुमा छलफल केन्द्रित भएको थियो । भेटघाटका क्रममा नेपालमा गैरआवासीय नेपालीहरूले कृषि क्षेत्रमा लगानी गर्दाको विद्यमान अवस्था, चुनौती, अवसर तथा नीतिगत समस्याहरू पहिचान गर्न मन्त्रालय एवं गैरआवासीय नेपाली संघका प्रतिनिधि सम्मिलित एक अध्ययन कार्यदल गठन गर्ने विषयमा छलफल भएको थियो ।





# सुन्दर शंखमुल पार्क

के साँच्चै बागमतीको सेरोफेरोमा आन्तरिक र बाह्य पर्यटकको भीड लाग्न सक्छ ? मानिसहरू झुम्मिएर फोटो खिचिरहेका अनि बटुवाहरूले टक्क उभिएर हेर्न लायक वातावरण बन्न सक्ला? नदी छेउ-छाउमा फोटो खिच्नेदेखि एकैछिन सुस्ताउने स्थानको निर्माण सम्भव होला त ? हामीले यस्तै यस्तै प्रश्न बारम्बार हाम्रो छलफलमा उठाउने गरेका थियौँ सन् २०१४ ताका अलि पछि हामीले सोचेजस्तै अवधारणा तत्कालिन सरकारका मुख्य सचिव लीलामणी पौडेल सहितको नेतृत्वले सुरू गरेपछि हामी वास्तवमै हौसियौँ ।

हामीले स्थान छनोट गर्‍यौँ, पवित्र बागमती नदीको किनारमा रहेको शंखमुल घाट । हिन्दु धर्मावलम्वीहरू शंखमुल घाटलाई मृत्युपछि मोक्ष प्राप्त गर्ने पवित्र स्थानको रूपमा लिने गर्छन् । पुरातात्विक महत्वका कैयौं मन्दिर, धारा तथा पोखरीहरू रहेको सो घाटको दुरावस्थालाई हामीले सुरन्दरतामा परिणत गर्ने योजना बनायौँ र २७ जुन २०१४ मा गैर आवासीय नेपाली संघ र बाग्मती नदीको दक्षिण किनारमा अवस्थित शंखमुल क्षेत्रमा खुला हरित स्थल तथा पार्क निर्माण गर्न बाग्मती करिडोर विकास गर्न गठित उच्चस्तरीय समितिसँग एउटा समझदारी पत्रमा हस्ताक्षर पनि सम्पन्न गर्‍यौं । मे १०, २०१६ मा शंखमुल पार्क निर्माणका लागि एक बोलपत्र आह्वान गरियो । त्यस्तै २१ अगष्ट २०१६ मा संघ तथा निभा जेभी स्पेसक्राफ्ट नामक कंपनीबीच परियोजना कार्यान्वयन सम्झौ-तामा हस्ताक्षर भयो । बाग्मती नदी सफाइ अभियानको नेतृत्व गरिरहनु भएका नेपाल सरकारका तत्कालिन मुख्य सचिव लीलामणि पौड्यालले शंखमूल पार्क निर्माणको उद्घाटन गरेपछि हामीले स्वच्छ सफा हराबरा बागमतीको सेरोफेरा कल्पना गर्‍यौं र त्यसलाई मूर्त रुप दिने काम अघि बढायौँ ।

*हामीले स्थान छनोट गर्‍यौँ, पवित्र बाग्मती नदीको किनार मा रहेको शंखमुल घाट । हिन्दु धर्मावलम्वीहरू शंखमुल घाटलाई मृत्युपछि मोक्ष प्राप्त गर्ने पवित्र स्थानको रुपमा लिने गर्छन् । पुरातात्विक महत्वका कैयौं मन्दिर, धारा तथा पोखरीहरु रहेको सो घाटको दुरावस्थालाई हामीले सुरन्दरतामा परिणत गर्ने योजना बनायौं ।*



*कुल आचार्य*
*उपाध्यक्ष, गैर आवासीय नेपाली संघ तथा संयोजक शंखमूल पार्क परियोजना*

हाम्रो उद्देश्य भनेकै, बाग्मती नदीको अग्रभागको उपयोग गर्दै खुला हरित स्थल तथा पार्कको निर्माण गर्ने, पुरातात्विक तथा ऐतिहासिक रूपले महत्वपूर्ण शंखमुल घाट क्षेत्रको प्रवर्द्धन गर्ने, नेपाल सरकारद्वारा बाग्मती सभ्यताको एकीकृत विकासकालागि गठित उच्चस्तरीय समितिले सञ्चालन गरिरहेको बाग्मती सरसफाइ अभियान लाई सहयोग पुराउने, तथा शंखमुल घाट नजिक बाग्मती नदी किनार क्षेत्रको अतिक्रमण रोक्ने थियो ।

हामीले राखेका उद्देश्य प्राप्त गर्न पहिलो कडी अर्थात आर्थिक संयन्त्र खडा गर्नु आवश्यक थियो । भनिन्छ नि, काम गर्छु भन्नु जति ठूलो कुरा हो, त्यो भन्दा ठूलो कुरा काम सम्पन्न गरेर देखाउनु। त्यही चुनौती आत्मसात गरेर परियोजनालाई अगाडी तत्कालिन अध्यक्ष शेष घले, पूर्व अध्यक्षहरू डा. उपेन्द्र महतो, जीवा लामिछाने, पूर्व संरक्षक रामप्रताप थापा, संस्थापकमध्येका एक डा. निरज गोविन्द श्रेष्ठ लगायत गैर आवासीय संघका अग्रजहरू एवं अन्य एनआरएनहरूको भूमिका अहम रह्यो ।

संघको च्यारिटी टास्क फोर्स कोअर्डिनेटर को रूपमा म शुरू देखि नै पार्कको निर्माण योजनासँग परिचित थिएँ त्यसैले पनि होला जब भवन भट्ट नेतृत्वको हालको कार्यसमिति बन्यो कार्यसमितिले मलाई शंखमुल पार्क हेर्ने जिम्मेवारी सुम्पिनु भयो ।

पार्क निर्माणका लागि सबै जना उत्साहित देखिनुभयो । सरकारको साथ र नैतिक समर्थन हामीलाई प्रशस्तै थियो । म स्मरण गर्छु त्यतिबेला स्पेनको बार्सिलोनामा भएको युरोपेली क्षेत्रीय बैठकका सहभागीहरू तथा एनसीसीहरूले शंखमुल पार्क निर्माणका लागि झण्डै एक करोड ४२ लाख रूपियाँ सहयोग गर्ने वचन दिनुभयो। उच्च मनोबलका साथ निर्माण कार्य सुरु त





गरियो तर हामीले सोचेको जस्तो काम सजिलो थिएन ।

निर्माण सुरू गरे लगत्तै भूकम्प, नाकाबन्दीको कारण योजना निर्धारित समयमा सम्पन्न गर्न सकिएन । निर्माण अवधि लम्बिएकै कारण हाम्रो लागत पनि बढ्यो । परियोजनाको प्रारम्भिक लागत अनुमान रू १ करोड ८२ लाख ६५ हजार ६ सय २९ रूपैयाँ रहेकोमा थप काम सहित अन्तिम अनुमानित लागत ३ करोड २२ लाख ३० हजार ६ सय ९९ पैसा सम्म पुग्यो। पार्कका लागि विश्वभरबाट सहयोगको प्रतिबद्धता गरिएको भएपनि परियोजनाको अवधि बढेसँगै बढेको लगानी धान्न पुनः अर्को चरणको सहयोगको खाँचो थियो । त्यसैले यसै वर्षको शुरुमा शंखमुल पार्कका लागि सहयोग जुटाउन एनआरएनए आइसीसीको छलफलबाट एक उच्चस्तरीय शंखमूल पार्क परियोजना समिति गठन गरियो र अध्यक्ष भवन भट्ट लगायत अन्य पदाधिकारी साथीहरूको निरन्तर सहकार्यका साथै काठमाडौंस्थित सचिवालयको निकट सहयोगमा अभियानले मूर्त रूप सफल भयो ।

समितिको अध्यक्षमा संघका केन्द्रिय अध्यक्ष भवन भट्ट, संयोजकमा संघका केन्द्रिय उपाध्यक्ष कुल आचार्य अर्थात म स्वयं तथा सहसंयो-जकमा लोकराज पौडेल (अष्ट्रेलिया), विराज भट्ट (युके), मनोज गोर्खाली (मध्यपूर्व), कृष्ण पाण्डे (हङकङ), सुरेन श्रेष्ठ (युएसए) तथा द्वारिका महर्जन (नर्वे), सल्लाहकारहरूमा चिरन्जीवी ढकाल (युके), दिल गुरूङ (जर्मनी), सोनाम लामा (युएसए), निरजगोविन्द श्रेष्ठ (बेलारूस) र डमर घले (युके) लगायत छौँ । त्यसैगरी फण्डरेजीङ कोअर्डिनेटरहरूमा शालिकराम डुम्रे (चीन), नवराज शिवाकोटी (दक्षिण कोरिया), केश गुरूङ (अष्ट्रेलिया), हरि राम्जाली (अष्ट्रेलिया), प्रमोद दुवाडी (अष्ट्रेलिया), केशव सापकोटा (अष्ट्रेलिया), दिपेन्द्र महर्जन (अष्ट्रेलिया), यादव देवकोटा (अष्ट्रेलिया), दीपक घिमिरे (युएसए), रामेश्वर बुर्लाकोटी (युएसए), टेकबहादुर रूवाली (युएसए), दुर्गा दाहाल (युएसए), भरत अर्याल (युएसए), धनराज ढकाल (युएसए), खडक उप्रेती (युएसए), पुरण गिरि (युके), सुवास पोखरेल (युके), सुरेन्द्र त्रिपाठी (सउदी अरेबिया), जोन अर्याल (साउदी अरेबिया), सुदिप अर्याल (फिनल्याण्ड), शैलेन्द्र अधिकारी (डेनमार्क), त्रिलोचन सापकोटा (डेनमार्क), डि बि कँडेल (जापान), ओम शर्मा (बेल्जियम), टकं लम्साल(जर्मनी), ददि अर्याल (क्यानडा), अमीर गुरूङ (हल्याण्ड), शालिक गौतम (हल्याण्ड) र इश्वर रिजाल (पोर्चुगल) समेत जोडिनुभयो ।

त्यसैगरी स्टेयरिङ कमिटिमा म लगायत जानकी गुरूङ, सोम सापकोटा, सुवास अधिकारी तथा हेमन्त दवाडी सहित हामी सबैको साझा पहल र हातेमालोकै प्रतिफल स्वरूप यो परियोजना सफलतापूर्वक निर्माण सम्पन्न गर्न सफल भयौँ ।

केही समयअघिसम्म किनारमा पार्क विकास गर्ने कुरा हुँदा कुनै समय कसैलाई विश्वास थिएन तर, शंखमुलमा बनेको पार्कले बागमती किनार मा पार्क बनाउन सकिन्छ भन्ने दरिलो प्रमाण दिएको छ । पार्कमा ढकमक्क फूल फुलेका छन्, हरियो दुबोले कंक्रिट शहर हेरेर दिक्क भएका को मन केहीबेर भएपनि प्रशन्न तुल्याउन सक्छ। नदीको डिलमा लगाइएका रूख विरूवाले फोहोर नदीको गन्धलाई पनि नियन्त्रण गरेको छ । मल्लकालिन सभ्यताको झल्को दिने यो घाटमा बनाइएको ठूलो शंखाकृतीले सबैको ध्यान खिचेको छ । बटुवाहरू टक्क अडिएर पार्कको अवलोकन गर्छन् अनि युवायुवती फोटो खिच्न झुम्मिन्छन् । आसपासका स्थानीय पनि प्रशन्न छन् । प्राकृतिक वातावरणमा समय विचरण गर्ने हरूका लागि पनि पार्क विकल्प बनेको छ ।

वास्तवमै यो परियोजनालाई परिकल्पनाबाट यथार्थमा परिणत गर्न सघाउनुहुने संघका पदाधिकारी साथीहरू,केन्द्रिय सचिवालय, संसार भरिबाट परियोजनाको निर्माणका लागि आर्थिक सहयोग गर्नुहुने एनसीसी तथा एनआरएन मित्रहरू सबै मुरीमुरी धन्यवादका पात्र हुनुहुन्छ ।

हामी सबैको हात एकै साथ भन्ने हाम्रो नारा परियोजनामार्फत सार्थक भएको छ । अनेकौँ समस्याका बाबजूद हाम्रो बागमती सेरोफेरोलाई सून्दर बनाउने सपना केही हदसम्म पूरा भएको छ । अनि साँच्चै, आज फेरि एकपटक शंकमूल पार्क पुग्दा बागमती ब्यूँतिएको महसुस भएको छ । म यहाँहरू सबैलाई पनि बिदामा नेपाल पुग्दा एकपटक शंखमुल पार्क अवलोकन गर्न आग्रह गर्दछु । साथै नेपालमा रहनुहुने सम्पूर्ण दाजुभाइ दिदीबहिनीलाई पनि पार्क अवलोकन गर्न अनुरोध गर्दछु ।



# रेमिटेन्सको सदुपयोग बढाउन जरुरी




*– आर के शर्मा*

*एनआरएनए मध्यपूर्व संयोजक*


> *भविष्यमा देशमा फर्कदा खाली हात अझ दीर्घरोग बोकेर, कोही अंगभंग भएर फर्कदै गर्दा हाम्रो जीवनयापन कसरी चलाउने भन्ने कहालीलाग्दो अवस्था देखिएको छ । तसर्थ श्रमिकका विभिन्न समस्याहरू सम्बोधन गर्नुका साथै रेमिट्यान्सको सही सदुपयोग गर्न सरकार जाग्नुपर्छ । र, विदेशमा श्रम गरेर सिकेका ज्ञान सीप राष्ट्रको विकासमा कसरी उपयोग गर्न सकिन्छ भन्ने मार्गचित्र सरकारले कोर्नुपर्छ ।*

'नेपालीका लागि नेपाली' भन्ने मूल नारासहित सन् २००३ मा स्थापना भएको गैरआवासीय नेपाली संघ एनआरएनले आज आफ्नो सञ्जाल ७८ भन्दा बढी देशमा फैलाउन सफल भएको छ । विभिन्न समस्यासँग जुध्दै नेपालीले पनि अवसर पाए भने धेरै राम्रा काम गर्न सक्छन् भन्ने कुरालाई आत्मसात गराउँदै मातृभूमि नेपालबाट कोसौं टाढा विदेशमा रहेका नेपाली दाजुभाइ दिदीबहिनीका समस्यामा साथ दिन तथा उहाँहरूसँग भएका सम्भावनालाई उजागर गर्न आत्मबल बढाउन, होस्टेमा हैंसे गर्दै आज हाम्रो यो महान अभियान यहाँसम्म आइपुगेको छ। खास गरेर मध्यपूर्वमा र हनुहुने २० लाख भन्दा धेरै नेपाली दाजुभाइ दिदीबहिनीहरू मूलतः आफ्नो कामको शिलशिलामा रहनुभएको छ ।

मध्यपुर्वमा भाषा, कानून तथा सूचना अभाव लगायत विविध कारणले जेलजीवन बिताइरहनुभएका, काम गर्ने क्रममा अंगभंग भएकारको समस्या विकराल बन्दै गएको छ । स्वास्थ्य तथा सुरक्षाका बारेमा चेतना अभावले अकालमा ज्यान गुमाउनु परेको अर्को तीतो यथार्थ पनि सँगै छ । यो प्रवृत्तिलाई सन् २००३ बाट नियाल्ने हो भने यस्ता समस्याको वृद्धि नेपालबाट रोजगारीका लागि आउने दाजुभाइ दिदीबहिनीको संख्या जत्तिकै वृद्धि भएको छ । त्यो पनि बदलिँदो स्वरूपमा । २००३ कै कुरा गर्ने हो भने वैदेशिक रोजगारीको क्रममा कसैले मृत्यु भइहाले पनि हात फैलाएर एक-एक रियाल संकलन गरेर शव नेपाल पठाउनुपर्ने अवस्था थियो । यो समस्याले आजका दिनमा पनि विकराल रूप नै लिएको छ, न कि कम भएको छ । यहाँ आउने नेपाली दाजुभाइ दिदीबहिनीले तोकेअनुसार पारिश्रामिक नपाउनु, विभिन्न क्षेत्रमा काम गर्दै जाँदा अझ निर्माण क्षेत्रमा काम गर्दा सुरक्षा तथा विभिन्न सुरक्षात्मक विधि प्रयोग नगर्दा अंगभङ्ग हुने, कामकै शिलशिलामा ज्यानैसम्म गुमाउनुपर्ने, स्वास्थ्य सम्बन्धी ज्ञानको कमी, यहाँको मौसमी वातावरणको जानकारी नहुनु तथा भाषाको अज्ञानताका कारण, अन्जानमा गल्ती गर्दा तथा कहिलेकाही गल्ती नगर्दा पनि अनाहकमा जेलजीवन बिताउनु परिरहेको छ । विदेश आउनु रहर होइन, बाध्यता हो । यता कन्स्ट्रशन साइट (निर्माण क्षेत्र) मा इँटा उचाल्दै गर्दा उता नेपालमा मेरा छोराछारीले किताब कापी उचाल्न पाउन् भनेर, बुवा आमाको उपचारको लागि केही जुटाउन सक्छु कि भनेर, हामीले जस्तो दुस्ख उनीहरूलाई नहोस् भनेर सोचीरहेको अवस्था छ ।

तर, यहाँ काम गर्दै जाँदा हामीले भोग्नुपरेको समस्याको चाङ ठूलै बनिसकेको छ । रोजगारीका शिलशिलामा यहाँ भोग्नुपरेका समस्याको बारेमा लामो समयदेखि हामीले आवाज उठाउँदै आएका छौं । नेपाल सरकारले पनि विभिन्न क्षेत्रमा र विभिन्न समयमा हाम्रा समस्याहरू सुन्ने प्रयास गरेको छ । तर, सरकारले यी समस्या जुन गतिमा सुनुवाई गर्नुपर्ने हो त्यो गतिमा हुन सकेको छैन ।

हामीले यहाँ कमाएको सम्पूर्ण रकम नेपालमै पठाउने गरेका छौं । आजको दिनमा कुल ग्राहर्थ उत्पादनको २६ प्रतिशत विप्रेषणले समेटेको छ ।

तर, त्यो विप्रेषणको अधिकांश हिस्सा अनुत्पादक क्षेत्रमा खर्च भइरहेको छ ।

विशेषगरी ३०-३५ वर्षका युवाहरु जसले श्रम बेचिरहनुभएको छ, अब १०-१५ वर्षपछि उनीहरूको भविष्य वास्तवमै अन्योलपूर्ण हुने पक्का छ, किनकी आजका दिनमा उनीहरूले पठाएको रेमिट्यान्सको ६० प्रतिशतभन्दा बढी रकम अनुत्पादक क्षेत्रमा खर्च भइरहेको छ । विदेशबाट पठाएको रेमिट्यान्सलाई उत्पादन-शील लगानीमा रूपान्तरण गराउन कुनै ठोस कदम नेपाल सरकारले चाल्न सकेको छैन । विदेशबाट पठाएको रेमिट्यान्सलाई उत्पादन-शील क्षेत्रमा लगानी गर्ने र गराउने वातावरण बन्न सकिरहेको छैन ।

भविष्यमा देशमा फर्कदा खाली हात अझ दीर्घरोग बोकेर, कोही अंगभंग भएर फर्कदै गर्दा हाम्रो जीवनयापन कसरी चलाउने भन्ने कहालीलाग्दो अवस्था देखिएको छ । तसर्थ श्रमिकका विभिन्न समस्याहरु सम्बोधन गर्नुका साथै रेमिट्यान्सको सही सदुपयोग गर्न सरकार जाग्नुपर्छ। र, विदेशमा श्रम गरेर सिकेका ज्ञान सीप राष्ट्रको विकासमा कसरी उपयोग गर्न सकिन्छ भन्ने मार्गचित्र सरकारले कोर्नुपर्छ ।

मध्यपूर्वमा घरेलु कामदारसँगै श्रमिकका समस्या, नयाँ श्रम व्यवस्था र २ वर्षसम्मका लागि टिकटको बीमा, दूतावासमा स्थानीय कानूनी परामर्श परामर्शकर्ता राख्नुपर्छ । कम्तिमा पनि १ देखि २ जना कानूनी विज्ञ राख्न सके नेपाली दाजुभाइ दिदीबहिनीले आफ्ना समस्या राख्न पाउँथे । र, काउन्सिलिङको लागि दूतावासमै व्यवस्था गर्नु आजको आवश्कता र माग पनि हो । श्रमिकका समस्या समाधानका लागि जनचेतना फैलाउनु आवश्यक छ, चाहे त्यो रोजगारीमा आउनु पूर्व होस्, चाहे आइसके पछि । तसर्थ यी समस्या समाधानका लागि सरकार र एनआरएन मिलेर अघि बढ्न सकिने प्रशस्त सम्भावना छ । त्यसो गर्न सके यहाँ आएर पाउने दुस्खलाई निर्क्योल गर्न सकिन्थ्यो । अकालमा ज्यान गुमाउने र दुस्ख पाउने को समस्यामा पनि न्यूनीकरण हुथ्यो । साथै वैदेशिक रोजगारीमा जाने युवाका लागि भाषा, सीपमुलक तालिम तथा फर्केर आएका युवाका लागि प्रोत्साहन विदेशीस्थित नेपाली नियोग मार्फत विदेशमा पुनस् श्रम एवं अनुगमनको व्यवस्था, श्रम स्वीकृति कार्यन्वयन, श्रम सीप बैंकको स्थापना, अनलाइन प्रणालीमार्फत समस्या एकद्वार प्रणालीबाट सुन्नुपर्ने, फ्रि टिकट र भिषाको कार्यान्वयन लगायतमा पनि सम्बोधन र आवश्यक पहल गर्नु सरकारको दायित्व हो ।

यद्यपी पछिल्लो समय नेपालका सबै राजनीतिक दल एवं सरकारले आर्थिक एजेन्डा लाई प्राथमिकतामा राखेर अघि बढ्ने ऐक्यबद्धता जनाउदै समृद्ध मुलुकको परिकल्पना गरिहँदा विदेशमा बसेका नेपालीहरू पनि आफ्नो आर्थिक र बौद्दिक कमाईलाई नेपालमा लगानी गर्न प्रोत्साहित बनेका छन् । विदेशमा सिके को सीप, प्रविधि तथा प्रणाली बुझेका नेपाली व्यवसायी एवं दाजुभाई दिदीबहिनीहरू आफ्नो देशमा आएर सिकेको कुरा लगानी गर्न आतुर छन् । नेपालको राजनीतिक एजेन्डामा खासै वास्ता नगर्नेहरू पनि आर्थिक विकास र देश समृद्धिको विषयमा भने चासो राख्न थालेका छन् । देश संघीयतामा गएको र राजनीतिक स्थिरता पनि भएको हुँदा अब लगानीको वातावरण बन्न सक्ने र आफूले सिकेको सीप मुलुकमै प्रयोग गर्न पाइन्छ कि भनेर सरकारको ठोस रणनीतिको पखाईमा उनीहरू छन् ।

विदेशका ठूला ठूला गगनचुम्बी महल देखि विकासका पूर्वाधार बनाउन नेपाली इन्जिनियरदेखि अन्य श्रामिक कामदारको प्रयोग भइरहेको छ तर नेपालमा साना पुल पुलेसा बनाउनदेखि सुरूङ एवं सडक बनाउन समेत विदेशी कामदारलाई प्रयोग गर्नुको विकल्प छैन । विदेशका ठूला फाइभ स्टर होटेलमा काम गरिरहेका नेपालीले त्यही सीप स्वदेशमा प्रयोग गर्न सक्छन् इजरायल जस्तो मरूभूमिमा लहलह धान फलाउने, हराभरा बनाउने सीप आफ्नै भूमिमा प्रयोग गर्न सक्छन् । त्यसका लागि मुलुकमा सुरक्षित लगानीको वातावरण बन्नु जरूरी छ । चाहे त्यो लगानी सीपसँग सम्बन्धित होस् चाहे पूँजीसँग । नेपालमा भित्रिने कुल रेमिट्यान्सको ५५ प्रतिशत मध्यपूर्वबाट आउँछ । तर त्यो क्षेत्रमा कार्यरत गैरआवासीय नेपालीहरू विभिन्न अप्ठ्यारोमा पर्दा सहज सहयोग पाउने वातावरण बनिरहेको छैन । अधिकांश रेमिटयान्स अनुत्पादक क्षेत्रमै खर्च भइरहेको छ । त्यसो त सीप र प्रविधिकै कुरा गर्दा पनि त नेपालीहरूले विदेशमा लामो समय बसेर सिकेको सीप स्वदेशमा प्रयोग गर्ने उचित वातावरण बन्न सके को छैन । अबका दिनमा त्यस्तो स्थिति नआओस् भनेर पनि सरकारसँग मिलेर यसपटकको विज्ञ सम्मेलनको आयोजना गरिएको हो ।

आशा छ, यो प्रयास मुलुकमा पूँजी सँगसँगै ज्ञान, सीप र प्रविधि भित्र्याउन कोसेढुङ्गा सावित हुनेछ ।

# एनआरएनए नाइजेरियाद्वारा रक्तदान कार्यक्रम सम्पन्न

गैरआवासीय नेपाली संघ, नाइजेरियाको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । १६ सेप्टेम्बर २०१८ मा नाइजेरियाको लेगोसमा रोटरी क्लब लेगोस र महाराष्ट्र मण्डल नाइजेरियाको संयुक्त आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा अध्यक्ष जनक बिष्ट, उपाध्यक्ष वीरेन्द्र गुप्ता, महासचिव रोशन थापा, कोषाध्यक्ष रोहित भाङ्र,सचिव अभिषेक सिंह, प्रकाश अर्याल, आस्मा खडका, भरत रिजाल, सुकमल सरकार, चन्द्र घिमिरे, शंकर बर्मा, सागर सिंह, सन्दीप रावत, भिम थापा लगायत ८३ जनाले रक्तदान गर्नु भएको अन्तर्राष्ट्रिय समन्वय परिषदका कोषाध्यक्ष हिक्मत थापाले जानकारी गराउनुभयो ।





# नेपाली डायस्पोरा र सञ्चारबीचको अन्तरसम्बन्ध

- भगीरथ योगी



आजको युग सूचना र प्रविधिको युग हो। बिहान उठेदेखि राती नसुतेसम्म संसारको जुनसुकै कुनामा पुगेपनि हामी कुनै न कुनै किसिमको सञ्चार प्रविधि प्रयोग गरिरहेका हुन्छौं । अझ मोबाइल फोनमै इन्टरनेटको उपलब्धताले संसारलाई अरू साँघुऱ्याइदिएको छ । अहिले संसारभरि मोबाइल फोन प्रयोगकर्ताहरूको संख्या ५ अर्ब नाघेको अनुमान छ ।

नेपाल जस्तो विकासशील मुलुकदेखि बेलायतजस्तो विकसित मुलुकमा पनि समाज र सन्चारमाध्यमबीचको सम्बन्ध कस्तो हुनुपर्ने हो भन्नेबारे विवाद र बहस कायमै छ। बेलायतमा पत्रपत्रिकाहरूले अस्वस्थ प्रतिस्पर्द्धाकाबीच मानिसहरूको निजी जीवन तथा गोपनीयतामाथि अतिक्रमण गरी एउटा गलत अभ्यास गरिरहँदा लर्ड जस्टिस लेभेसनको अध्यक्षतामा गठित आयोगले झण्डै ६ वर्ष अघि सन्चारमाध्यमहरूको स्वतन्त्रता तथा जिम्मेवारीबारे गहन सुझावहरू दिएको थियो। तर ती सुझावलाई कसरी लागू गर्नेभन्नेबारे बहस भने अझै जारी छ ।

नेपालको संविधान २०७२ अन्तर्गत २०७५ भाद्र १ गतेदेखि लागू भएको मुलुकी (फौजदारी) संहिता २०७४ तथा मुलुकी (देवानी) संहिता २०७४ लगायतका केही ऐनमा रहेका कानुनी प्रावधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गरेको भन्दै नेपालभित्र तथा बाहिर का संस्थाहरूबाट पनि आलोचना तथा विरोध भैरहेको छ । खासगरी संविधान निर्माणका बेला लोकतन्त्र, संघीयता, स्वतन्त्र न्यायपालिका, भ्रष्टाचार निवारण, महिला विरूद्ध हिंसा जस्ता विषयमा दह्रोरूपमा कलम चलाउँदै आएको नेपाली प्रेस जगत आफ्नो स्वतन्त्रताकै बारेमा संवेदनशील हुनु स्वाभाविक पनि हो ।

अहिले केही समययता हरेकदिन जसो महिला तथा बालिकाहरूमाथि भैरहेको हिंसा र विभेदका खबरहरू सार्वजनिक भैरहेका छन् । कन्चनपुर-की बालिका निर्मला पन्तको बलात्कार पछि हत्या तथा रौतहटकी संझना दासको एसिड प्रहारका कारण भएको मृत्युजस्ता घटनाका दोषीलाई कारवाही गरी यस्ता घटना दोहोरिन नदिन नेपाली सन्चारमाध्यमले निरन्तर खबरदारी गरिरहेका छन्।

तर सरकारी सञ्चारमाध्यम तथा निजी क्षेत्रका केही प्रमुख मिडियाबाहेक अन्य सन्चार माध्यमहरूमा काम गर्ने अधिकांश पत्रकारहरूले


> *"नेपाली समुदायको एउटा विशेषता भनेको जहाँ पुगेपनि आफ्नो पहिचान, आफ्नो पन र नेपाली मन जोगाएरै राख्ने प्रयास गर्ने हो । त्यसैले युरोपदेखि अष्ट्रेलियासम्म, अमेरिकादेखि जापानसम्म मन्दिर तथा सामुदायिक भवनहरु बनाउने, स-साना नानीहरुका लागि नेपाली भाषा कक्षा सञ्चालन गर्ने, दशैं, तिहार, छठ, ल्होसार जस्ता चाडपर्व हर्षोल्लासका साथ मनाउने एवम् नेपाल वा आफु बसेको मुलुकमा पनि कल्याणकारी कामहरुमा सघाउने प्रवृत्ति बढेर गएको छ, जुन अत्यन्तै सकारात्मक पक्ष हो । यी सबै गतिविधिहरुलाई सार्वजनिक गर्न सञ्चारमाध्यमहरुको महत्वपूर्ण भूमिका रहन्छ ।"*


लेखेरै बाँच्नसक्ने स्थिति अझै बनी नसकेकाले कैयौं विकृति र विसंगतिहरू बेलाबेलामा देखिने गरेका छन् । त्यस्तै पत्रकारहरूलाई उचित तालीम र प्रशिक्षण दिइ उनीहरूको क्षमता विकास गर्ने क्षेत्रमा पनि धेरै काम गर्न बांकी नै छ। त्यसविषयमा छुट्टै चर्चा गर्नु उपयक्त हुनेछ।

### प्रवासी नेपाली समुदाय र डायस्पोरा मिडिया

अब हामी एकछिन प्रवासी नेपाली समुदाय र सन्चारमाध्यमहरूबीचको अन्तरसम्बन्धबारे केही चर्चा गरौं ।

छिमेकी भारतमा नेपाली समुदाय गएर काम गर्ने तथा त्यतै बसोबास समेत गर्ने प्रचलन कैयौं दशक पुरानो हो । तर अमेरिका तथा युरोपेली मुलुकहरूमा गएको बीस, तीस वर्षदेखि ठूलो संख्यामा नेपालीहरू बसोबास गर्ने प्रचलन बढ्दै गएको छ । त्यस्तै खाडी राष्ट्र तथा मलेसियामा कार्यरत लाखौं नेपाली कामदारहरूको हक, हित सुरक्षित गर्नुका साथै उनीहरूलाई एकताको बिन्दु पहिल्याउन सघाउन पनि मिडियाको प्रमुख भूमिका रहन्छ ।

नेपाली समुदायको एउटा विशेषता भनेको जहाँ पुगेपनि आफ्नो पहिचान, आफ्नो पन र नेपाली मन जोगाएरै राख्ने प्रयास गर्ने हो । त्यसैले युरोपदेखि अष्ट्रेलियासम्म, अमेरिकादेखि जापानसम्म मन्दिर तथा सामुदायिक भवनहरू बनाउने, स-साना नानीहरूका लागि नेपाली भाषा कक्षा सञ्चालन गर्ने, दशैं, तिहार, छठ, तिज, ल्होसार जस्ता चाडपर्व हर्षोल्लासका साथ मनाउने एवम् नेपाल वा आफु बसेको मुलुकमा पनि कल्याणकारी कामहरूमा सघाउने प्रवृत्ति बढेर गएको छ, जुन अत्यन्तै सकारात्मक पक्ष हो । यी सबै गतिविधिहरूलाई सार्वजनिक गर्न सञ्चारमाध्यमहरूको महत्वपूर्ण भूमिका रहन्छ ।

प्रवासमा रहेका नेपाली मिडियाहरू विभिन्न प्रकारका छन् । अनलाईन समाचार तथा सामाजिक एवम् मनोरन्जनात्मक पोर्टलहरू, रेडियो, टेलिभिजन, साप्ताहिक, पाक्षिक वा मासिक पत्रपत्रिका तथा म्यागाजीनहरूको संख्या बढ्दै गएको छ । त्यस्तै आफ्नो संस्थाको गतिविधिहरू समेटेर सामयिक प्रकाशन गर्ने तथा साहित्यिक पत्रपत्रिका एवम् वेभसाइटको माध्यमबाट नेपाली साहित्यको प्रवर्द्धन गर्ने प्रयासहरू पनि निकै सह्राहनीय छन् । यी सबै गतिविधिहरूको एकमात्र उद्देश्य प्रवासी नेपाली समुदायबीच एकता र सद्भाव कायम राख्दैन नेपालसंगको संबन्ध सुदृढ तुल्याउने नै हुन् । डायस्पोरा मिडियाले यसतर्फ सकारात्मक भूमिका निर्वाह गरिरहेको देखिन्छ।

त्यसो त नेपाली डायस्पोराद्वारा सञ्चालित मिडियाले व्यहोर्नपरेका समस्याहरू पनि निकै छन् । यी मिडियाहरू धेरैजसो व्यावसायिकरूपमा भन्दापनि शोख वा आ-आफ्नो समुदायमा पहिचान कायम गर्ने उद्देश्यले संचालन भैरहेको देखिन्छ । केही वर्ष अघि मैले स्वीट्जल्याण्डमा बसोबास गर्ने दुईजना युवा मित्रहरूलाई भेटे को थिएँ, जसले दिनभरि कामबाट आएपछि र ाती आआफ्नो वेबसाइट अपडेट गर्ने गरेको बताउनुभएको थियो । यसरी कुनै प्रतिफलको आशा नगरी आफ्नो अमूल्य समय नेपाली समुदायमा लगाइरहेका सयौं सञ्चारकर्मीहरूले प्रवासमा रहेको नेपाली समुदायलाई जोडन महत्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन् । हाम्रो समाजले त्यस्ता अथक परिश्रमीहरूको पहिचान र संमान गर्ने बेला आइसकेको छ ।

अर्कोतर्फ कमीकमजोरीका पक्षहरू पनि छँदैछन्। खासगरी ब्लगहरू मार्फत कुनै व्यक्ति, संस्था वा निकायको खोइरो खन्ने र आधारहीन लेखहरू छापेर चरित्रहत्या गर्ने प्रयास गर्ने, नाङ्गा तस्वीरहरू छापेर अश्लीलता फैलाउने जस्ता कामहरू पनि भैरहेका देखिन्छन् । यस्ता गतिविधिलाई स्व-नियन्त्रण, स्वअनुशासन तथा सामाजिक दबाबका माध्यमबाट समयमै रोक्न सकिएन भने यसले प्रवासी नेपाली समुदायमाझ नराम्रा विकृतिहरू फैलाउने स्पष्ट छ । यस्ता विकृतिहरूलाई नियन्त्रण गर्नकालागि पत्रकार हरूका पेशेवर संगठनहरू जागरूक र अरू बढी सक्रिय हुनु आवश्यक देखिन्छ ।

**मिडिया जोगाऔं, समुदायलाई सशक्त तुल्याऔं ।**

बिर्सन नहुने कुरा के छ भने प्रवासी नेपाली समुदायको दरिलो सहयोग र समर्थन बिना डायस्पोरा मिडिया बाँच्न वा फस्टाउन सक्दैनन् । गएका केही वर्षयता कैयौं पत्रपत्रिका बन्द भैसकेका छन् भने अरू कैयौं घिटिघिटि अवस्थामा छन् । त्यसैले पत्रपत्रिकाको ग्राहक बनेर, ग्राहक शुल्क नियमितरूपमा तिरेर, आ आफ्ना संघसंस्थाका सदस्यहरूलाई पत्रपत्रिका तथा टेलिभिजनको ग्राहक बन्न प्रेरित गरेर साथै आ-आफ्ना व्यवसायको विज्ञापन दिएर प्रवासी नेपाली समुदायले डायस्पोरा मिडियालाई सघाउन सक्छन् ।

त्यस्तै गैरआवासीय नेपाली संघले विभिन्न मुलुकमा रहेका आफ्ना राष्ट्रिय समितिहरूलाई स्थानीय सन्चारमाध्यमहरूसँग सहकार्य गर्न र उनीहरूलाई सक्दो सघाउन प्रेरित गर्न पनि आवश्यक छ। ढुंगाको भर माटो, माटोको भर ढुंगा भनेझैं आपसी सहयोग र सहकार्यबाट मात्र नेपालबाहिर रहेका नेपाली मिडियालाई जोगाउन सकिन्छ । त्यसो भयो भने डायस्पोरा मिडियाले प्रवासी नेपाली समुदायलाई अरू सशक्त र कृयाशील तुल्याउन अझ बढी योगदान पुऱ्याउने अपेक्षा पनि गर्न सकिन्छ ।

बीबीसी नेपाली सेवासँग सम्वद्ध लेखक बीबीसी विश्वसेवाको लण्डनस्थित मुख्यालयमा कार्यरत छन् ।

## हङकङमा अन्तरक्रिया कार्यक्रम




गैरआवासीय नेपाली संघका अध्यक्ष भवन भट्टको प्रमुख आतिथ्यतामा १८ अगष्ट २०१८ मा एनसीसी हङकङले एक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ । उक्त अन्तरक्रिया कार्यक्रममा हङकङ, चीन र मकाउका पदाधिकारी तथा एनएका सदस्यहरूबीच आफ्ना मुलुकले गरेका गतिविधिहरूबारे एक आपसमा जानकारी आदानप्रदान भएको थियो ।

## एनआरएनए र पुनर्निर्माण प्राधिकरणका प्रमुख ज्ञवालीबीच छलफल

गैरआवासीय नेपाली संघका पदाधिकारी र राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सुशील ज्ञवालीबीच गोरखाको लाप्राकमा संघद्वारा जारी पुनर्निर्माण सम्बन्धमा छलफल भएको छ । ४ सेप्टेम्बर २०१८ मा भएको छलफलका क्रममा सिइओ ज्ञवालीले एनआरएनएले बनाइरहेको एकीकृत नमूना वस्तीको पुनर्निर्माण शीघ्र सम्पन्न गर्न आग्रह गर्नुभयो । लाप्राकको एकीकृत बस्ती सम्पन्न हुँदा भूकम्प प्रभावित अन्य क्षेत्रमा पनि सकारात्मक सन्देश जाने भन्दै ज्ञवालीले बस्ती पुनर्निर्माण शीघ्र सम्पन्न गर्न आग्रह गर्नुभएको थियो ।

ज्ञवालीले बाँकी कार्यको निश्चित समयरेखा निर्माण गरी काम गर्न र त्यहाँ आर्य आर्जनको पनि योजना बनाउन पनि सुझाव दिनुभयो । उहाँले भन्नुभयो, प्राधिकरणले पुनर्निर्माणका क्रममा एकीकृत नमूना बस्तीलाई प्रोत्साहन गर्ने नीति लिएकोले लाप्राकको एकीकृत बस्ती पुनर्निर्माणको अनुभव अन्य क्षेत्रलाई पनि अनुशरणयोग्य हुनेछ । सीइओ ज्ञवालीले पुनर्निर्माणको कार्य शीघ्र सम्पन्न गर्न प्राधिकरणका तर्फबाट आवश्यक पर्ने सहयोगका लागि तयार रहेको पनि बताउनुभयो। एनआरएनएका अध्यक्ष भवन भट्टले मौसमी कठिनाइ, सामान ढुवानीका लागि बाटोको समस्या तथा विकटताका बाबजुद लाप्राक पुनर्निर्माण कार्य शीघ्र सम्पन्न गर्न आफूहरू कटिबद्ध रहेको बताउनुभयो । उहाँले भौतिक पुनर्निर्माण सकिएपछि होमस्टे सहितका पर्यटन प्रवर्द्धन, विभिन्न कृषि तथा पशु विकासका कार्यक्रमहरूको बारेमा योजना बनाइएको जानकारी सिइओ ज्ञवालीलाई गराउनुभयो । छलफलमा प्राधिकरणका कार्यकारी सदस्यद्वय धुव्रप्रसाद शर्मा र डा चन्द्र बहादुर श्रेष्ठ, एनआरएनका महासचिव डा बद्री केसी, लाप्राक बस्ती पुनर्निर्माणका परियोजना निर्देशक सुभाष अधिकारी लगायतको पनि सहभागिता थियो ।

## सिन्धुलीगढी परियोजना हस्तान्तरण हुँदै

गैरआवासीय नेपाली संघ र कमलामाई नगरपालिकाबीच सिन्धुलीगढी जिर्णोद्धार एवम् पुनर्निर्माण गर्ने सम्फौता भएको थियो । ऐतिहासिक महत्व बोकेको सो गढीको पुरातात्विक संरचनाको संरक्षण र पुनर्निर्माण गर्ने गरूयोजना तयार भइसकेको छ । गुरूयोजनाका लागि २०७४ माघमा संघ र कमलामाई नगरपालिकाबीच सहमति भएको थियो । उक्त गुरुयोजनालाई गैर आवासीय नेपाली दिवसको उपलक्ष्य पारी हस्तान्तरण गर्ने योजना रहे को गुरुयोजनाका संयोजक डि. बी क्षेत्रीले जानकारी दिनुभएको छ ।

# Kathmandu's 20 years Rail Vision

Dr. Binod L. Amatya, *MICE*
Twitter: @binodlalamatya




Figure 1 Proposed metro rail map for the Kathmandu Valley



## Background

Kathmandu, the capital and economic hub of Nepal, is in danger of becoming stagnant due to poor transport infrastructure. Life is a daily struggle in the capital for commuters. The existing transport network is fragmented and 'connectivity' of the old and new settlements in the Kathmandu valley barely exists.

The valley is in a need of a comprehensive urban design, infrastructure planning and development. In order to make the capital connected, organized, vibrant for 21st century, a radical change in its transportation infrastructure is essential. Such change will only be possible through the development of a modern urban railway network within the valley.

A new mode of transport in the valley, that is metro system, is central to regeneration of our city and revitalising the economy of the whole country. Bus Rapid Transit (BRT system) in the capital is a shortsighted vision and will not solve the transport problems of the capital in the long term. Neither does the proposed mono-rail in the Ring Road. The city is in a need of a mass rapid transit system, a system that could operate at speeds greater than 40 kilometres per hour and transport thousands of people every hour from one corner to the other corner of the valley.

## Crossrail in Kathmandu

When planning an urban metro rail to service the city and sub-urban areas in the valley, the concept of 'Crossrail in Kathmandu' is necessary. The concept comprises the establishment of railway routes crossing the city, which can rapidly connect the suburban areas. As Crossrail of Kathmandu, two lines are proposed namely the Kathmandu Line and Patan lines as shown on the route map. The Kathmandu line runs east to west whilst the Patan line runs north to south of the valley. The current effort of the Investment Board to carry out a detail feasibility study of the route connecting Dhulikhel to Nagdhunga is a true reflection of the comprehension of the 'Crossrail concept'.

Kathmandu is the national hub. The city core area, located within the Ring Road, is the Central Activity Zone (CAZ) of the capital and a Prime Opportunity Area (POA). This area is in a need of better connectivity with other growing 'opportunity areas' (OAs) around the valley for intra-hub (travel within hub) connectivity. Thus, the proposed two lines will pass through the CAZ and will connect suburban areas such as Budhanilkantha in the north, Chapagau and Gogadabari in the south, and Thankot in the west and Sankhu and Banepa in the east.

## Metro rail network for the greater Kathmandu

In addition to the two Crossrail lines, the Bishnumati Line is proposed to facilitated further connectivity at an intra-hub level. This line also passes through the CAZ and connects suburban areas such Darmasthali in the north and Chobhar and Dakshinkali in the south. The CAZ will be further facilitated by a circle line named as Chakrapath Line, which could follow the current alignment of the Ring Road.

Urban rail network is not just a transportation facility; it is also an instrument to restructure our city. In this regard, satellite towns can be built by extending the rail network to many suburban areas and developing a railway station at the heart of the new settlements. In this regard, the outer circle line named as Valley Line is proposed for further intra-hub level connection. This line will connect suburban areas of the valley such as Bungamati, Thecho, Badegaun, Lubhu, Gokarna, Kapan, Tokha, Ramkot, Balambhu, Satungal, and Bhatkepati.

With the introduction of a modern transport system, care is essential to preserve the uniqueness of the 'historic old settlements' of the suburban areas. In this regard, the old settlements need to be rehabilitated, but in the meantime can be regenerated by developing a 'sister' town in the vicinity and such towns will be connected with the railway network. In this regard, it is proposed that railway stations are located at the outskirts of the old settlements. Such proposed railway stations are named as New Bungamati, New Thecho, New Badegaun, New Lubhu, and New Kirtipur.

Currently, no orbital connection exists in these suburban areas and interconnectivity is very poor. Realising the fact the government is attempting to build the second Ring Road. However, such introduction could bring in huge risk of further urban sprawl in the sub-urban area and further damage to the environment of the valley and destruction of the unique heritage so far remained intact. This could be avoided with the introduction of the Valley Line. This will allow new development within and around the metro stations area only.

## Underground/ Elevated metro system

Metro rail in the Kathmandu Valley can be developed in three ways:

- Surface tracks (At-grade)
- Elevated tracks and
- Underground bored tunnels.

As the city is densely populated and the city roads are very narrow, a metro by tunnels is the best option in the densely populated areas of Kathmandu, Lalitpur and Bhaktapur. In general, the metro should be underground in the core areas of the city within the Ring Road, while it could be a combination of surface and elevated tracks outside the Ring Road. Tunnelling would be the best option for a metro rail network in the core urban area because it would avoid disruption in the urban settlement during the construction and operation, avoid expensive land/property acquisition for the new infrastructure, maintain historical value of the city keeping local heritage intact. Tunnels could be safely built in the prevailing geological and geotechnical conditions of the Valley.

## Business hubs in Kathmandu

Kathmandu will inevitably continue to grow. Many OAs have already evolved at many parts of the valley in recent years. The city has a great potential to be an important economic hub for Sino-Indian Trade. Thus, certain parts of the valley outside the CAZ should be developed as the business hubs of the capital and connect them with railway lines. Locations such as Chobhar and Banepa are proposed for the $21^{st}$ century business hubs of Kathmandu.

The first location is promising due to favourable ground conditions. A rocky outcrop of considerable size at Chobhar will enable economical construction of high-rise buildings with few engineering problems. Proper planning of the area, using it to attract headquarters of major banks or businesses will enable it to be developed as a future business hub of Kathmandu in a similar way to that by which Canary Wharf in




Figure 2 Interconnectivity of business hubs within the Valley

London or Manhatan in New York were developed. Proximity of the area with the POA adds value to such development. The proposed Kathmandu - Hedauda Tunnel

Highway also passes through Chobhar. A wider vision of such a business hub could result from the government current effort to develop a dry port in Chobhar.

The second proposed location 'Banepa' is already an established business transit to the northern boarder. Interconnectivity of these two business hubs at Chobhar and at Banepa via metro rail will expedite economic prosperity of the Valley and bolster the economy of the whole country.

## National and International Connection

A broader vision should be adopted while planning the metro-rail network within the valley. Since it is impossible to connect every corner of the city just by the metro, a bus network serving metro stations should also be developed. It is essential to connect the metro system with the proposed regional/national railway network for inter-hub (travel between hubs) connection. Only with such connection, grand success of metro will materialise.

In addition, the prospect of a Trans-Himalayas railway connection between Kathmandu and Tibet (China) should be taken into consideration as well. Studies have shown that there are a few alternatives for connection between Kathmandu and Tibet and the connection could come as close as to Banepa, Sankhu, Tokha or Dharmasthali.

## Strategic Development

A phased development is an appropriate way to achieve this bold mission. Detail feasibility study is necessary to finalise the exact alignment of the routes and put these proposed routes/lines in a priority order to build. A pilot scheme should be initiated to test the performance and popularity of the metro system. Kathmandu Line connecting Bhrikutimandap and Banepa could be a best section to launch the metro system in Kathmandu as a pilot scheme.

With a mission to achieve the proposed complete rail network (Figure 1) with national and possible international connections within next 20 years, if action can be taken now, Kathmandu can be transformed, the city will be future proofed and the dream of a new prosperous Nepal ensue with success. In this regards, the current efforts of the Investment board, the Department of Railway and Kathmandu/Patan Metropolitan Authorities to conduct metro feasibility studies at different parts of the city can be regarded good initiatives. However, these organisations seem to be working in isolation and such development initiatives will not produce meaningful output with a piecemeal approach. Strategic coherent effort, leadership and visionary thinking are missing in the current attempts. An integrated broad vision with a combined effort of all relevant government bodies is essential.

## Conclusions

The metro rail network is the only sustainable solution for keeping the capacity city moving for the present and future. The introduction of such system is vital for environmental sustainability, economic prosperity and the quality of life in Kathmandu. Such development could rejuvenate and regenerate the historic valley. We must embrace much bolder thinking with insight and vision. Our thinking should embrace the next 20 to 50 years. Lack of vision, action, and investment for the capital city has left the valley full of urban sprawl, pollution and congestion everywhere.

The country is in need of a new resilient Kathmandu. Kathmandu is the engine of the country. New Kathmandu will help to transform the whole country. Thus, the development of the railway infrastructure is a timely need for the capital.

(*Dr. Amatya is a chartered civil engineer and principal ground engineering consultant currently practicing in the UK*)

# लाप्राक नमूना बस्ती निर्माणमा उल्लेख्य प्रगति



**सपिला राजभण्डारी**
उपाध्यक्ष, अन्तर्राष्ट्रिय समन्वय परिषद,
गैरआवासीय नेपाली संघ ।

## लाप्राकमा भइरहेको कार्यप्रगति

२०७२ वैशाख १२ गतेको महाभूकम्पका कारण घरबासै गुमाएका गोरखा लाप्राकका स्थानीयको मुहारमा मुस्कान ल्याउन, उनीहरूको पीडामा मल्हम लगाउन एनआरएनएले तदारूकता देखायो र राष्ट्रिय पुर्ननिर्माण प्राधिकरणबाट एकीकृत बस्तीको स्वीकृति लिई पुनर्निर्माणमा हाते मालो गर्यो । एनआरएनएका निवर्तमान अध्यक्ष शेष घले नेतृत्वको टोली स्वीकृतीपत्र लिएर गोरखाको लाप्राक गाविस, गुम्सीपाखामा पुगेको थियो । भुकम्पबाट बारीको पाटामा पुगेका एक हजार परिवारलाई घर निर्माण गरिदिने घोषणा गरेअनुरूप एनआरएनएले ५ सय ७३ घरसहितको नमूना बस्ती निर्माण त्यसैबेलाबाट थालनी गऱ्यो । हामीले स्थान त छनोट गऱ्यौं तर भौगोलिक विकटताका कारण हामी निकै समस्यामा पऱ्यौं । पछि गाउँसम्म डोजर लगेर बाटासम्म निर्माण गऱ्यौं । अहिले लाप्राकको बाटो केही फराकिलो बनेको छ । बाटो बन्यो अनि त्यससँगै आधा भन्दा बढी समस्याले निकास पायो । घर बनाउन आवश्यक ईंटा अहिले गाउँमै बनाइन्छ। प्रत्येक दिन जसो ४ हजार ईंटा उत्पादन निर्माणस्थलबाटै हुन्छ । गाउँसम्मै बालुवा किनेर लैजादा नै महँगो पर्ने भएकाले अहिले गाउँमै स्थानीय सामाग्रीको प्रयोग गरी १२ महिना काम गर्न सकिने प्रविधिको विकास गरिएको छ । निर्माण सामाग्री ओसारपसारका लागि १३ वटा टयाक्टर, एउटा लोडर र तीन वटा एक्साभेटर प्रयोग गरिएको छ । आजको मितिसम्म कुल निर्माणको ६० प्रतिशत काम सम्पन्न भइसके को छ । नेपाली सेनाको जनशक्तिले पनि निर्माणका विभिन्न कामहरूमा सहयोग गर्दै आएको छ । परियोजना अधिकृतहरू दिनरात त्यही सहयोगमा जुटेका छन् ।

## पुनर्निर्माणमा ढिलाई हुनुको कारण

विनासकारी भूकम्पपछि लाप्राक गाउँ पहिरोको जोखिममा पर्यो, गाउँको माथिल्लो भाग, सरकारले बस्ती गुम्सीपाखामा स्थानान्तरण गर्नेनिर्णय गर्यो र सरकारको सो निर्णयलाई गैरआवासीय नेपाली संघ एनआरएनएले आफ्नो जिम्मेवारीको रूपमा ग्रहण गर्यो । ५ सय ७३ वटा घर निर्माण गरिदिने कामको जिम्मा एनआरएनएले लिएको छ । २०७३ कात्तिकसम्ममा एनआरएनएले सो नमुना बस्ती निर्माण सम्पन्न गरिदिने लक्ष्य राखेको भएपनि २८ सय मिटरभन्दा बढी उचाइसम्ममा रहेको सो क्षेत्रमा छिनछिनमा मौसम परिवर्तन हुने, जाडोमा अत्याधिक चिसो, हिमपात र वर्षाको समयमा काम गर्न गाह्रो हुने र घरधनी आफैंले निर्माण सामग्री जुटाउन लामो समय लाग्न लगायतका समस्या र भौगोलिक विकटता को कारण पनि निर्माण कार्यमा ढिलाई भएको हो । भूकम्प प्रभावित ठाउँका जनता भौगर्भिक अध्ययन कुरेर बसेको कारणले पनि पुनर्निर्माणको सुरूवातमा ढिलाइ भएको हो । सबैसँग लड्न सकिन्छ तर प्रकृतिसँग सकिन्न, घर बनाउने त भनियो तर प्राविधिकको कमी, तालिमप्राप्त डकर्मीको अभाव लगायतका समस्या प्रशस्तै थिए । हामीले ती समस्यालाई समाधान गर्दै लग्यौं तर भौगोलिक विकटताका कारण धेरै कठिन भयो । कहिले वर्षा, कहिले हिमपात कहिले पहिरो जस्ता प्राकृतिक विपत्तिको कारण पनि हाम्रो कार्य प्रभावित बन्यो । यसपटकको वर्षायाममा ४५ दिनसम्म त टयाक्टरसम्म लैजान सकिएन । त्यसले गर्दा सामाग्री ढुवानी ठप्प हुनपुग्यो र कामै रोकियो पनि । हामीसँग प्रशस्त जनशक्ति छ, लगानी गर्ने हात सबै एकै साथ छन् समस्या मात्रै भौगोलिक विकटतासँग मात्रै हो । अझ भनौं प्रकृतिसँग जससँग लड्नु हाम्रो सोच बाहिरको कुरा हो ।

## सेनासँग समन्वय

नमूना बस्ती निर्माणका लागि एनआरएनएले नेपाली सेनासँग पनि सहकार्य गरिहेको छ । उनीहरूको खानपिनको व्यवस्था एनआर एनएले गरेको छ । त्यसो त निवर्तमान अध्यक्ष शेष घलेले यसअघि नै नेपाली सेना लाई सबैभन्दा ठूलो संस्थागत साझेदार भनी उद्घोष गरिसक्नुभएको थियो । चाहे भूकम्पपछि राहत वितरणमा होस् चाहे पुनर्निर्माणमा नेपाली सेनाको निरन्तर सहयोग संघलाई प्राप्त भइरहेको छ । नेपाली सेनाले १ सय ८० जना जनशक्ति उपलब्ध गराउँदै आएको छ । आगामी दिनमा थप १ सय जनासम्म जनशक्ति थप गर्ने प्रतिबद्धता नेपाली सेनाले गरेको छ ।

## वैशाख १२ सम्म हस्तान्तरण

कुनै किसिमको भवितव्य आइ नलागे आगामी वैशाख १२ गते (भुकम्प दिवस) सम्म लाभग्राही लाई घर हस्तान्तरण गर्ने गरी निर्माण कार्य अघि बढेको छ । स्थानीय, हाम्रा प्राविधिक एवं कामदार सबैको मिहेनत उल्लेख्य छ । आशा गरौं हामी हाम्रो योजनालाई मुर्त रूप दिन यथाशक्य छिटो सफल हुनेछौं ।



# 1st NRN Global Knowledge Convention: An Ingenuity of Nepali Diaspora

*Dr. Hari Prasad Dahal* *Mr. Kumar Panta* *Dr. Hem Raj Sharma*

Non-Resident Nepali Association is going to held the 1st NRN Global Knowledge Convention in the capital city of Nepal during 12-14 October 2018. This new initiative organized in partnership with the Government of Nepal follows many previous activities of NRNA, and is intended to be complementary to the socioeconomic aspirations of our motherland. The central focus of this convention is to explore the knowledge pool of Nepali diaspora and utilize it to help Nepal drive towards knowledge-based economy. This article will shed light on the background, vision, current state and future prospects of this ambitious endeavor.

Non Resident Nepali Association was established in 11 October 2003 to unite diaspora of Nepali origin under one umbrella. In its not so long history, it is institutionalized in more than 78 countries and represents millions of Nepalese living outside Asia. There are millions more Nepali diaspora residing in our Southern neighbor alone. All together, about a one third of the population is currently outside Nepal. Approximately one third of our gross domestic product is contributed by the remittance from this population. NRNA believes that the contribution of diaspora population can realistically be much bigger than the current share. Keeping this potential in mind, it has been rapidly expanding its network in all continents. By now it has become a global organization committed to create a network of Nepali diaspora and channelize their resources and efforts to help Nepal achieve economic and social transformation. The basic principle behind diaspora movement is that once we are Nepal, forever we will be Nepali, and it is our duty and desire to contribute to the financial and social wellbeing of our motherland.

Nepali diaspora have been involved in financial investment and charitable works equally. In addition, they are also seriously contributing to skill and knowledge investment projects. In the eve of 1st NRN Global Knowledge Convention, we mention briefly NRNs contribution in this direction. Some of the notable projects initiated and brought to some fruition are Skill Directory, Skill, Knowledge & Innovation transfer, Brain Drain to Brian Gain projects, Open University Nepal, NRNA Policy Institute, Nepal Science Foundation (NSF), NRNA Academy, Travel Safety & Road Security, Health & Hygiene Improvement, Skill Training, Clean Nepal, NRNA Scientific Journal, Agriculture Promotion and so on. Some of these projects were successful in bringing concrete positive results, for example Nepal has now established Open University. NSF and NRNA Academy are actively pushing new projects. NRNA Scientific Journal is in the making.

Without needing to discount the achievement of these projects, one observes that these projects faced many limitations. One of the biggest shortcomings, in our opinion, is that these projects were/are mostly run with the participation of active NRN well-wishers only; they do not seem to attract direct participation of people who are not in the mainstream of NRNA movement. In other words, they were not effective in energizing an engaging as big a mass as we would like to see get engaged. All of these projects are/were being run by the best knowledgeable experts NRNA has; there was definitely no lack of expertise. We think that the problem is in the lack of wider scope and global approach. Many of these projects were run almost independent to each other. In addition they were not drawing on to the diverse and deeper expertise of already contributing experts. There was/is an urgent need to start a more ambitious approach that aims to break higher glass-ceiling.

Thanks to the vision of NRNA ICC which approved the proposal from the current Vice President

to organize a global convention. It was not a coincident that the convention got two Chairs who jointly have the apt understanding of NRNA's in-and-out, and norms and mechanics of scientific world. This combination was necessary to excite and convince the vast network and resources of NRNA, and diverse experts and deeper knowledge pool of the NRN scientific community. At the end of the day, a strong financial support and a resourceful pool of knowledgeable experts are essential for the success of a convention with the desired horizon and gravity. At the very early stage of convention planning, experts with a long experience with NRNA, and experts with not so much proximity to NRNA managed to form a strong convention organizing committee that essentially laid a serious foundation for this new initiative. It is noteworthy that expenses of this convention is completely covered by the sponsorship offered by the NRNA leaders.

Another key dimension of this convention is the Government of Nepal (GoN). The ultimate outcome of the convention will depend on the desire and willingness of the GoN to implement the suggestions and recommendations of the convention. Fortunately, the convention received a very strong positive signals from the Government during the initial consultation and the actual development of the program. The Government directed seventeen ministries to cooperate and collaborate with the convention. The Honorable Prime Minster has accepted the invitation to inaugurate the Convention. Former Prime Minister, current and former ministers, members of the Federal Parliament of Nepal, former member of the Parliament of Nepal and high-ranking government officials are also expected to attend the Inauguration and Technical sessions.Similarly, central bank of Nepal, major universities, education and research institutions, private business sectors have also furnished ample support to develop the Convention.

The core focus of the convention was to build a wider base by also involving knowledge pool that was not actively participating in the NRNA movement. To encourage enthusiastic participation of home trained knowledge experts was equally important. To facilitate the process of engagement, an online platform was built from scratch through which anybody could express their interest to participate by submitting an abstract of their presentation. Without much advertising and in a short period of time, the convention received about 100 contributions. In addition, more than 50 senior experts accepted the convention's invitation to contribute to it by chairing plenary or symposium sessions, giving lectures and participating in panel discussions. We know that a good majority of them are non NRN members and nonactive NRN members. Some of them are even from international scientific community. We have taken this development as a good start in the right direction.

At the time of writing this article, the convention is scheduled to kick off exactly in one week. The energy that will be displayed at the venue and degree of actual success of this event is hidden in the pandora box that can only be unlocked by the almighty time. But the early comments sent in the official email and excitement expressed on social media by the abstract contributors are very encouraging. Despite the natural challenges we will face to smoothly run tightly packed programs, we are hopeful that we can replicate the art of efficiently running tight programs, that we have experienced around the world, in our own homeland.

One of the biggest questions we will face moving forward is, what is the future prospects of this convention? First of all, NRNA has expressed it commitment that this is not going to be a one-off event. It will be organized at least once in two years and that  year will not be the year of NRNA office bearers' election. This will reduce the risk of overshadowing the knowledge convention by the NRNA's natural, sometimes seemingly political, election activities. More importantly, we certainly would like to see future editions of this convention expanded in terms of number of topics covered and number of experts participated.

Diaspora experts involvement is proven to be complementary to the development of their country of origin. Nobody will excuse Nepali diaspora if we fail to implement a tested and proven model by other countries and diaspora. We have witnessed around the world that the developed countries are creating wealth after investing in knowledge-based economy. We are helping them to achieve their dream and success by giving our best to the countries that welcomed us. Compared to that, we will look unfair if we do not contribute to the soil that gave us our identity and existence. So through the platform of NRN Global Knowledge Convention and future spin-offs, let's work together and help Nepal speed up towards knowledge-based development.

# एक विद्यावत शहरको परिकल्पना र प्रवासी नेपाली



8f= kdfb 9sfn
cWoIf, Pgcf/PgP Psf8dL

मानिसको चौतर्फी विकास र समृद्धि हुन उसले नित्य रूपमा पाँच प्रकृतिका कार्य गरिरहनु पर्दछ । ती पाँच कार्य हन् अध्ययन गर्ने, उत्पादन गर्ने नवप्रवर्तन गर्ने, मनोरञ्जन गर्ने र विश्राम गर्ने । ती त्यस्ता कार्य हुन् जसले कर्तालाई निरन्तर रूपमा विद्या, धन, आविष्कार, संस्कार, आनन्द, आराम र आत्मोत्थानले आपूरण गरिरहे–का हुन्छन् । तर वर्तमान विश्वमा पकड जमाएको सामाजिक र शैक्षिक प्रणाली अनुसार यदि कुनै समाजले आवश्यक परे जति पूर्व प्राथमिक देखि उच्च शिक्षा पढाउने विद्यालय विश्वविद्यालय र चाहे जति रोजगारी दिने उद्योग व्यवसायहरु खोले पनि उक्त समाजका सबै मानिसलाई हरेक दिन वा निरन्तर रूपमा माथि भनेका पाँच कार्यमा संलग्न गराउन सकिँदैन। वर्तमान नेपाली समाज पनि गच्छे अनुसार १०–१५ देखि २०–२५ वर्षको उमेर सम्म चौबीसै घण्टा पढ्ने, त्यस पछिको २५–३० वर्ष काममात्रै गर्ने, र त्यसपछि रिटायर भएर आराममात्र गर्नेभन्ने कल्पना अनुसार संरचित गरिएको छ।

आज विश्वमा आएको परिवर्तनले गर्दा आउँदो युगको अर्थतन्त्र र समाज विकासको प्रमुख आधार नै ज्ञान हुने भएको छ । एउटा मानिसले आज पढेको पढाइ होस्, या सिकेको सीप होस्, या खाएको जागिर होस्, त्यो आउने केही वर्षमै पुरानो हुनसक्ने स्थिति बनिरहेको छ । अबको विश्व परिवेश त्यस्तो बनिरहेको छ जहाँ अध्ययन गर्ने, उत्पादन गर्ने, नवप्रवर्तन गर्ने, मनोरञ्जन गर्ने र विश्राम गर्ने कार्यहरूलाई साथसाथै र निरन्तर उन्नत नगर्ने व्यक्ति होस् या समाज, त्यो विकासको यात्रामा पछाडी पर्ने छ । जुन समाजले स्वाध्याय, खोज, अनुसन्धान, आवि–ष्कार, नवप्रवर्तन र विद्यावत उद्यमशीलता लाई आफ्नो संस्कृतिका अभिन्न अङ्ग बनाउँछ त्यही समाजले नै विकासको उत्कर्ष छोप्ने अवस्था त सधैं नै थियो, तर त्यो अवस्था आज थप प्रबल भइरहेको छ ।

माथि बताए जस्ता सामर्थ्यहरूका जगमा, आज विश्वका कैयौं शहरहरूविद्यावत अर्थतन्त्रको योजनाबद्ध विकास गर्ने होडमा लागिरहेका छन् । उनीहरूले जहाँ कहींका प्रतिभाशाली विद्यार्थी, योग्य पेसाकर्मी, नवीनतम सूचना, अत्याधुनिक प्रविधि, विद्यावत लगानी आदि लाई आफूकहाँ आकर्षित गर्ने, आफ्नो आर्थिक–सामाजिक उद्देश्य अनुरूप तिनलाई आफ्नो अर्थतन्त्रका सक्रिय तत्वका रूपमा उपयोग गर्ने बहुविध संस्थाहरूको विकास गरिरहे–का छन् । त्यो सम्भव बनाउन उनीहरूले शिक्षालय, पुस्तकालय, सङ्ग्रहालय, सूचनालय, प्रयोगालय, सिर्जनालय र उद्यमालय ल मात्र बनाएका छैनन् । जानेको ज्ञान, सिकेको सीप र प्रयोग भइरहेको प्रविधि र पद्धतिलाई निरन्तर उन्नत बनाउँदै लैजाने प्रबन्ध पनि जुटाइरहेका छन् । खोज, अनुसन्धान, नवप्रवर्तन र उत्पादनमा संलग्न धेरै प्रकारका बौद्धिक, औद्योगिक, व्यापारिक र अन्य संस्थाहरूलाई आकर्षित गर्ने र विकास गर्ने काममा जोड तोडले लागिरहेका छन् । स्वास्थ्य, खेलकुद, कला, साहित्य, सङ्गीत, संस्कृति, र अन्य विधाका संस्थाहरूले बौद्धिक, औद्योगिक, व्यापारिक संस्थाहरूलाई आपूरण गरेका छन् । त्यहाँ एकले अर्कालाई परिपूरण गर्ने धेरै–धेरै विद्यावत संस्थाहरु र विद्यावत मानिसहरूको घनत्व बढाएर, ती ठाउँ विद्यावत विकासकै कारण विश्वका आकर्षण बनिरहेका छन् ।

सन् २००६मा प्रकाशित "नलेजसिटी" नामक एक पुस्तकमा विश्वका ६५ वाट शहरहरु अनुसन्धान, प्रविधि र बौद्धिक क्षमताका आधारमा विकसित उच्च (बौद्धिक अर्थतन्त्रका केन्द्र, अर्थात् विद्यावतशहर (नलेज सिटी), बन्ने अभियान मा संलग्न रहेको कुरा उल्लेख गरिएको छ । मूलतः अमेरिकाका बोस्टन र सिलिकन भ्यालीमा भएको बौद्धिक अर्थतन्त्रको विकासबाट प्रेरित भएरअष्ट्रियाकोभियाना, आयरल्याण्डको डब्लिन, बेलायतको म्यानचेस्टर, अष्ट्रेलियाको मेलबर्न, नेदरल्याण्डकोएन्धोबन, युएईको माजदार सिटी, चीनको ग्वाङ्झाओ, सिङ्गापुर, आदि अनेकौं शहरहरु योजनाबद्ध ढङ्गले विद्यावतशहरको विकासमा लागिपरेका छन् भनेर लेखिएको छ। त्यस्ता ठाउँहरूको संख्या बढ्ने क्रममा छ र घट्ने कुनै संकेत आजसम्म उपलब्ध छैन ।

नेपालमा पनि सघन बौद्धिक विकासमा संलग्न संस्थाहरु उपयुक्त सत्यामा नहुँदा, अथवा

संस्थाले एक-अर्काको आवश्यकतालाई सघन परिपूरण नगर्दा, वाभए पनि ती संस्थाहरु नेपालभरि यत्रतत्र छरिनुले गर्दा विद्यामा आधारित समाज र अर्थतन्त्रको विकास गर्न कठिनाइ उत्पन्न भएको र हुने देखिन्छ । त्यसैले, हामीले पनि विश्वका अन्य राष्ट्रहरूले बनाउन लागिपरेका विद्या र बौद्धिक उत्पादनमा आधारित आधुनिक शहरहरूबाट सिकेर आफ्नो आर्थिक र सामाजिक विकासको बाटो तय गर्नु पर्ने भएको छ । त्यही खाँचो पुरा गर्ने अभिप्रायले नेपालमा एक विद्यावतशहरको परिकल्पना अगाडी सारिएको छ।

नेपालमा प्रस्तावित विद्यावतशहरयस्तो बौद्धिक शहरको कल्पना हो जहाँ बहुविध बौद्धिक क्षेत्रको उपस्थिति हुन्छ र जहाँ जीवनका भिन्न-भिन्न आवश्यकताहरूको सम्बोधनमा भिन्न-भिन्न र स्वतन्त्र तर संयोजित तथा आपसमा सहकार्य गर्ने विद्यावत संस्थाहरु कार्यरत हुन्छन् । त्यहाँ अध्ययन गर्ने, उत्पादन गर्ने, नवप्रवर्तन गर्ने, मनोरञ्जन गर्ने र विश्राम गर्ने कार्यलाई जीवनभर निरन्तर उपलब्ध गराइएको हुन्छ । मानवको जन्म देखि मरण सम्मको चक्रलाई विचार गरेर संस्थाहरूको विकास गरिएको उक्त शहरको अर्थतन्त्र चलाउने इन्धन विद्या र बुद्धि हुन्छ । त्यहाँ मानिसले उत्तम जीविका हासिल गर्न बिहान देखि रातीसम्म दासले झैँ दलिनु पर्दैन । प्रत्येक दिन चार घण्टा लगनशील र घनीभूत रूपमा काम गरेर नै त्यहाँ पर्याप्त उत्पादन गर्न सम्भव बनाइएको हुन्छ । बाँकी समयलाई यहाँका मानिसले विद्या, आविष्कार, नवप्रवर्तन, कला, संस्कृति, स्वास्थ्य, देखि लिएर अनेकौँ आत्मोत्थानका विषयमा लगाएका हुन्छन् । यहाँका व्यक्ति पनि र संस्था पनि विद्यावत हुन्छन्, अर्थात् ती निरन्तर सिकाइ र उन्नयनमा संलग्न रहन्छन् । यहाँयन्त्रहरु पनि निरन्तर सिकाइमा लागेका हुन सक्छन्, विद्यावत हुन सक्छन् !

एउटा बौद्धिक शहरले मानिसका आवश्यकताहरूलाई बौद्धिक आधारशिलामा र दिगो तवरले सम्बोधन गर्ने लक्ष लिएको हुन्छ । उसले ज्ञानलाई नै अर्थतन्त्रको मूल आधार बनाएको हुन्छ, त्यसलाई नै आफ्नो ब्राण्ड (प्रतीक) बनाएको हुन्छ, त्यसै लाई बुझ्न र बढाउन शक्ति खर्चेको हुन्छ, त्यसै लाई मूल्यवान वस्तुमा परिणत गरिरहेको हुन्छ, आविष्कारक र सृजनात्मक संस्कृतिको विकास गरिरहेको हुन्छ, बौद्धिक-हक संरक्षणलाई महत्व दिएको हुन्छ, त्यस्तो पद्धतिको ज्ञान फैलाइरहेको हुन्छ, र विद्याको क्षेत्रमा क्षमता बढाउँदै लगिरहे को हुन्छ । स्थानीय मौलिकता र अत्याधुनिक सूचना, ज्ञान, विज्ञान र प्रविधिको संयोजनबाट यसले शिक्षा, स्वास्थ्य, अनुसन्धान, सिर्जना, समस्या-समाधान, आविष्कार, नवप्रवर्तन, कला, उद्यम, व्यापार, वातावरण, सरल-सहज जीवन, र आत्मोत्थानमा उत्कृष्टता हासिल गरिरहेको हुन्छ । उत्प्रेरक र अनुकरणीय शहरका रूपमा आफ्नो विशेष स्थान र पहिचान बनाएको हुन्छ । त्यो विशेषता र पहिचानका बलमा मानव प्रतिभा, विद्यावत उद्यम व्यवसाय, र तदनुरूपको लगानीलाई यहाँ आकर्षित गरिरहेको हुन्छ ।

नेपालमा विशेष औद्योगिक क्षेत्र, औद्योगिक नगर, कृषि नगर, स्मार्ट सिटी, ग्रीन सिटी, मेडिकल सिटी आदि बनाउने अवधारणाहरु अगाडी सार्दै आएका छन् । तर कसैले विद्यावतशहर, वा सामान्य रूपमा भन्दा बौद्धिक शहर, को परिकल्पना अघि सारेको छैन । यो नै पहिलो त्यस्तो परिकल्पना हो जसले ज्ञानको उच्चतम उपयोग गर्ने, ज्ञानमा आधारित वस्तु र सेवाहरूको उत्पादन(विकास गर्ने, र ज्ञानको आम प्रसारण गर्ने शहरको निर्माणको लक्ष राख्दछ । आर्थिक, प्राविधिक, वैज्ञानिक, बौद्धिक, कलात्मक, सांस्कृतिक क्षेत्रको विकासमा ज्ञानको अत्याधिक उपयोग गर्ने समाजको कल्पना गर्दछ । प्रविधि, पद्धति र प्रणालीहरूलाई डिजाइन, परामर्श, खोज, अध्ययन, अध्यापन, नवप्रवर्तन र उद्यममा उपयोग गर्ने उद्देश्य राख्दछ ।

यो बौद्धिक शहरको परिकल्पना आज कल्पना को अवस्थाबाट केही कदम अगाडी बढिसके को छ । नवलपुर जिल्लाको गैँडाकोट नगर पालिकाले यसलाई अपनाउने नीति अङ्गीकार गरेको छ । यो नगरपालिकाले आफ्नो १६० वर्ग किलोमिटर जमिन मध्येको १०० वर्ग किलो मिटर जमिन बौद्धिक संस्थाहरूको विकास गर्नका लागि छुट्याउने निर्णय गरिसकेको छ । त्यो बौद्धिक क्षेत्रमध्येको १० वर्ग किलोमिटरमा एक अनुसन्धान र उद्यमको विकासमा समर्पित विश्वविद्यालयको विकास गर्ने र बाँकी जमिनमा बहुविध र विद्यावत संस्थाहरूको विकासमा लगाउने नीति लिएको छ । यहाँ शिक्षा, स्वास्थ्य, कृषि, वन, यान्त्रिकी, प्रविधि, बौद्धिक-व्यवसाय, सूचना, सञ्चार, विद्यावत-यान्त्रिकी, रोबोटिक्स, कम्प्युटर, कला, मानविकी, समाजशास्त्र, विज्ञान, वित्त, व्यापार, व्यवस्थापन लगायतका विषयसँग सम्बन्धित शैक्षिक, अनुसन्धानात्मक, नवप्रवर्तनकारी, व्यावसायिक तथा साहसिक लगानीकर्ता संस्थाहरूको विकास गर्न निजी र सार्वजनिक दुवै प्रकृतिका प्रयत्नको मिलान गर्न सकिने छ । मूलतः यो नगरपालिकाले यहाँ बौद्धिक अर्थतन्त्र र शैक्षिक नगर निर्माणको लक्षका साथ समग्र नगरको योजनाबद्ध विकास गर्ने नीति लिएको छ । एउटा विद्या र उद्यममा समर्पित विश्वविद्यालय लाई केन्द्रीय स्थान प्रदान गरेको छ । आफ्नो योजनामा यस नगरपालिकाले (१) शहरी खेती, खाद्य,ऊर्जा,जल सम्प्रभूता र नवीकरणीयताले युक्त समृद्धि, (२) स्वस्थ, सरल, सहज र चिन्तनशील जीवनशैली, (३) आविष्कारक, नवप्रवर्तक र उद्यमशील समाज, (४) आवास, यातायात, खेती, स्वास्थ्य, शिक्षाका संरचना र मानव जीवन-चक्र बीचको उच्चतम तारतम्य, (५) प्राकृतिक स्रोत-साधनको अत्याधुनिक, दीर्घकालीन र दिगो उपयोग, (६) ज्ञानको खुला प्रवाह र शिक्षाको आजीवन अवसर, (७) अनुकरणीय मानव प्रकृति सम्बन्ध रस्वच्छ वातावरण, जस्ता परिपाटि स्थापित गरेर नेपाल र विश्वकै एक अग्रणी बौद्धिक शहरका रूपमा परिचित हुने उद्देश्य लिएको छ ।

यी उद्देश्य पूर्ति गर्न यहाँ निर्माण, विकास, उत्थान र आकर्षण गरिने संस्थाहरु ती उद्देश्य प्रति समर्पित हुनुका साथै नेपालको वर्तमान स्थितिलाई समेत ध्यान दिने थप सिद्धान्तबाट निर्देशित हुनेछन् । त्यसैले निम्न लिखित क्षमता विकास र अभिवृद्धिलाई ध्यानमा राखेर तिनको प्राथमिकता निर्धारण गरिने छन् (१) नेपाली उच्च प्रतिभाको उपयोग र विदेशी प्रतिभाकोआकर्षण, (२) उद्यमी र आविष्कारक संस्कृतिको विकास, (३) स्थानीय स्रोत र साधन को उच्चतम, अत्याधुनिक र दिगो उपयोग, (४) विद्यावत(उद्यममा उच्च मात्राको लगानीको आकर्षण, (५) ज्ञान, विज्ञान,सूचना, विधि र प्रविधिको मौलिक उत्पादन वा विस्तार, (६) ज्ञान, विधि र प्रविधिको सार्वजनिकीकरण, (७) स्थानीय अर्थतन्त्रको विकासमा योगदानतथा उच्च वैतनिक अवसरको सृजना,(८) नेपालको समाज र अर्थतन्त्रले भोगेका समस्याको दीर्घकालीन समाधान, (९) उच्च वैज्ञानिक प्राविधिक उत्पादनमा संस्थागत ख्याति, (१०) विश्वमा उपलब्ध नयाँ प्रविधि र नवप्रवर्तनको सदुपयोग र नेपाली ज्ञान र प्रविधिको पुनरूत्थान, (११) नयाँ बजारको निर्माण, पहुँच वा प्रवेश, (१२) सामाजिक, कलात्मक, सृजनात्मक, सांस्कृतिक र बौद्धिक विकासमा स्थानीय समाजको आम सहभागिता को सबलीकरण। माथिका सबै उद्देश्य र निर्देशक सिद्धान्तहरूलाई एकिकृत गरेर एकै शब्दमा भन्दा यो स्थानले त्यस्तासंस्थाहरूलाई आफ्नो शहरमा आकर्षित गर्नेछ जुन आफैमा अत्यन्त विद्यावत हुन्छन् ।

गैँडाकोट नगरपालिकाको यो यात्रा यहाँको प्राकृतिक, भौगोलिक, सामाजिक र यातायात सञ्जालको अवस्थिति तथा अन्य सामर्थको आँकलन गरे पश्चात् तय भएको हो । समुद्र सतहबाट १६५ मिटर माथि देखि १५५० मिटर उचाइसम्मको १६० वर्ग

कीमी जमिनमा ६० हजार जनसङ्ख्या सहित फैलिएको यस ठाउँमा १७ लाख जनसङ्ख्या भएको न्युयोर्कको म्यानह्याटन टापु जति ठूलो भूभाग शहरी विकासका लागि र मालदिम्सको एक तिहाइ जति ठूलोभूभाग विद्यावत संस्थाहरूको विकासका लागि उपलब्ध गराइएको छ । यो भूभाग चारैतिरबाट नदीले घेरिएको छ र राष्ट्रीय राजमार्गबाट पनि घेरिएको छ । यो ठाउँ पानी र वन पैदावारको धनी छ । यसको अवस्थिति खेती, उद्योग, शिक्षा, स्वास्थ्य, व्यापार र पर्यटनको क्षेत्रमा महत्वपूर्ण स्थान ओगट्न सक्ने प्रकारको छ । यो स्थानलाई नेपालको एक आर्थिक इन्जिन तथाविद्यावत अर्थतन्त्रको केन्द्र बनाउन उपयुक्त प्राकृत स्थिति यहाँ विद्यमान छ । यहाँका सम्पूर्ण बौद्धिक समुदाय, सबै राजनीतिक दलका नेता(कार्यकर्ता, सामाजिक अभियन्ता तथा आम जनसमुदाय यो कार्यका लागि एकबद्ध भएका छन् । त्यसैको फलस्वरूप संवत् २०७४ चैत्र २८ गते सम्पन्न गैँडाकोट नगरपालिकाको दोस्रो नगर सभाले यो विषय लाई उच्च महत्त्व दिँदै समग्र नगरपालिकाको विकासको एकीकृत योजना बनाएर यहाँ मौलिक बौद्धिक समाज र अर्थतन्त्रको विकास गर्ने नीति लिएको छ, जुन नेपालकै इतिहासको यस्तो पहिलो कदम हो ।

गत डेढ दशकमा प्रवासी नेपालीहरूले पनि नेपालको आर्थिक, शैक्षिक, वैज्ञानिक र प्राविधिक विकासमा योगदान दिन ठोस रूचि देखाउँदै सङ्गठित रूपमा नै गैरआवासीय नेपाली संघको तत्वावधानमा र स्वतन्त्र रूपमा समेत प्रयत्नहरु गर्दै आएका छन् । नेपालको बौद्धिक क्षेत्रमा योगदान पुर्याउने त्यस्तो एउटा कदमको सफल उदाहरणका रूपमा नेपाल खुला विश्वविद्यालयको स्थापनालाई लिन सकिन्छ । तर स्थापना पश्चात् त्यो विश्वविद्यालयलाई नेपाल सरकारले फरक ढङ्गले चलाउने नीति लिएकाले प्रवासी नेपाली सहभागिताको कुनै सम्मानजनक अवस्था त्यहाँ विद्यमान नरहे पछि संघलेएनआरएनएएकाडेमीको अवधारणा अघि ल्यायो। त्यसपछि प्रवासी नेपाली ऊर्जालाई पुनः सङ्गठित गरेर अझ विस्तारित र विविध ढङ्गले उपयोग गर्ने संस्थागत वातावरणको निर्माणमा जनस्तरमा सहकार्य गर्न थालियो। त्यसैको प्रतिफल हो, यो विद्यावतशहर को परिकल्पना र प्रस्ताव ।

### गैडाकोट नगरपालिकाको नक्सा

यो बौद्धिक शहरको परिकल्पना प्रवासी र आवासी नेपाली अभिलाषाको संयोजनको परिणाम हो र नेपाली राष्ट्रीय आर्कषणको व्यवहारिक सम्बोधन गर्ने उद्देश्यले उठान गरिएको अवधारणा हो । जसरी विशेष औद्यो-गिक क्षेत्रको अवधारणा अनुरूप औद्योगिक लगानी नेपालमा भित्र्याउन नेपाल सरकारले कदम चालिरहेको छ, त्यसरी नै बौद्धिक, प्राविधिक, वैज्ञानिक लगानी तथा तिनको विकासमा समर्पित विद्यावत संस्थाहरु भित्र्याउन वा त्यहाँ जन्माइने विद्यावत उद्यम वा विद्यावत संस्थाहरूमा आर्थिक लगानी भित्र्याउन यो बौद्धिक शहरको अवधारणा अघि सारिएको छ । यसका लागि नेपाल सरकारको उत्साहवर्धक सहभागिता र सहयोग को पनि अपेक्षा गरिएको छ । र अन्तमा, नेपालको एउटा सीमित भूगोलका सानो सख्याका मानिसले उच्च साहसका साथ अगाडी बढाएको यो एक कठिन र जटिल प्रकृतिको कदमले विश्वभरि छरिएर रहेका समस्त नेपालीको सहकार्य र सहभागिताबाट निरन्तरता पाउन सक्नेछ र त्यसैबाट यो अभियान सफलताको चरणमा पुग्न सक्नेछ भन्ने आशा राखिएको छ ।

i. learning intensive, possessed of learning, learned,
ii. laboratory, verification or experimentation centre
iii. integration and invention centre
iv. business incubation centre
v. FJ Carillo, Knowledge Cities, Taylor and Francis, 2006
vi. patent right or intellectual property right
vii. venture capitalist



# NRNA Women Forum for Women Empowerment

Women Leders of NRNA have played role of equal counterpart for NRN movement. NRNA Women Forum was established in 2005 with the purpose of empowering Nepalese women in Nepal and abroad. NRNA Women Forum established in 65 countries has given platform for women to work collectively. Through this forum NRN women are engaged and building network to unite NRN women around the globe.

NRNA Women Forum is supported by NRNA's men and women residing in various countries. These collective backing of various contributions has helped women forum to successfully organize various programs and projects. Success of the projects were possible due to dedication of women coordinators in support of its members at various tenures.

Some of the effective projects of Women Forum are, 1 Euro project, Uterus Prolapse Free Health Camp, ENT Free Check-up Camp, Skill Enhancement Training Program and Women Entrepreneurship program. Women Forum has worked in the health sector- through health camps, free operation, free medicine distribution, health and hygiene awareness, and hygiene kit distribution. It has worked in disaster sector- by supporting earthquake victims, distributing clothes and other essentials. It has been working in migration and labor sector by partnering with various organizations by organizing training programs for returnee women; especially focusing on their reintegration. The present emphasis is on women returnees with the plan to expand support to returnees irrespective of their gender.

Women Forum in lobbying with Government of Nepal for legal and policy reform on migrant and women rights. Nepalese law and policy is backward when it comes to gender equality. Citizenship is one of the area where women are not given equal status as men. There are lacunas on laws and policies on providing citizenship to the child in the name of mother and recognition to the foreign man marrying Nepali woman. These issues are highlighted in the meeting with government representatives. It is utmost necessity for these issues to be address in upcoming NRN and Nepali citizenship act.

Also, increasing number of rape cases, acid attacks and other gender based violence are putting women at risk in Nepal. NRNA Women Forum condemn these kinds of criminal activities and urges Nepal Government to ensure safety and security of women. Criminals of these cases need to be brought to justice for the crime they commit.

**"Achieving gender equality requires the engagement of women and men, girls and boys. It is everyone's sponsibility."**

**– Ban Ki-moon**

Women Forum is committed to engage NRN's men and women to work for the vulnerable group; women and children. All members; women around the globe are and will be working dedicatedly to ensure equal social, economic and legal status for women.

Let us strengthen the network and unite NRN women residing throughout the world.



**Rajani Pradhan**
**Women Coordinator, ICC**

# मर्यादित, सुरक्षित र व्यवस्थित रोजगारी-समृध्दिको तयारी



डिबी क्षेत्री

सचिव, अन्तर्राष्ट्रिय समन्वय परिषद
गैरआवासीय नेपाली संघ
संयोजक, वैदेशिक रोजगार तथा आप्रवासी कामदार कल्याणकारी समिति

/fli6«o hgu0fgf @)!! sf] tYof° cg';f/ g]kfnsf]sh hg;\ofsf] &=#% hg;\of u0fgf cjlwdf b]z aflx/ /x]sf lyP . b]z aflx/ /x]sf]hg;\of dWo] k?ifsf]lx:;f **% / dlxnf !@% lyof]. o;} u0fgf cg';f/ g]kfnsf]sh kl/jf/ dWo]Ps rf}yfO{eGbf a9L kl/jf/sf]sg}g sg};b:o ljb]zdf /x]sf] lyof].

मानव सभ्यताको इतिहास नै बसाइँ सराइसँग गासिएको छ । बसाइँसराइ या आप्रवासन नभएको भए मानवमात्र पृथ्वीको कुनाकाप्चा सम्म फैलिनु सम्भव थिएन। अझ नेपाली समाजमा विदेशमा गइ काम गर्ने र फर्केर पुनः नेपाल आउने प्रचलन धेरै पहिले देखिको हो ।

भोट (तिव्वत), लाहुर (लाहोर), मुग्लान (मुगल राज्य) गई फर्कनेहरुका गाथा नेपलका गाउँघर का लोक भाका र लोक कथामा यत्रतत्र भेटिन्छन् । विभिन्न कालखण्डमा नेपालीहरू राम्रै संख्यामा भोट, मुग्लान, लाहुर, मलया जाने गरेको, त्यहाँबाट कमाएर ल्याएको धनले आफ्नो गाउँघरमा रवाफ जमाएका कुरा आम नेपालीलाई सामान्य जस्तै लाग्दछ । नेपालीहरूले मुलुक छोडेर विदेशमा काम गर्दा पनि आत्तनो कौशल र इमान्दारिताका कारण राम्रै ख्याति कमाएका छन् । चाहे अरनिको जस्ता सिल्पकारले प्यागोडा शैलीलाई नेपाल बाट चीन लगायत पुरै पुर्वी एसियामा फैलाउन गरेको योगदान होस या गोरखा सैनिकहरूले नेपाल लाई वीर गोरखाहरूको मुलुकका रूपमा चिनाउन गरेको योगदान होस, नेपालीहरू सिमित भूगोलमा खुम्चने समुह होइन भन्ने प्रमाणित भैसकेको छ । नेपालीहरूको देश विदेशमा काम गर्ने परंपराको क्रमकै रूपमा अहिलेको वैदेशिक रोजगारीलाई लिनुपर्दछ । यातायात, संचारको विकास र विश्व व्यापिकरणको लहरले वैदेशिक रोजगारीलाई अझ व्यापक बनाएको छ । यसमा संलग्न हुने जनसंख्याको भाग बढेको छ र साथै यसका आयाम र समस्याहरू चुनौतिहरू पनि थपिएका छन् ।

वैदेशिक रोजगारी नेपाली जनजीवन र नेपाली अर्थतन्त्रको अभिन्न अंग बनेको छ । नेपालमा विप्रेषण कुल ग्राहस्थ उत्पादनको २६.९५ (USD 6.56 billion) जति हुने गरेको तथ्याङ्क छ । नेपाल राष्ट्र बैंक अनुसन्धान विभागले असोज २०७३ मा गरेको विप्रेषण प्राप्त गर्ने घरपरिवार को बचत तथा लगानी प्रवृत्ति नामक प्रतिवेदनले विदेशमा काम गर्ने प्रत्येक नेपालीले पठाउने गरेको वार्षिक औसत विप्रेषण रकम रू. ५ लाख ३२ हजार रहेको देखाएको छ । उक्त रकम लाई मासिक रुपमा प्रस्तुत गर्दा रू. ४४ हजार ३३३ हुन आउछ, जुन औसत नेपालीको लागि आकर्षक रकम हो । यसै अध्ययनका अनुसार वैदेशिक रोजगारीमा गएका १८.८ प्रतिशत घर परिवारको आम्दानी विप्रेषण मात्र रहेको छ । यसले नेपालमा विप्रेषणले अर्थतन्त्रमा पुऱ्याउने प्रभाव र यसको महत्वलाई प्रस्ट्याउँदछ ।

राष्ट्रिय जनगणना २०११ को तथ्याङ्क अनुसार नेपालको कुल जनसंख्याको ७.३% जनसंख्या गणना अवधिमा देश बाहिर रहेका थिए । देश बाहिर रहेको जनसंख्या मध्ये पुरूषको हिस्सा ८८% र महिला १२% थियो । यसै गणना अनुसार नेपालको कुल परिवार मध्ये एक चौथाई भन्दा बढी परिवारको कुनै न कुनै सदस्य विदेशमा रहेको थियो । नेपाल जीवनस्तर सर्वेक्षण २०१०/११ अनुसार नेपालको कुल घर परिवार मध्ये ५५.८ प्रतिशतले विप्रेषण प्राप्त गर्ने गरेका थिए भने यो प्रतिशत १९९५/९६ मा मात्र २३.४ प्रतिशत थियो । यसरी नेपाली अर्थतन्त्र र नेपालको सामाजिक आर्थिक जीवनमा विप्रेषणको महत्व बढ्दै गएको कुरामा दुईमत हुन सक्दैन । ७५%जति विप्रेषण ४५ वर्ष भन्दा मुनिका व्यक्तिले पठाउने गरेका छन् । अर्थात सबभन्दा बढी कियाशिल जनसंख्याको ठूलो भाग विदेशमा रहेको छ र उनीहरूले विदेशी अर्थतन्त्रका लागि काम गरिरहेका छन् ।

हुनत वैदेशिक रोजगारी भन्ने वित्तिकै अर्को मुलुकमा रहेर काम गर्ने भनि बुभिने भएकोले त्यसबाट नेपालको गार्हस्थ्य उत्पादनमा प्रत्यक्ष योगदान रहदैन । तर त्यसबाट आय भित्रिने हुनाले अप्रत्यक्ष रूपमा राष्ट्रिय अर्थतन्त्रमा ठूलो योगदान रहन्छ । नेपालकै कुरा गर्ने हो भने वैदेशिक रोजगारीका कारण रोजगारीका लागि सरकार एवं आन्तरिक अर्थतन्त्रमा चाप घटेको छ । विप्रेषण आयका कारण परिवारको आय र उपभोग बढेको छ, यसले नेपालको बजार चलायमान बनाएको छ । नेपालको उत्पादनको माग बढेको छ । सरकारको राजश्व बढाउन पनि विप्रेषणले नै ठूलो योगदान गरेको छ ।

वैदेशिक रोजगारीका सकारात्मक र नकारात्मक

पक्ष दुवै छन् । विप्रेषणका कारण विदेशी मुद्रा नेपाल भित्रने हुनाले हामीले निर्यातको तुलनामा हुने ठूलो आयात धान्न सकेका छौं र आयातमा आधारित सरकारी राजश्व बढ्न सकेको छ । आजको दिनमा वैदेशिक रोजगारी नहुने हो भने नेपालको अर्थतन्त्र कस्तो हुने, नेपाली जनताको जीवन स्तर र उपभोगको अवस्था के हुने र नेपाली अर्थतन्त्रको सन्तुलनको अवस्था कस्तो हुने भन्ने कल्पना सम्म पनि गर्न सकिदैन ।

वैदेशिक रोजगारीका कारण नेपालको गाउँगाउँ र कुना-काप्चासम्म मौद्रिक अर्थतन्त्रको विस्तार भएको छ । परिवारहरूको शिक्षा, स्वास्थ्य, आवासको स्तर माथि उक्लिएको छ । परिवारको आय र उपभोगमा आधारित गरिबीको मात्रामा कमी आएको छ । विदेशको सुविधा र अनुशासन देखेर आउनेहरू नेपालको अवस्थामा सन्तुष्ट छैनन् र यसले जनतामा परिवर्तनको चाहनालाई बढाएको छ । समग्रमा समृद्ध राष्ट्रको नारा घन्काउन मद्दत गरेको छ ।

वैदेशिक रोजगारीले कतिपय नकारात्मक कुराहरू पनि भित्र्याएको छ । बढी कार्यक्षमता हुने उमेरका युवाहरू वैदेशिक रोजगारीमा जाँदा मुलुकले स्वभावत काम गर्ने हात पाखुरा हरू गुमाएको छ । नेपालका धेरै गाउँबस्तीमा युवाहरू, अझ भनौ पुरुष युवाहरू नपाइने अवस्था सिर्जना भएको छ । मुलुकका धेरै खेतवारी बाँझै रहेका छन् । विदेशबाट अलि अलि कमाइ गरेर परिवारमा रकम पठाएपछि ती परिवारका सदस्यहरू नै गाँउ छोडेर सहर बजार तर्फ पलायन हुने क्रम बढ्दा एकातर्फ गाउँ रित्तिएका छन् भने अनियन्त्रित शहर र बस्ती विस्तार बढेको छ । कतिपय अवस्थामा पति पत्नी बीच झगडा, सम्वन्धविच्छेद जस्ता पारिवारिक कलहको कारण समेत वैदेशिक रोजगार बनेको छ। अझ दु:ख लाग्दो कुरा त वैदेशिक रोजगारीमा जानेहरूको अनायस मृत्यु हुने, अंगभंग हुने, जाँदा भनिए जस्तो काम नपाउँदा सोचेको जस्तो आय नहुने, उनीहरूमा मनोवैज्ञानिक विकार उत्पन्न हुने, विदेशमा जेल, यातना खप्नु पर्ने, मानव तस्करीको शिकार भइने जस्ता यावत समस्याहरू ठूलो मात्रामा बढेका छन् र यसले ठूलै रूपमा सामाजिक एवं मनोवैज्ञानिक समस्या भित्र्याएको छ ।

गैर आवासीय नेपाली संघ वैदेशिक रोजगारी लाई सुरक्षित, मर्यादित र सम्मानित बनाउनु पर्दछ भन्ने कुरामा विश्वास राख्दछ । संघले आफ्नो स्थापना कालबाट नै वैदेशिक रोजगारी का संबन्धमा कार्यदल बनाई सरकारलाई समय सापेक्ष सुधारका लागि सुझावहरू दिँदै आएको हो । संघका सुझाव अनुसार सरकारबाट पनि धेरै पहल भएका छन् । तर अझै पनि धेरै काम गर्न बाँकी छ । वैदेशिक रोजगारी परिवर्तनशील भएकोले यसका चुनौतीहरू पनि परिवर्तन भइरहन्छन् । वैदेशिक रोजगारीको प्रभावकारी नियमन गर्न सबै संबद्ध पक्ष बिच समझदारी र सहकार्य हुनु जरूरी छ ।

वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र सम्मानित बनाउनका लागी वैदेशिक रोजगारी का विभिन्न पक्षलाई निम्न भागमा विभाजन गरी सुधार गर्न जरूरी देखिन्छ ।

## क) बैदेशिक रोजगारमा जानु पुर्व :

बैदेशिक रोजगारको समस्या प्रस्थान बिन्दुबाट नै सुरु हुन्छ । यसर्थ त्यही बिन्दुबाट नै यसको सम्बोधन शुरू गरिनु पर्दछ । वर्तमानमा केही कानूनी र व्यवहारिक सुधारका पहल भएका छन् र आशाबादी हुनु बाहेक अर्को बिकल्प पनि छैन । श्रम सम्झौता अनिवार्य गरिनु एक सार्थक पहल हो । यदि कुनै मुलुकले द्विपक्षीय श्रम सम्झौता गर्न मान्दैन भने त्यस्ता मुलुकहरूमा नेपाली पठाउन रोक लगाउन सक्नु पर्छ ।

j}b]zs /f]huf/Ln]sl tko gsf/fTds s'/fx? klg leqbfPsf]5 . a9L sfo{fdtf xg]pd]/sf o'jfx? j}b]zs /f]huf/Ldf hfbF dhsn]:jefjt sfd ug{]xft kfv'/f x? udfPsf] 5 . g]kfnsf w]/}ufpF:tLdf o'jfx?, cem egf}k'?if o'jfx? gkf0g]cj:yf l;h{gf ePsf]5 . dhssf w]/} v]tjf/L afFem}/x]sf 5g\. ljb]zaf6 cln cln sdf0 u/]/ kl/jf/df /sd k7fPkl5 tL kl/jf/sf ;b:ox? g}ufpF5f8]/ ;x/ ahf/ tkm{knfog xg]sd a9bf Psftkm{ufpF l/QPsf 5g\eg]clgolGqt zx/ / a:tL lj:tf/ a9]sf]5 .

नेपाली श्रमिकको इमान्दारिता र परिश्रमको धेरै राष्ट्रहरूले प्रशंसा गरेका छन् । यसर्थ यसलाई व्यवस्थित बनाउनु दुवै पक्षको आवश्यकता हो ।

यसका साथै प्रस्थान बिन्दुमा कडाईका साथ निम्न बुदाहरूमा ध्यान दिनु जरूरी रहेको छ ।

१. बैदेशिक रोजगारमा तालिम तथा सीपका साथ जाने र सीप बिना नजाने व्यवस्था मिलाउनु पर्दछ । कतिपय अवस्थामा सीप नभएकाहरूले जान नपाउने गरी प्रतिबन्धको समेत व्यवस्था हुनु पर्दछ ।

२. वैदेशिक रोजगारीमा जानु पूर्व नै विदेशमा रहदा आउन सक्ने समस्या, अप्ठ्यारा कठिनाइको यथेष्ट जानकारी दिने व्यवस्था मिलाइनु पर्दछ । अहिले अभिमुखीकरण तालिम वा जानकारी कागजमा सिमित हुने पाइएको छ । अभिमुखीकरणलाई वैदशिक रोजगारी नियमनको अभिन्न भाग बनाई आवश्यक परे मनोवैज्ञानिक सरसल्लाह (Psychological & Psychiatric Consultation) एवं अभिमुखिकरणको समेत व्यवस्था गरिनु पर्दछ ।

३. मागपत्र विदेश स्थित नियोगबाट प्रमाणिकरण हुने व्यवस्था मिलाई प्रमाणित मागपत्रहरू आधुनिक विधुतिय संचारको प्रयोग मार्फत संबन्धित निकायहरू अध्यागमन, परराष्ट्र मन्त्रालय, श्रम मन्त्रालय (विभाग), विदेश स्थित नेपाली नियोगमा उपलब्ध हुने र विद्युतिय संचारको प्रयोगबाट नै प्रक्रियामा लैजान मिल्ने व्यवस्था गर्नुपर्छ । सबै सरोकार वालाहरू जस्तै नियोग, बिभाग, र मन्त्रालयलाई आधुनिक विद्युतीय संजालमा जोडी संजालबाट नै आवश्यक अनुमति लिन मिल्ने व्यवस्था मिलाइएमा वैदेशिक रोजगारीको नियमन पार दर्शी र प्रभावकारी हुनेछ र साथै किर्ते कागजात बनाइ ठग्ने प्रवृतिमा कमी आउने र नियमन सहज हुनेछ ।

४. वैदेशिक रोजगारी संम्बन्धी कारोवार गर्दा नगदको लेनदेन बन्द गरी आर्थिक कारोवार र भुक्तानी बैकिङ्ग प्रणाली मार्फत मात्रै गर्ने व्यवस्था मिलाउनु पर्दछ । यस्तो व्यवस्थाले पारदर्शिता ल्याउने र संम्वन्धित पक्षलाई जवाफदेही बनाउन समेत मद्दत मिल्ने छ ।

५. नेपालमा उपलब्धश्रम सीपको जानकारी दिन श्रम सीप बैंकको स्थापना गर्नुपर्छ । यस अर्न्तगत एक पोर्टल सञ्चालन गरी सो पोर्टलमा रोजगारी खोज्नेले आफ्नो सिप अनुसारको काम खोज्ने र रोजगारदाताले आफ्नो आवश्यकता अनुसारको श्रमिक खोज्ने र रोज्न सक्ने व्यवस्था मिलाउन सकिन्छ । सो पोर्टलमा निम्न व्यवस्था गरिनु पर्दछ ।

अ) कामको खोजीमा रहेकाहरूले व्यक्तिगत बिवरण अपलोड गरेर काम पाउन सक्ने र रोजगारदाताहरूले पनि उपलब्ध अवसर र खोजिरहेको व्यक्तिको सीप ज्ञान अपलोड गर्ने जसले सहज तवरले कामदार छनौट गर्ने अवसर दिनेछ ।

आ) सरकारलाई आफ्नो देशको जनशक्ति र दक्षताको विवरण सहित रोजगारदाताले खोज्ने सीप र कौशलको विवरण प्राप्त हुनेछ ।

इ) सो पोर्टललाई आधुनिक सर्च इन्जिन जस्तै प्रयोग गर्न सकेमा प्रविधिकै सहयोगमा सीप र रोजगारीलाई जोड्न सकिने र रोजगार दाता र श्रमिक बीच प्रत्यक्ष संवन्धको विकास गर्न सकिन्छ । यस्तो पोर्टल मार्फत रोजगारी को अवसर खोज्ने व्यक्ति र रोजगारदाता बीच प्रत्यक्ष सम्बन्ध खडा हुने हुदा बिचमा बसेर फाइदा लिने बिचौलिया कम हुनुका साथै कामदार कर्मचारी नियुक्त गर्दा लाग्ने खचर्मा समेत कमी आउने छ ।

### ख) विदेशमा रहँदाको अवधि तथा नियोग सम्वन्धमा :

१. विदेशस्थित नियोगलाई उपयुक्त प्रविधिले सुसज्जित र कुशल बनाउनु पर्दछ । नियोगमा कार्यरत कर्मचारीको उचित तालिमको व्यवस्था गरी उनीहरूलाई सेवामुखी बनाइनु पर्दछ । यसले विदेशमा कार्यरत नेपालीहरूले नेपाल मा सरकार भएको र त्यसले आफ्नो नागरिक को हकहित ख्याल राख्ने गरेको अनुभूति हुनेछ । विभिन्न देशको आवश्यकता अनुसार दुतावासद्धारा मोबाइल सेवाहरू संचालन गरिनुपर्दछ । यसका साथै कानुन अनुसार मापदण्ड पुगेको देशमा श्रम सहचारीको व्यवस्था गरिनु पर्छ र धेरै देशहरू हेर्ने नियोगबाट आफ्नो क्षेत्रमा परेको देशहरूमा त्रैमाशिक रूपमा कन्सुलर सेवा दिन फिल्ड भिजिटको व्यवस्था गरिनु पर्छ । नेपाली कन्सुलर सेवा सहज रूपमा पुऱ्याउन आवश्यकता अनुसार अवैतनिक महा वाणिज्य दूतको पनि व्यवस्था हुन जरूरी छ ।

२. मन्त्रालयबाट निर्णय भईसकेको विदेश स्थित नियोगबाट श्रम तथा बिमा नविकरण सुविधा यथाशिघ्र कार्यन्वयनमा ल्याइनु पर्दछ । यो सरकारले जनता प्रति निभाउने दायित्व पनि हो । यसले विदेशमा हाल कार्यरत नेपालीलाई सहज हुने, श्रम मन्त्रालयमा चाप कम हुने, तथा नेपालका निकायहरूमा हुने बिचौलियाका ठगी कम हुनुका साथै लामो समयसम्म बिदेशमा रहने नेपालीहरूबाट नियमित रूपमा राजस्व संकलन हुने जस्ता फाइदा हुनेछन् । यस सुविधा मार्फत श्रमिकहरूलाई श्रम र बिमा समयावधि भित्रै गर्न सहज हुनेछ र भविष्यमा पर्ने भवितव्यबाट आर्थिकरूपमा सुरक्षित राख्नेछ ।

३. नेपाली नियोगले आफु कार्यरत मुलुकमा विभिन्न सामाजिक संस्थासंग समन्वय गरीबि भिन्न बिषयहरूमा प्रशिक्षण तथा जनजागरण कार्यक्रमहरू संचालन गर्नुपर्दछ । यि कार्यक्रमहरूमा नेपालमा सम्बन्धित विषयमा भएका नितिगत एवं प्रकृयागत परिवर्तनहरूको जानकारी दिइनुपर्दछ ।

४. कुनै नेपाली अनाहकमा वा बिना कसुर जेल जीवन बिताउन परेको वा अनाहकमा कुनै विपदमा परेको खण्डमा राज्य पूर्ण जिम्मे- वार रही उद्धारको पहल गरिनुपर्दछ । त्यस्तै वैदेशिक रोजगारीमा गएकाहरूलाई उपचारको क्रममा कोमामा बस्नु पर्ने, उपचारबाट बन्चित हुनुपर्ने स्थितीबाट मुक्त गराइनुपर्छ । वैदेशिक रोजगारमा बिदेशमा नेपालीबाट हुने ठगीलाई पनि सरकारले नियन्त्रण गनु पहल गर्नुपर्दछ । यस्ता समस्या समाधानको लागि नियोगमा कानुन सहचारी तथा प्रहरी सहचारीको व्यवस्था गरिनु पर्दछ ।

५. माथि अन्यत्र उल्लेख भए अनुसार तालिम लिएर बिदेश प्रस्थान गर्ने व्यक्ति लाई मनाबैज्ञानिक तालिम प्रदान गरिनु पर्छ जसले भविष्यमा आई पर्नसक्ने अप्ठ्याराहरू प्रति प्रतिकार गर्ने हौसला प्राप्त हुनेछ । एउटा बलियो मानसिकता तयार पारेर बिदेशिने व्यक्ति उसको लक्ष्य र आम्दानीका बारेमा पूर्ण जानकार भएको खण्डमा मानसिक विकारको शिकार हुने सम्भावना कम हुन्छ । आफु जाने देशको धर्म र संस्कृतीका बारेमा जानकारी भएमा अज्ञानताबाट हुने समस्याबाट जोगिनुका साथै स्वास्थ्य,सुरक्षा, वाताबरण र हावापानीका बारेमा पनि तालिममा जानकारी दिंदा एउटा परिपक्क व्यक्ति मात्र वैदेशिक रोजगारमा जाने भएकाले वैदेशिक रोजगारका समस्याहरू केहि न्युनिकरण हुनेछन्।

### ग) विदेशको वसाइ पछि फर्केर आउने सम्वन्धमा

हालसम्म हामीले विदेशमा मृत्यु भएर वा अंगभंग भएर आउनेको समस्यालाई मात्र फर्कने हरूको समस्याका रूपमा हेरेका छौं । तर यस समस्यालाई बृहत रूपमा हेर्नु आवश्यक छ । अबका दिनहरूमा फर्कनेहरूको संख्या बढ्ने निश्चित छ । केही वर्षभित्रै वैदेशिक रोजगारी मा जानेहरूभन्दा पनि फर्कनेहरूको संख्या बढी हुने प्रवल संभावना छ । यस्तो अवस्थामा फर्कने हरूलाई नेपालको आर्थिक तथा सामाजिक जीवनमा कसरी पुर्नस्थापन, पुनःएकिकरण गर्ने भन्नेमा सरकार लगायत सबै सरोकारवालाहरूको ध्यान जानु जरूरी छ ।

१. सर्वप्रथम फर्कनेहरूको सामाजिक सुरक्षा स्थापित गराउन सक्नु पर्दछ । विश्वभरि अहिले आफ्नो योगदानका आधारमा दिइने सामाजिक सुरक्षाको महत्व बढ्दै गएको छ । अहिलेको बिमा व्यवस्थाले बाहिर बसुन्जेल हुन सक्ने दुर्घटनाको जोखिमलाई मात्र व्यवस्थापन गर्न मद्दत गरेको छ तर उमेर बढ्दैजाँदा आवश्यक सामाजिक सुरक्षालाई ध्यान दिन सकेको छैन । त्यसैले भविष्य सुरक्षित गर्न अनिवार्य अवकाश कोष जस्तै कोषको व्यवस्था गर्न सकिन्छ । विदेश जाँदा र त्यहाँ काम गर्दा प्रति महिना सानै भएपनि खास रकम जम्मा गर्नुपर्ने र निश्चित अवधि पछि त्यो रकम र त्यसबाट भएको लाभ सहित जम्मा गर्नेलाई फिर्ता दिने व्यवस्था भएमा एकातर्फ राज्यलाई ठूलै लगानीयोग्य रकम मिल्ने र अर्को तर्फ विदेशमा कार्यरत व्यक्तिको पनि वचतहुने र भविष्यमा केही गर्ने अठोट पुरा हुने थियो । नेपालमा कार्यरत कर्मचारीको सञ्चय कोष जस्तै प्रकारको अनिवार्य अवकास कोषको व्यवस्था मिलाउन सकिन्छ । त्यस्तो कोषलाई भविष्यको पेन्सन (निवृतिभरण) र जोखिम व्यवस्थापन बिमा योजना सँग पनि जोड्न सकिन्छ ।

वैदेशिक रोजगारीमा छोटो समयका लागि जाने र फर्केपछिको आयको सुनिश्चितता नहुने हुनाले स्वेक्षिक जिवन बिमा (Endowment Policy) जस्ता योजना वैदेशिक रोजगारीका लागी त्यति प्रभावकारी नहुन सक्छ । तर अनिवार्य वचत योजना एक उपयुक्त कदम हुनेछ । संघले हजारे अभियानलाई उपयुक्त विकल्पको रूपमा अघि सारेको हो । यसलाई सरकारबाट प्रतिबद्धता साथ अनिवार्य गराइएमा धेरै समस्याको समाधान हुने थियो । श्रम मन्त्रालयबाट वैदेशिक रोजगारी मा गएकाहरूको लागि सञ्चयकोष सम्बन्धमा गरेको कार्यदल गठन गर्ने निर्णयलाई संघले निकै सकारात्मक कदमको रूपमा लिएको छ ।

२. सामाजिक सुरक्षाको अतिरिक्त फर्केका व्यक्तिहरूलाई नेपालकै अर्थतन्त्रमा योगदान गर्न लगाउनु अर्को प्रमुख चुनौती हो । यसका लागि विदेशमा रोजगारी पश्चात फर्कनेहरूलाई उद्यमी बनाउन राज्य र सम्वन्धित निकायबाट आवश्यक सहयोग र परामर्श दिने व्यवस्था गरिनु पर्दछ। वैदेशिक रोजगारीबाट फर्कनेहरूलाई उद्यमी बनाउन सके नेपालको आर्थिक विकासमा नै ठूलो मद्दत मिल्ने छ । नेपालमा लगानी गर्न सकिने क्षेत्र, आकर्षक व्यवसायबारे अध्ययन गरी वैदेशिक रोजगारीबाट फर्केकाहरूलाई त्यस क्षेत्रमा आफ्नो श्रम, शीप लगानी गर्न उत्प्रेरित गरिनु पर्दछ ।

३. वैदेशिक रोजगारीमा नै रहेकाहरूका लागि

नेपालका सम्भावित विभिन्न व्यवसायको जानकारी दिनुका साथै उद्यमी बन्न खोज्नेहरूका लागि नेपाल सरकार र नेपालका निकायहरूले के-कस्ता सहयोग वा सहुलियत दिने गरेका छन् त्यसको जानकारी दिनुपर्दछ । विशेष गरी विदेशमा आफुले गरेको कामसंग नै संवन्धित उद्यम नेपालमा गर्नेहो भने त्यस्ता उद्यमी लाई विशेष सहुलियतको व्यवस्था गर्न सकिन्छ । साथै त्यस्ता उद्यमीलाई सहुलियती ऋण एवं आवश्यक प्राविधिक सहयोगको व्यवस्था गरिनु पर्दछ ।

४. विदेशमा जानेको ज्ञान र सिकेको सीपको नेपालमा प्रयोग गर्न सके नेपाली अर्थतन्त्रलाई ठूलो टेवा पुग्नेछ । सरकारले विदेशमा सिकेको सीप र नेपालका उद्योग व्यवसायका आवश्यक सीप बीचको तादश्यता मिलाउन सके नेपाली अर्थतन्त्रमा ठूलै योगदान पुग्न सक्ने थियो । यसका लागि एक अनलाइन सीप वैंकको स्थापना गर्न सकिन्छ जसमा वैदेशिक रोजगारीमा भएका र फर्केकाहरूले आफ्नो सीपको विवरण राख्न सकुन् । त्यस्तै नेपाली व्यवसायीहरूले पनि आफुलाई आवश्यक भएको सीप भएको व्यक्ति चयन गरी निजलाई काममा लगाउन सकुन् ।

५. भविष्यमा फर्कनेहरूको समस्या बढ्दै जाने देखिएकोले उनीहरूलाई पर्ने समस्यालाई सम्बोधन गर्न र उनीहरूलाई परामर्श दिन सक्ने किसिमको जनशक्तिको तयारी अहिलेबाट नै सुरू गरिनुपर्दछ । सरकारले फर्कनेहरूलाई नेपालको अर्थतन्त्रमा पुनस्थापना गर्ने व्यवस्था मिलाउनु पर्दछ । साथै वैदेशिक रोजगारीमा बढी समय रहेर फर्कनेहरूका लागि खास परिचय पत्रको व्यवस्थागर्न सकिन्छ ।

### घ) महिला वैदेशिक रोजगार सम्बन्धमा :

महिला वैदेशिक रोजगारीका थप चुनौती रहेका छन् । अझ घरेलु कामदार वा केयर गिभरका रूपमा विदेश जानेहरूले थप समस्या भोग्ने गरेका छन् । वैदेशिक रोजगारमा गएका महिलाहरूको चरम समस्याहरू उजागर भएपछि सरकारले घरेलु कामदारहरूलाई खाडी मुलुकमा जान रोक लगाएको छ । महिलाहरूलाई स्वदेशमा नै रोजगारीको व्यवस्था गर्नु हाम्रो प्रमुख आवश्यकता हो तर यसको व्यवस्था हुन नसकेकोले नै हाल अवैधानिक बाटोबाट महिलाहरू बैदेशिक रोजगारमा जाने गरेका छन्। यसले गर्दा समस्या परेको खण्डमा झनै अप्ठ्यारा स्थितिको सिर्जना भएको छ । यसका साथै लामो समय देखि वैदेशिक रोजगारीमा रहेका महिलाहरूको पनि श्रम स्वीकृती नविकरण नहुँदा उनिहरू बिमा जस्ता सुविधाबाट बञ्चित छन् र राज्यले त्यसबापत राजश्व संकलन पनि गर्न सकेको छैन । साविकमा काम गरिरहेका महिलाहरूले आफ्नो पुरानै स्थानमा कामगर्न चाहेमा बिना रोकटोक पुनः श्रम स्वीकृत गर्न दिने व्यवस्था मिलाउन सकिन्छ । घरेलु कामदारका रूपमा काम गर्ने भन्दैमा सबै नै चरम शोषणमा पर्छन भन्ने ठान्नु सही होइन,कतिपयले राम्रै सुविधा र राम्रै व्यवहार पाएका छन् । उनीहरूको परिश्रमको कदर भएको छ । तिनीहरूलाई सहमतिमा अरू अवधि काम गर्नबाट वञ्चित गरिनु हुदैन ।

महिला वैदेशिक रोजगारीलाई वैधानिक तवरले सम्वोधन गर्नुपदर्छ । यसका लागि एजेन्सी टु एजेन्सीको व्यवस्था गरी विदेश स्थित नियोगहरूको समेत संलग्नता रहने गरी व्यवस्थित गर्न सकिन्छ । बर्तमान अवस्थामा महिला घरेलु कामदार पठाउन रोक्का गरिएपनि यो पुर्णतया रोकिन सकेको छैन । आफुले प्रतिबन्ध लगाएको भनेर सरकार समस्याबाट भाग्न सक्दैन । उद्धार कार्यमा सरकारको नियोग नै अघि आउनु पर्ने बाध्यता छ र रहने छ । तसर्थ रोक लगाउने, प्रतिवन्धित गर्ने भन्दा पनि व्यवस्थित गर्ने तर्फ पहल हुन जरूरी छ ।

### ङ) सामाजिक सुरक्षा संवन्धमा :

वैदेशिक रोजगारीमा गएकाहरूको सामाजिक सुरक्षा व्यवस्थित गर्ने उद्देश्यले संघले कर्मचारी संचयकोष सँग अनिवार्य वचत कोष स्थापना गर्ने सम्बन्धमा एक स्मृति पत्रमा हस्ताक्षर पनि गरेको छ । संघले राखेको प्रस्तावका बारेमा अझै गहन अध्ययन गरिनु पर्दछ । हामीले आफ्नो प्रस्तावमा संकलन र वितरणको मोडालिटी, आपत बिपतको सहयोग, अनि लगानी र आवश्यकताका मोडालिटीहरू पेश गरेका छौ । सारशंमा यो अनिवार्य बचत कोषका रूपमा सरकारको कुनै बिभाग वा प्राधिकरणद्धारा संचालित हुनुपर्छ । यो बाध्यकारी वचतको व्यवस्था हो । यसमा बैदेशिक रोजगारीमा गएकाहरूले अनिवार्य रूपमा मासिक १ हजार देखि ५ हजार सम्म राष्ट्रले निर्माण गरेको कोषमा जम्मा गर्नुपर्ने हुन्छ । नेपालबाट बिदेश जानु अगावै त्यस कोषको सदस्यता लिएर जानुपर्ने वाध्यकारी बनाउने र विदेश गएको एक महिना पछि बिदेश रहुन्जेल त्यस खाताको ऋणी हुने गरी यो कोष संचालन गर्न सके धेरै हदसम्म वैदेशिक रोजगारीमा गएकाहरूको भावी जीवनलाई मद्दत गर्न सकिने थियो ।

### अनिवार्य वचत कोषका आधारभुत बिशेषताहरूः

क) वैदेशिक रोजगारीमा जाँदा श्रम अनुमती, ईन्सुरेन्स र अनिवार्य वचत कोषमा योगदान बाध्यकारी बनाइनुपर्छ ।

ख) विदेशमा रहेकाहरूलाई सरकारले अपील जारी गरेर दुतावास र एनआरएन मार्फत बृहत अभियान चलाई सवैलाई यसमा समेट्नुपर्छ ।

ग) सम्झौता नगरी विदेश जानेहरूका लागि स्वेच्छिक रूपमा यस्तो कोषमा बचत गर्न मिल्ने व्यवस्था मिलाइनु पर्दछ ।

घ) विदेश बसाइको अवधिभर यो कोष अनिबार्य रूपमा लागु रहने तर नेपाल फर्केपछि पनि यसमा निरन्तरता दिन मिल्ने गरि न्यूनतम ६ देखि१० वर्ष बचत गरेपछि मात्र प्रतिफल प्राप्त हुने व्यवस्था गरिनुपर्छ । यस्तो कोषले वैदेशिक रोजगारीमा जानेहरूको वचतको बानी बस्ने छ र मुलुकले ठूलै लगानी योग्य रकम प्राप्त गर्न सक्ने छ । यस्तो रकमलाई सम्भाव्यताको आधार मा वैदेशिक रोजगारीमा गएकाहरूको परिवारले वा रोजगारीबाट फर्केकाहरूले कुनै व्यवसाय सुरू गरेमा उनीहरूलाई ऋण दिन प्रयोग गर्न सकिन्छ ।

### च) संयुक्त आवास योजना विकास सम्बन्धमा :

बर्तमानमा वैदेशिक रोजगारमा गएका नेपालीहरूको जीवनशैली परिवर्तित भईरहको छ । उनीहरू बिदेशमा रहँदा उपभोग गरको त्यहाँको शासन प्रणाली भौतिक सुविधामा बानी परेका छन् । नेपालको राजधानी वा शहर केन्द्रित मनोभावना हुनेहरूमा स्वतः बैदेशिक रोजगारीका नेपालीहरू पनि पर्छन् । राजधानीलाई मात्र शहरीकरण गरिरहनुभन्दा देशका अन्य क्षेत्रलाई पनि शहरीकरण गरिनु पर्छ । यसर्थ वैदेशिक रोजगारीबाट फर्केकाहरूको लागि बिशेष क्षेत्र तोकी शहरको आसपास कोलनी जस्तो संयुक्त आवास बिस्तार गरिनुपर्छ । बैदेशिक रोजगारीमा रहेका नेपालीहरू हाम्रो बदलिदो समाजमा पुर्नस्थापना हुन पनि सहज छैन । यसर्थ स्वदेश फिर्तिसँगै धेरैले आत्मग्लानी, हिनता वोध गरेको,दुव्यसनको शिकार र केहि हद सम्म आत्महत्या गर्ने जस्ता घटनाहरू पनि भईरहेका छन् । यसर्थ सरकारले माथि उल्लेख गरिएको कोष वैदेशिक रोजगार सामाजिक सुरक्षा कोषबाट विभिन्न ठाउँ केन्द्र प्रदेश जिल्लाहरूमा संयुक्त बस्तीका अवधारणाको बिकास गर्नुपर्छ । यस्तो प्रकारको आवासहरू लिजमा या खरिद गर्न पाउने व्यवस्था मिलाएर कोलनी मोडेल तयार गरिदिने र संयुक्त आवास बनाउन सहयोग गर्नुपर्छ । यसले गर्दा एकातर्फ नेपालको शहरीकरणलाई व्यवस्थित गर्न र अर्को तर्फ वैदेशिक रोजगारीबाट फर्कनेको संख्या धेरै हुँदा आइलाग्ने समस्या कम गर्न मद्दत मिल्ने छ । साथै वैदेशिक रोजगारीबाट फर्केकाहरूलाई दिनुपर्ने सहयोग र परामर्श दिन समेत मद्दत मिल्ने छ ।

## डण्डीबियो प्रतियोगीता सम्पन्न

गैरआवासीय नेपाली संघ युवा फोरमले एनआरएनए प्रेसिडेन्सियल अवार्ड - २०१८ अन्तर्गत आयोजित अन्तरकलेज डन्डी बिंयो प्रतियोगिता प्रतियोगितामा नाम्रेथ कलेज विजयी भएको छ । यस्तै रिम्स कलेज द्वितिय तथा कुटुम्ब कलेज तृतीय भएको छ । कुल १६ कलेजहरू मध्येबाट अन्तिम चरणमा पुगेका ६ कलेज टिम खेलमा सहभागी भएका थिए । असोज २१ गते आयोजित अन्तिम चरणको खेलमा रिम्स कलेज, ग्रिनफिल्ड कलेज, एजीएम कलेज, न्युटन कलेज, नाम्रेथ कलेज तथा कुटुम्ब कलेज प्रतिस्पर्धामा सहभागी भएका थिए ।



# राष्ट्रव्यापी निवन्ध प्रतियोगिताको उत्कृष्ट निवन्ध

गैरआवासीय नेपाली संघको पन्ध्रौं स्थापना दिवसको अवसरमा गैरआवासीय नेपाली संघ युवा फोरमले राष्ट्रव्यापी निवन्ध प्रतियोगिताको आयोजना गरेको थियो । "नेपालको विकासमा गैरआवासीय नेपालीको भूमिका" शीर्षकमा प्राप्त निवन्धहरू मध्ये उत्कृष्ट निबन्धको छनोट गर्ने सम्पूर्ण अधिकार गैरआवासीय नेपाली संघद्वारा गठित छनोट समितिमा सिमित गरिएको थियो । उत्कृष्ट निवन्धलाई गैरआवासीय नेपाली दिवसका दिन ३० हजार रूपैयाँ नगद तथा प्रमाणपत्र प्रदान गरिने छ । यस्तै द्वित्तीय पुरस्कार १५,००० तथा प्रशंसा पत्र र तृतीय पुरस्कार ५,००० तथा प्रशंसा पत्र प्राप्त गर्नुहुनेछ । प्रतियोगितामा उत्कृष्ट निवन्धलाई यहाँ प्रकाशन गरेका छौं ।

# 'नेपालको विकासमा गैरआवासीय नेपालीको भूमिका'

– रमेश मगर

सुन्दर, शान्त र सौम्य नेपाल आज विकसित मुलुकहरूको अगाडि लाजले मुख छोप्न बाध्य छ । समयअनुसार अनेक विधि र शासन परिवर्तन भए पनि सगरमाथाको उचाइमा पुग्नुको साटो रछ्यानमै रैथाने भई आफ्नो अस्तित्व र पहिचान जोगाउन भनी त्यही गुह्य मन्त्र जप्दै बस्नाले नेपाल संसार भर फैलनु भन्दा पनि साघुँरिदै जाने हो कि भन्ने डर छ । हुन पनि ठुला विकसित मुलुकहरू विज्ञान र प्रविधिको भऱ्याङ चढेर अन्य ग्रह तथा भू-उपग्रहहरूको भ्रमण गर्दैछन् भने अविकसित नेपालको यस्तो दयनीय अवस्थाप्रति देश विदेशमा रहेका सम्पूर्ण नेपालीहरूको हृदयदेखि नै सहानुभुति प्रकट हुनु स्वभाविक छ । वीर पुर्खाहरूले ठुलो संर्घष गरी सिर्जना गरेको पवित्र भूमि नेपालले आजको आधुनिक र विज्ञानको समयमा पनि मुहार फेर्न नसक्दा नेपाल आमाका देशभक्त सन्तानहरू चिन्तित छन् ।

देशभित्र वा देशबाहिर जहाँ भएपनि सच्चा नेपालीहरू आफ्नो देशले प्रगति गरेको हेर्न चाहन्छन् र मन्दिर गुम्बा, चर्च, मस्जिद जहाँ पुगेपनि प्यारो देश नेपालले संकटबाट मुक्ति पाओस् भनी प्राथना गरिरहन्छन् । यद्यपि आफ्नो राष्ट्रप्रति हरेक नागरिकले असीम माया भाव दर्साउनु कुनै नौलो कुरा होइन, बरू राष्ट्रको लागि गहन जिम्मेवारी बोकेर मन, बचन, र कर्मले आफ्नो उत्तर दायित्व पुरा गरी राष्ट्र हितमा काम गर्नु ठूलो कुरा हो । जहाँ नागरिकले आफ्नो राष्ट्रको हितमा काम गर्दछन् , त्यहाँ त्यस राष्ट्रको विकास सम्भव छ । यसरी नै राष्ट्रको लागि मरि मट्ने र आफ्नो स्वदेशी भूमिलाई सिङगार्नकै लागि निम्ति ज्यानको जोखिम मोलेर पौरख गर्ने कर्मवीर नेपालीहरू नै हुन् । गैरआवासीय नेपाली जसले नेपालको विकासमा महत्वपूर्ण कदम चाल्न सक्छन्, जुन आजको प्रमुख आवश्यकता पनि हो ।

'गैर+आवासीय' दुई शब्द मिलेर बनेको गैरआवासीय शब्दको सिधा अर्थ 'घरबार नभएकोहो भने आवासीय नेपालीको समग्र अर्थ घरबार नभएका नेपाली भन्ने बुझिन्छ । वर्तमान परिप्रेक्ष्यमा गैरआवासीय नेपालीको चर्चा शिखर मा चुलिएको छ र भविष्यमा पनि यसबाट शुभ सन्देशहरू पाउने आशा जीवीत छँदै छ किनकि गैर नेपाली शब्दावलीको अर्थ साघुँरो र सङ्कुचित जस्तो देखिए पनि यसले समग्र नेपालको हितमा निकै फराकिलो र उदार अर्थ राखेको छ । यसरी हेर्दा नेपालको विकासमा गैरआवासीय नेपालीहरूको आफ्नो महत्वपूर्ण भुमिका निर्वाह गर्न आतुर छन् । वास्तवमा गैरआवासीय नेपालीहरू आफ्नो महत्वपूर्ण नेपाली माटोलाई कहिल्यै भुल्न चाहँदैनन् । परदेशलाई कर्म भूमि बनाई आफ्नो उज्ज्वल भविष्य निर्माण गर्ने बाटो सात समुन्द्र पारी तय गर्दै गरे पनि गैरआवासीय नेपालीहरू आफू र मातृभूमिप्रतिको अगाध मायालाई कुनै पनि हालतमा बिर्सन सक्दैनन् । गैरआवासीय नेपालीहरू आफू र मातृभूमिलाई नङ र मासुको सम्बन्धमा स्थापित गर्दछन् र सधैं नेपालको उन्नति गर्ने कुरामा ध्यान केन्द्रित हुन्छन् । त्यसैले गैरआवासीय नेपालीहरू आफ्नो लगनशीलता, विवेक, समय विदेशी भूमिमा खर्चिए पनि हामी नेपाली हौं भनी आफ्नो र नेपालको शिर ठाडो पारिरहेका छन् । विदेशी भूमिमा भएपनि

आफ्नो पौरख र बहादुरिता देखाई नेपाली पहिचान र नेपालीत्व झल्काउने काम गैरआवासीय नेपालीले गरेको हुँदा आज नेपाल संसारभर परिचित भएको छ । गैरआवासीय नेपालीहरू हिमाली स्वच्छ हार्दिकताले सम्पन्न देश, सभ्यताको बिहानीले स्पर्श गरेको देश, प्राकृतिक सौन्दर्यले सिंगारिएको देश नेपाललाई आस्थाको केन्द्रबिन्दु मान्दै यहाँका अनेकौँ विकासका सम्भावनालाई साकार पार्न चाहन्छन् ।

विदेशमा प्राप्त गरेको सिप, कला, ज्ञान, बुद्धिका साथै विज्ञान र प्रविधिको प्रयोग गरी विकासोन्मुख देश नेपाललाई विकसित देशहरूको दाँजोमा लैजान सक्ने दक्ष जनशक्ति नै गैरआवासीय नेपालीहरू हुन् । स्वदेशको ममतामा पौडिएर स्वदेश भक्तिको गुणगाण्नमा आफूलाई समर्पित गरेको हुँदा आजको संकटकालिन अवस्थामा सिङ्गो राष्ट्र नेपालले तिनै विकासका संवाहक गैरआवासीय नेपालीहरूको बाटो टुलुटुलु हेरी बस्न बाध्य भएको छ । नेपालको चुहिएको छानो छाउने, इज्जत ढाक्न फाटेको लुगा टालि-दिने, भोको पेट भरिदिने साथै जीर्ण भौतिक संरचनाहरू पूनर्निर्माण गर्ने, पर्यटकीय गन्तव्य स्थललाई दीर्घकालीन रूपमा व्यवस्थित गर्ने, मौलिक तथा प्राकृतिक स्रोत साधनको सही सदुपयोग गरी नेपालको अर्थतन्त्र बलियो बनाउने मूख्य अभिभारा गैरआवासीय नेपाहरूकै हातमा छ ।

'जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसि' भनेझैं जननी र जन्मभूमिलाई स्वर्गभन्दा पनि महान् ठान्ने गैरआवासीय नेपालीहरू कसरी आफ्नो प्राणभन्दा प्यारो देश वा जन्मभूमि अपाङ्ग भएको हेर्न सक्छ र ? आफ्नो देशलाई छाडी जाने र विदेशमा गई पौरख गरी विदेशी भूमि नै उर्वर बनाउनेहरू विदेशको रमझममा रमाउँछन्, विदेशी माटोसँगै प्रीति लाउँछन्, पश्चिमेली समाजसँगै साइनो गाँस्न पुग्छन् भन्ने अनुमान गर्न सकिन्छ तर सुख सुविधाका पछि लागेर वैभवबाट उन्मत भई जन्मभूमिलाई लात हान्नेहरू असल मान्छे हुन सक्दैन् भन्ने कुरा पनि गैर आवासीय नेपालीहरूलाई प्रस्ट थाहा छ । त्यसैले गैरआवासीय नेपालीहरूले अन्तर्राष्ट्रिय सञ्जाल तथा गैरआवासीय नेपाली संघको मातहतबाट नेपालको विकासका लागि नवीन पाइलाहरू चालेका छन् ।

सार्क मुलुक बाहेकका मुलुकमा रहेका नेपाली नागरिक तथा नेपाली मूलका विदेशी नागरिक अटाउन सक्ने गैरआवासीय नेपालीहरूको अन्तर्राष्ट्रिय सञ्जाल अहिले धेरै देशहरूमा विस्तारित भएका छन् । यो सञ्जाल स्थापना गर्नुको मुख्य उद्देश्य नेपाल बाहिरका नेपालीहरूको प्रसिद्धि बढाउनु नभई आफ्नो जन्मभूमिको विकासका लागि सबैले यथाशक्य गनुपर्ने उद्देश्यका साथ स्थापना भएको हो । सन् २००३ मा भएको काठमाडौंको सम्मेलनबाट स्थापित यो गैरआवासीय नेपाली संघले स्थापना कालदेखि हालसम्म नेपालका लागि धेरै उत्पादनमूलक कार्यहरू गरेको छ । नेपालको बढ्दो बेरोजगारी समस्याको अन्त्य गर्न गैर आवासीय नेपाली संघको सहकार्यमा प्राविधिक शिक्षा प्रणाली - (भोकेशनल शिक्षा ) लागु गर्न यस गैरआवासीय नेपाली संघले नै पहल गरेको छ भने सरकारसँग आवश्यक सहयोग गर्ने योजना बनाएको छ ।

रोजगारीका लागि प्राविधिक शिक्षा, महिलाका लागि सिपमूलक तालिम सञ्चालन गर्ने रणनीति गैर आवासीय संघले ल्याएको छ । गैरआवासीय नेपाली संघ महिला फोरमले हालसम्म गरेका कार्यहरूको प्रशंसा गर्दै महिलाहरूको लागि उद्यमशिलता विकास तथा लगानी अभिवृद्धिका लागि आवश्यक सहयोग गर्ने र महिलाहरूलाई लगानीका क्षेत्रमा अघि बढाउनुपर्ने धारणा गैरआवासीय नेपाली संघको रहेको छ । गैरआवासीय नेपाली संघ पहिला फोरमको सक्रियतामा नेपालमा केही समय अघि बाट सुरु भएको सिप विकास तालिमलाई निरन्तरता दिँदै आएको छ भने गैरआवासीय नेपाली संघले अभिया-नमा महिलाहरूको सहभागिता सुनिश्चितता गर्ने, गराउने अठोट गैर आवासीय संघले गरेको छ । यसबाट सम्पूर्ण नेपाली महिलाहरूको मनोबल बढेको छ भने नेपाली महिलाहरूले अवसर र रोजगार पाएका छन् । यसरी नै नेपालमा वार्षिक २० लाख पर्यटक भित्र्याउने उद्देश्यसहित नेपाल सरकारले हालै घोषणा गरेको 'भिजिट नेपाल २०२०' कार्यक्रम प्रति ऐक्यबद्धता जनाउँदै सो अभियानलाई सफल बनाउन अत्याधिक पर्यटक भित्र्याउन यूरोपस्थित नेपाली दुतावासहरू तथा नेपाल पर्यटन बोर्डका मानार्थ प्रतिनिधिहरूसँग समन्वय गर्न युरोपका सबै राष्ट्रिय परिषद्हरूलाई गैरआवासीय संघले अनुरोध गरेको छ । युरोप क्षेत्रमा बढ्दै गएको मानव तस्करी रोक्न गैर आवासीय नेपाली संघ सरकारसँग सहकार्य गर्न हरदम तयार छ । यसको लागि आवश्यकता अनुसार कानुनी व्यवस्था निर्माण गर्न सरकारसँग आग्रह गरेको छ । यति मात्र नभई विदेसिने नेपालीहरूको उपस्थित र समस्याहरू बढ्दै गईरहेको विभिन्न राष्ट्रहरूमा नेपाली दुतावास राख्नुपर्ने जायज माग गैरआवासीय संघले उठाएको छ र नेपाल सरकारलाई यसतर्फ यथाशीघ्र आवश्यक कदम चाल्न अनुरोध गरेको छ । जसकारण प्रवासी नेपाली तथा आम नेपालीहरूले आफू सुरक्षित भएको महसुस गर्न पाउनेछन् । युरोप क्षेत्रमा बसोबास गर्ने युवा तथा दोस्रो पुस्तालाई गैरआवासीय नेपाली अभियानको मुल धारणा समाहित गर्दै नेपालको सर्वाङ्गीण विकासमा हातेमालो गर्न सरोकारवाला व्यक्ति तथा सम्बन्धित निकायलाई गैरआवासीय नेपाली संघले झकझकाएको छ । साथै युरोप क्षेत्रका गैरआवासीय नेपाली बालबालिकाहरूलाई नेपाली भाषा, लिपि, संस्कार, संस्कृति सिकाउने कार्य गर्न गैरआवासीय नेपाली संघ दत्तचित्त भएर लागेको छ । फलस्वरूप सिङगो नेपाली भाषा तथा संस्कृतिको विकास भई अन्तर्राष्ट्रिय स्तरमै यसको पहिचान बन्न सक्ने प्रबल सम्भावना पनि छ ।

नेपालको विद्यमान निर्वाहमुखि कृषि प्रणालीलाई व्यावसायिकरण तथा औद्योगिक गरी 'समृद्धिको आधार कृषि र कृषि अभियानमा गैरआवासीय नेपाली' भन्ने भावका आाधारमा विदेशमा सिकेका प्रविधि, सिप र अनुभव सहित गैरआवासीय नेपालीहरूको कृषि क्षेत्रको समग्र विकासमा सहभागिता बढाउने काम गैर आवासीय नेपाली संघले गरेको छ । कल्याणकारी काम तथा देशको सर्वाङ्गिण विकासका निम्ति गैरआवासीय नेपालीहरूको आ-आफ्ना तरिकाले लगानी प्रशस्तै गरेको दृष्टान्त एथेष्ट छन् । साथै लगानीकर्ताको लगानीको सुसक्षाको निम्ति अनिवार्य शर्तको रूपमा रहने करमुक्ति सम्झौता गर्ने अभियान ल्याई ठूला मुलुकहरूमा समेत सम्झौता प्रकिया अघि वढाउने गैरआवासीय नेपाली संघले सरकारलाई सुनौलो बाटो देखाएको छ । यसबाट गैरआवासीय नेपाली र विदेशी लगानी भित्र्याउन सहयोग पुग्नेछ । आज गैरआवासीय नेपालीहरूको सामुहिक एकताले गर्दा विश्वभर छरिएर रहेको गैर आवासीय नेपालीले विदेशमा आर्जन गरेको पूँजीलाई प्रचलित कानुन बमोजिम नेपालमा लगानी गर्ने उदेश्यसहित ठुला-ठुला कम्पनीहरू स्थापना गरी त्यस कम्पनीमा जम्मा भएको पूँजी नेपालमा उर्जा लगायत अन्य क्षेत्रमा लगानी गर्ने मूल उद्देश्य गैरआवासीय नेपाली संघले राखेको छ । यसर्थ गैरआवासीय नेपाली (विदेशमा बस्ने नेपाली तथा नेपाली मूलको विदेशी नागरिक) दुवैले नेपालको हितमा लगानी गरी समृद्ध नेपालको निर्माणमा टेवा पुऱ्याउन सक्नेछ । गैरआवासीय नेपालीहरूको साझा संगठन गैरआवासीय नेपाली संघ एक उच्चस्तरीय सामाजिक संस्था भएकोले पनि यसले सामाजिक तथा परोपकारी काम गरी देशको विकासमा महत्वपूर्ण टेवा पुऱ्याउनेछ । गैरआवासीय नेपाली संघको पूल उद्देश्य नै विश्वभरि छरिएर रहेका नेपालीहरूको सिप, ज्ञान र पूँजीलाई नेपाल भित्र्याउनु हो । देश विकासको लागि लगानीको आवश्यक पर्ने कुरा नकार्न सकिँदैन । नेपालको वर्तमान परिस्थीतमा विदेशी लगानीकर्ताहरूले नेपालमा लगानी गर्ने अनुकुल वातावरण नरहेको अवस्थामा उनीहरूलाई समेत लगानीको लागि प्रेरित गर्न नेपाललाई माया गर्ने र नेपालको विकास चाहने सम्पूर्ण गैरआवासीय नेपालीहरूले हरेक क्षेत्रमा लगानी गरेर देखाउन सक्नेछ । विभिन्न समस्या तथा चुनैातिको अगाडि खासै काम गर्न नसकेको आरोप खेप्दै आएको अवस्थामा नेपाल र नेपालीको समद्धिको लागि गैरआवासीय नेपालीहरूले केही गरेर देखाउनुपर्छ भन्ने भावनालाई व्यवहारमा उतारी समुन्नत नेपाल को निर्माण गर्नेछन् । त्यसैले नेपालको सामाजिक, आर्थिक विकासमा टेवा पुऱ्याउने खालका उत्पादन अनि रोजगारमूलक व्यवसाय र उद्योगमा लगानी गर्नु र हाल देश विकासको आधारशिला रहेको जल विद्युतलाई

प्राथमिकतामा राखी नेपालको विकास गतिशील बनाउने कार्यलाई गैरआवासीय नेपालीहरू र गैरआवासीय नेपाली संघले आफ्नो नैतिक दायित्व ठानेको छ । तसर्थ विभिन्न बैंकहरूमा लगानी तथा बैंकहरूको स्थापना गरी नेपाल र नेपाली जनताको हित हुने काम गैरआवासीय नेपालीहरूले गर्न थालेका छन् । त्यस्तै जलविद्युत् परियोजना जस्ता महत्वपूर्ण कामको सुरुवात गरी देशलाई विकासको बाटोमा डोऱ्याउँदै छन् । बृद्धाश्रम जस्तो संरक्षित तथा सामाजिक क्षेत्रमा लगानी गरी सामाजिक कामको परिचय दिएका छन् । विभिन्न सुविधाजनक होटलहरूको व्यवस्थापन गरी विदेशी पाहुनालाई प्राकृतिक मनोरम वातावरणमा आनन्द लिनुको साथ-साथै आरामदायी बसोबासका लागि स्वागत गरिरहे का छन् । यसरी नेपाल र नेपालीको सानलाई उचाइमा पुऱ्याई हिमालझैँ अटल राख्न गैरआवासीय नेपाली र यस संघले चालेका कदमहरू सराहनीय छन् । यस्ता कार्यहरूबाट नेपालको दिगो विकास हुने कुरामा कसैले पनि आशंका गर्न सक्दैनन् ।

'एकले थुकी सुकी सयले थुकी नदी' भनेझैँ गैरआवासीय नेपालीहरूले व्यक्तिगत स्वार्थमा नलागी देश नेपालको चौतर्फी विकासका लागि एकतावद्ध भई सुरु गरेको क्रान्तिको यात्रा अनुकरणीय छ । आज देश अस्थिरतामै रूमलिरहेको अवस्थामा लगानीको अवसर नहुँदा मानिसहरूले अनुत्पादक क्षेत्र घर, घडेरी र विलासिताका वस्तुमा धन सम्पति लगानी गरेका छन् । यसैकारण देशको विकास हुन नसकेको यथार्थता सबैलाई अवगत नै छ । यद्यपि यसलाई बुझेर पनि राज्यले निरूत्साहित गर्न सकेको छैन । सायद राज्यका हरेक अङगहरूमा अज्ञा-नता, चेतनाको कमी, सिप र क्षमताको अभाव साथै अनुभव नभएर पनि नेपालले शिर उठाउन नसकेको हुन सक्छ । यस्तो विषम् परिस्थितिमा गैरआवासीय नेपालीहरूद्धारा आस्थाको टुकी बाल्दै उज्यालो छर्ने कामले विकासको गति त लिने नै छ त्यसमाथि बन्धुत्वको भावना पनि उत्कर्षमा अवश्य पुग्नेछ । समयको निस्पट्ट अन्धकार चिर्दै नयाँ नेपालको निर्माणमा एकजुट भई गैरआवासीय नेपालीहरूले गरेको सहकार्यको यात्रा स्वागत योग्य छ । यसलाई राज्यले पनि विशेष प्राथमिकता दिनुपर्छ किनकि राष्ट्र नव निर्माणको यात्रामा लागेका गैरआवासीय नेपालीहरूले नेपालको शान्ति र समृद्धिका सपनाहरू सजाउने मात्र होइनन्, यसलाई साकार पार्न सक्छन् ।

वास्तवमा आज नेपालको कुल आम्दानीको एक चौथाई भन्दा बढी हिस्सा वैदेशिक रोजगारी बाट आउने रेमिट्यान्स्ले धानेको छ । त्यसैले गैरआवासीय नेपाली वा प्रवासी नेपाली जो हुन्, यिनीहरूलाई नै नेपालको अर्थतन्त्रको मेरूदण्ड मान्न सकिन्छ । यसरी अप्रत्यक्ष रूपमै प्रवासी नेपालीहरूले देशको विकासमा यति ठूलो सहयो ग गरेको छ भने प्रत्यक्ष रूपमा त देशको कायापलट गर्न सक्छ भन्दा कति पनि अत्युक्ति नहोला । साँच्चे भन्ने हो, भने गैरआवासीय नेपाली संघ तथा अन्तर्राष्ट्रिय सञ्जालले गरेका हरेक कार्यहरू उपलब्धीमूलक छन्, जसबाट देशको शिक्षा, स्वास्थ्य, संचार, यातायात, कृषि र पर्यटन व्यवसाय आदि क्षेत्रहरू फस्टाउने कुरा मा ढुक्क हुन सकिन्छ । यसबाट नेपालीहरूको जनजीवनमा खुशीको रङ्ग देखिने छ भने नेपाल विकसित मुलुकहरूको सूचीमा पर्नेछ । यसरी देशको देशको भविष्यलाई उच्च स्थानमा पुरयाउने अभियानमा गैरआवासीय नेपाली तथा संघको माध्यमबाट स्वस्थ रूपमा निरन्तरता दिइए पनि राज्य कतै अनुदार बन्ने हो की भन्ने आशंका पनि छ । तर पनि गैरआवासीय नेपाली संघले देशको विकासका लागि चालेको कदम प्रशंसनीय मान्नुपर्छ । गैरआवासीय नेपाली प्रति सबैले गर्व गर्ने पर्छ । राम्रा कामलाई प्रोत्साहन नदिए देशको विकासको आशा निराशामा बदलिन्छ । अहिलेसम्म गैर आवासीय नेपालीहरूबाट भएका कार्यहरू र भावी कार्य योजनाले देशको विकास सम्भव छ त्यसै ले यसलाई पुरा गर्न कार्यान्वयनमा ल्याउन सहज वातावरण बनाउनु सबै नेपालीहरूको कर्तव्य हुनेछ ।

विश्वमान चित्र पल्टाएर हेर्दा धेरै राष्ट्रमा पुगेका गैरआवासीय नेपाली र ती राष्ट्रहरूका फैलिएका गैरआवासीय नेपाली संघ विश्वभर छरिएर रहेका नेपालीहरूलाई एक सुत्रमा बाँध्ने छाता सङगठन हो, जुन आजको प्रमुख आवश्यकता थियो किनकि विभिन्न र ाष्ट्रहरूमा छरिएर रहेका नेपालीहरू आफ्नो मातृभूमिलाई समृद्ध बनाउनेतर्फ उन्मुख भईरहेका छन् । त्यो गन्तव्यको सहज यात्राको बाटो नै गैरआवासीय नेपाली संघको अवधारणा हो । यसैबाट गैरआवासीय नेपालीहरूले आफ्नो मातृभूमि वा देशको विकासको लागि महत्वपूर्ण योगदान गरिरहेका छन्, यसमा कसैको दुई मत छैन । यसरी आफनो स्थापना कालदेखि हालसम्म गैरआवासीय नेपाली संघको अभियान नेपाल लगायत धेरै राष्ट्रहरूका पुगिसकेको हुँदा प्रवासी नेपालीहरूको लागि मात्र होइन, नेपालमा बस्ने हरेक नेपालीहरूको भरोसाको केन्द्र गैरआवासीय नेपाली संघ भैइसकेको छ । तसर्थ आम नेपालीहरूको आशाको केन्द्रबिन्दु गैरआवासीय नेपाली र भरोसा गरेको संस्था गैरआवासीय नेपाली संघको सहभागिता बिना नेपाल को विकासको कल्पना गर्न सकिँदैन । गैरआवासीय नेपालीको सहभागिता मात्रै नेपाल र नेपालीहरूको उज्यालो भविष्य सुनिश्चित हुन्छ भन्ने कुरा आज हरेक गैरआवासीय नेपाली तथा राज्यमा बसोबास गर्ने सम्पूर्ण नेपालीहरू, हरेक राजनीतिक हल तथा विभिन्न संघसंस्थाले बुझिसके को अवस्थामा यस संस्थालाई सुव्यवस्थित गरी दीर्घकालिन बनाउनुपर्ने मूल दायित्व गैरआवासीय नेपालीहरू माझ आएको छ । देशको विकास गर्न अब गैरआवासीय नेपालीहरूका माझ साझा उद्देश्यहरूलाई मार्गदर्शक सिद्धान्त मानी अगाडी बढ्नुपर्छ, प्रवासमा रहेका नेपाली माझ सहयोग र सद्भावको भावनालाई अझ मजबुत बनाउनुपर्छ, राष्ट्रलाई शान्त, सम्वृद्ध र सम्पन्न बनाउने अभियानमा प्रतिबद्ध पाइलाहरू अझै अघि सार्ने काम गनुपर्छ । फलस्वरूप सुन्दर र समृद्ध नेपालको कल्पना क्षणभरमै साकार हुनेछ । त्यसैले नेपालको विकासमा गैरआवासीय नेपालीको अतुलनीय छ, राष्ट्रलाई उल्लेखनीय योगदान पुऱ्याउने गैरआवासीय नेपालीहरूको शिर सदा उँचो हुनेछ ।

# प्रवासी डायस्पोरा लक्षित सीप र ज्ञान हस्तान्तरण

एनआरएनएका संस्थापक अध्यक्ष उपेन्द्र महतो देखि वर्तमान अध्यक्ष भवन भट्टसँगको परामर्श पछि जति बेला जर्मनीमा एनआरएनए पूर्व सभापति जीवा लामिछाने, एनआरएनएका कुमार पन्त र डा हेमराज शर्मासँग एनआरएनएले विदेशमा सिकेको सीप र ज्ञान नेपालमा हस्तान्तरण गर्ने नेपाल सरकारको चाहनालाई कसरी सम्बोधन गर्न सकिएला भनी परामर्श गर्दैग्लोबल नलेज कन्फरेन्सको खाका कोर्दै गर्दा अर्थमन्त्री डा. युवराज खतिवडा नेपाल सरकारको वार्षिक बजेट संसदमा प्रस्तुत गर्दै थिए ।

बजेटका अनुसार गत वर्ष नेपालको निर्यातबाट कमाइ ७ प्रतिशत अनि आयातमा खर्च ९३ प्रतिशत थियो । कुनै पनि देशले जम्मा ७ प्रतिशत मात्र निर्यात गरिरहेको छ भन्नुको अर्थ त्यहाँ विज्ञको हैन, कुनै दक्षता नभएका र अर्धदक्ष जनशक्ति चाहिने उद्योगधन्दा पनि सञ्चालन गरिएको छैन भन्ने स्वतः बुझ्न सकिन्छ ।

बाहिरी रूपबाट हेर्दा निष्प्रभावी निर्यातको अवस्थामा खासै दक्षता नचाहिने काम सञ्चालन गर्नु जरूरी हुँदाहुँदै पनि द्रुत गतिमा विकसित भइरहेका चीन र भारतबीच रहेको नेपालले आफूलाई बत्तीमुनिको अँध्यारो हुन नदिन बहुआयामिक कार्य सुरू गर्नु जरूरी भइसक्यो भन्ने तत्काल महसुस गरेछन् जीवा लामिछाने, कुमार पन्त र डा हेमराज शर्माले। एनआरएनए कार्यसमितिले पनि उक्त आवाज लाई स्वीकारी कार्यक्रमकै पूर्ण खाकासहित आउन पन्त, शर्मा लगायतका लागि भनिसके को अवस्थामा तत्काल लागि परे, जसरी पनि नेपाली डायस्पोराहरूले विदेशमा सिकेको सीप र ज्ञान नेपालमा हस्तान्तरण हुन सक्ने गरी एनआरएनएमार्फत कार्यक्रमहरू अघि बढाउन । त्यसको एउटै मात्र सर्त थियो, देश विकासको अनुभूति नै हुने गरी विदेशमा सिकेको सीप र ज्ञान हस्तान्तरणमा जोडबल लगाउने। कार्यक्रम तत्काल अघि बढ्यो । क्षेत्रीय अनि केन्द्रीय भेला समेत गरिने निर्क्योल भयो । नेपाल सरकारसँगको छलफलपछि नेपाल सरकार र एनआरएनएको संयुक्त नलेज कन्भेन्सन गर्ने अनि सम्पूर्ण पक्षको उचित सहभागितामूलक, देश र परिस्थिति सुहाउँदो मोडलको प्रवासी नेपालीको सीप र ज्ञान हस्तान्तरण कार्यक्रम पहिचान गरी अघि बढ्ने निष्कर्ष पनि आयो ।

नेपाल सरकारको नीति तथा कार्यक्रमको जवाफ दिने क्रममा प्रधानमन्त्री केपी ओलीले सार्वजनिक रूपमा तीनवटा कुरा राष्ट्रसामू राखेका छन् । पहिलो– हाम्रो शिक्षा जसले पढेको हो, उसको आफ्नै उत्थानका खातिर त भएन भएन, जिविकोपार्जनका लागि समेत पीडादायी बनिरहेको छ ।

दोस्रो– हाम्रा विश्वविद्यालयहरूले राज्य कोषबाट विशाल धनराशि लिँदै सीमित घेरामा रहेर असीमित प्रतिभा बोकेका विद्यार्थीहरूलाई असफलको दर्जा दिँदै राष्ट्रको लगानी, विद्यार्थीको सम्भावना र अभिभावकको सपना लाई तुसारापात गरिरहेका छन् । विद्यार्थीलाई पढाइका नाममा आईए, बीए र एमए डिग्रीधारी साक्षर मात्र सावित गरिरहेका छन् ।

तेस्रो– हाम्रो शिक्षाकै कारण प्राकृतिक रूपमा वरदानप्राप्त नेपाल ठगिएको, मानव बस्तीका लागि पूर्ण प्रतिकूल प्रकृतिबीच आफूलाई समृद्ध बनाएको इजरायल र खाडीमा गएर श्रमिकका रूपमा जिविकोपार्जन गर्नुपर्ने बाध्यता लादिएको छ ।

प्रधानमन्त्री ओलीका अनुसार परम्परागत रूपमा तीक्ष्ण प्रतिभा बोकेका पुर्खाको जिन भएका नेपाली विद्यार्थी असाधारण सिर्जनशीलता बोकेका मात्र होइनन्, उनीहरूको रूची अनुसार को व्यावहारिक ज्ञान लिने अवसर पाए विकासमा कायपलट गर्न सक्ने सम्भावना बोकेका धरोहर हुन् । घोषित नीति तथा कार्यक्रमले दक्ष प्रवासी नेपालीका सीप र ज्ञानलाई नेपालमा भित्र्याउन प्रेरित गर्ने भनेको छ । एनआरएनएका महत्वपूर्ण ओहोदाका पदाधिकारीहरूले सरकारले उनीहरूसँग छलफल गरेरै नीति अघि बढाइएको संकेत गरेका छन् । त्यसको मोडेल के होला र त्यो मोडेलले कसरी काम गर्ला भन्नेबारे यहाँ विश्लेषण गर्नु जरूरी छ ।

नेपालमा 'ब्रेन ड्रेन' र रिभर्स ब्रेन ड्रेन को चर्चा हुन थालेको लामो समय भइसक्यो । खासगरी राजा महेन्द्रकै पालादेखि नै "ब्रेन ड्रेन" र "रिभर्स ब्रेन ड्रेन" का नाममा विदेश पढेका आफ्ना अनुचरहरूलाई महत्वपूर्ण ओहोदा दिँदै जबर्जस्ती "थिंक ट्यांक" को बिल्ला भिराइएकै हो ।

राजा संवैधानिक भएपछि पनि त्यो सिलसिला रोकिएन । विदेशमा आफ्नो विषयमा उल्लेखनीय काम गरी सक्षमता देखाएको होइन कि विदेश पढेका तर के गरौ कसो गरौ भनी भौँतारिइर हेका आफ्ना दलका आसेपासेलाई इज्जतपूर्वक पुनः नेपालमै स्थापित गराउन दुरूपयोग भएको नतिजा हाम्रो सामु छर्लङ्गै छ ।

त्यसको निरन्तरतास्वरूप हालसम्म पनि "रिभर्स ब्रेन ड्रेन" नेपालको "एनी हाउ, पैसा कमाऊ" राजनीति-धन्दाको एउटा पाटो बनेकै हो । त्यसै



*नारायण घिमिरे*

ले पनि यसलाई हालसम्म मात्र नेताका मुखका कुरामा सीमित राखियो । तर, औपचारिक रूपमा घोषणा गरी कहिल्यै अगाडि बढाइएन । यस मामलामा सरकार गम्भीर पनि देखिएन ।

विगतमा संसारका धेरै राष्ट्रले हालसम्म आफ्ना डायस्पोराको 'रिभर्स ब्रेन ड्रेन'का निम्ति थुप्रै कार्यक्रम लागू गरेका उदाहरण छन् । जस्तै : तालिवान आतंकको अन्त्यपछि सन् २००१ मा बनेको सरकारले अफगानिस्तानमा रिटर्न अफ क्वालिफाइड अफगान्स "आरक्यूए" कार्यक्रम घोषणा गरी धेरैलाई आफ्नो मुलुक फर्कायो । तर, लामो अवधिको मुलुक फिर्ती भने त्यति सफल भएन ।

युरोपबाट फिर्ता भएका विज्ञहरूले अवसर पाएर पनि नतिजा दिन सकेनन् । पछि फेरि अमेरिका, क्यानडा र न्युजिल्यान्डतिर पलायन भए । माइग्रेसन फर डेभलपमेन्ट इन अफ्रिका "एमआईडीए" ले त्यही मोडल सुधारी छोटो र लामो समयको विज्ञ फिर्ती कार्यक्रम गरी विज्ञहरु भित्र्यायो । त्यो कार्यक्रम अन्तर्गत उक्त देशमा फर्केका नामुद विज्ञहरूसमेत उनीहरूलाई चाहिने प्राविधिक सहयोगको कमीले बिना कामकाजी विज्ञका रूपमा रूपान्तरित भए ।

नेदरल्यान्डस्ले टेम्पोररी रिटर्न टू क्वालिफाइड नेसनल्स "टीआरक्यूएन" घोषणा गरी अल्पकालीन विज्ञहरूको फिर्ती कार्यक्रम चलायो । त्यो कार्यक्रमबाट के पत्ता लाग्यो भने वास्तवमा परम्परागत रूपमा भनिएका ब्रेन-ड्रेन असलमा ब्रेन-ड्रेन थिएन, मात्र युनिभर्सिटी पढेका ग्र्याजुएटहरु अवसरका खोजीमा बाहिर गएका थिए । जब उनीहरूले विदेशमा आफ्नो रूचिका विषयमा काम पाए, आफ्नो मातृभूमिमा लिएको कलेजको ज्ञान र काम गर्ने अवसरको समेत सहयोगबाट व्यावहारिक ज्ञान र सीप बाहिरी मुलुकमै आर्जन गरेका थिए । राज्यले मात्र पढेका ग्र्याजुएट-ड्रेन गरेको थियो तर वास्तविक डायस्पोरा फिर्तीबाट ब्रेन-गेनको सम्भावना पाएको थियो ।

वास्तवमा सन् २००४ देखि नै जर्मन सेन्टर फर इन्टरनेसनल माइग्रेसन एन्ड डेभलपमेन्ट "सीआईएम" ले विभिन्न राष्ट्रका लगभग १० हजार डायस्पोरा विज्ञहरूलाई सम्बन्धित मुलुकमा फर्काएर त्यो देशको विकासमा सेवा पुर्याउन ठूलो धनराशि खर्चिएको तथ्य भेटिन्छ । सीआईएमको सहयोग लिई विज्ञहरूलाई आफ्नो देश फर्काएका मुलुक धेरै छन् । भारत, चीन, पाकिस्तान, ब्राजिल, कोलम्बिया, इजिप्ट, इन्डानेसिया, भियतनाम, प्यालेस्टाइन आदि यसका बलिया उदाहरण हुन् ।

विभिन्न देशका अनुभवबाट सिकिएको पाठ के हो भने सम्बन्धित देशको राजनीतिक तरलता, अपर्याप्त प्रविधि, जनता र कर्मचारीतन्त्रको उदासीनता, साह्रै कम पारिश्रमिक, स्थानीय कामदारसँग हुने वैमनस्यता, आफ्ना पति-पत्नी र बालबच्चाले गुमाउने अवसर आदि स्थायी रूपमा विदेशिएका विज्ञ फर्काऊ मिसनको जटिल चुनौतीका रूपमा रहेका छन् । ती चुनौती परिपूर्तिमा राष्ट्रले निकै महँगो मूल्य चुकाउनुपर्ने तर त्यसैअनुसारको प्रतिफल भने नहुने प्रमाणित नै भइसकेको हो ।

जब ती कुरा संसारले राम्ररी मनन गर्यो त्यसपछि "भर्चुअल रिटर्न कन्सेप्ट" संसारमा भित्रिएको छ । त्यसलाई हाल धेरै मुलुकले सफलतापूर्वक व्यवहारमा लागू गरेका छन् । जस्तैः आफ्नो विशाल वेबसाइट कन्टेन्ट प्रोभाइडर्सबाट इरिटेरियाले र एल्मुनाई पोर्टलबाट जर्मनीले साह्रै प्रभावकारी नतिजा भित्र्याउन सकेका छन् । भर्चुअल एक्सचेन्जेज अफ स्किल्ड डायस्पोराजको नीतिमार्फत फिलिपिन्स, उरुग्वे "कन्सुलर पोस्टस्", बुल्गेरिया, कोलम्बिया, बुरुन्डी, इस्टोनिया, हंगेरी, स्वीट्जर ल्यान्ड, इक्वेडर आदि मुलुकले आश्चर्यजनक फाइदा लिन सकेका छन् ।

एनआरएनएले अघि सारेको प्रस्तावित मोडेल एक्सपर्ट डायस्पोरा विज्ञहरूको भर्चुअल रिटर्नबाट ज्ञान र सीप हस्तान्तरणको ग्रिक सरकारको नलेज एन्ड पार्टनरसिप ब्रिजेज "केएपीबी" मोडलसँग निकै नजिक देखिन्छ । केएपीबी ग्रिक डायस्पोराकै सक्रियतामा तिनै डायस्पोराको विश्वव्यापी सञ्जाल प्रयोग गरी सफलतापूर्वक डायस्पोरा विज्ञहरूको भर्चुअल रिटर्न सम्भव भएको एक ज्वलन्त उदाहरण हो । त्यसको समीक्षा गर्दा हामीलाई लाभै होला । विगतमा नेपाल र भारतले गरेजस्तै "विज्ञहरु स्वदेश फर्क अनि देश बनाऊ, तिमीलाई जन्माउन, हुर्काउन र स्कुल-कलेजसम्म पढाउन राज्यले लगानी गरी गुन लगायो । त्यसकै पैँचो तिरिने गरी बिनाप्रतिफल राष्ट्रको सेवा गर" भन्ने मन्त्र कामयाबी हुने छैन । विज्ञहरु स्वदेश फर्कँदैमा बिना साधन र उचित अवसर देश बन्दैन पनि ।

केएपीबीले संसारको अनुभवबाट पाठ सिकेर विदेशिएका र विदेशमा उल्लेखनीय नतिजा दिएका ग्रिक वैज्ञानिक, पेसेवर, उद्यमी आदिसँग डायस्पोरा नेटवर्कमार्फत को-क्रिएसन बिल्डिङ ब्रिजेज विकास गरी तिनीहरूलाई ग्रिकका स्थानीय वैज्ञानिक, पेसेवर, उद्यमी आदिसँग जोड्ने सेतुको काम गरेको छ । त्यसका कारण आज संसारकै अब्बल मानिएका पब्लिक रिसर्च इन्स्टिच्युटहरु त्यसमा पनि जर्मनी, बेलायत, अस्ट्रियाका ल्याबरोटरिज, टेक्नोलोजी ट्रान्सफर अफिसेज र इन्क्युबेटर्सलाई पब्लिक-प्राइभेट कोलाब्रेसन मोडल ग्रिकले सफल पारेको छ ।

केएपीबीको मोडलजस्तै संसारका धेरै मुलुकले आफ्नै पाराको डायस्पोरा विज्ञहरूको भर्चुअल रिटर्न प्रोग्राम लागू गरेका छन् । त्यसको पछिल्लो उदाहरण विज्ञान तथा प्रविधि विकासमा आफ्नो डायस्पोरा विज्ञहरूको सहयोग लिन पोर्चुगलले नलेज एन्ड पार्टनरसिप ब्रिजेज मोडलबाट प्राप्त गरेको ज्ञान अवलम्बन लाई लिन सकिन्छ ।

प्रारम्भिक चरणमा एनआरएनएले संसारभर विज्ञ भेलामार्फत छलफल गरी प्रवासी नेपालीको सीप र ज्ञान नेपालमा भित्र्याउने मोडेल तयार गरी सरकारसँग निचोडमा पुग्ने नीति लिएको छ । हाल संसारभर छरिएर रहेका एनआरएनहरूले सिकेको सीप र ज्ञान नेपालमा भित्र्याउने सन्दर्भमा नीतिगत रूपमा मिश्रित र हाइब्रिड अवधारणा प्रयोगमा आउने छन् ।

नेपालबाहिर काम र व्यवसायमा रहेका, नेपालमा हस्तान्तरण गर्न योग्य सीप र ज्ञान समेत आर्जेका र अन्ततः नेपाल नै फर्कने निश्चितता भएका जनशक्तिलाई मिल्दोजुल्दो हुने कार्यक्रम यसले अँगाल्ने छ । विदेशमा सपरिवार स्थायी रूपमै बस्ने गरी बसाइँ सरेका, नेपालमा हस्तान्तरण गर्न योग्य सीप र ज्ञान समेत आर्जेका तर अन्ततः नेपालमा फर्कने निश्चितता नभएका जनशक्तिलाई समेट्ने गरी यसले भर्चुअल रिटर्नको विकल्प पनि सञ्चालन गर्ने छ । यसका अलावा एनआरएनएसँग संलग्न नभई सरकारलाई आफ्नै तरिकाले सहयोग गर्न चाहने प्रवासी नेपालीलाई माग्दाका बखत उपलब्ध गराउने नीति एनआरएनएले अँगाल्ने छ ।

आफ्नो जीडीपीको ४ प्रतिशत शिक्षामा खर्च गर्नेमा नेपाल सार्क मुलुककै उच्चमध्ये पर्छ । इनोभेसनमा भने सार्क मुलुकमै नेपाल पछाडि छ । इनोभेसन वा विकासका लागि नेपालको तत्कालको जरूरी भनेको सीपमुलक तालिम र बजारमुखी उद्यमशीलताको हस्तान्तरण हो ।

सरकारले प्राविधिक पढाईलाई अति महत्व दिएको प्रधानमन्त्रीका विभिन्न अभिव्यक्ति र एक गाउँपालिकाः एक प्राविधिक स्कुल भन्ने नाराले प्रस्ट पार्छ । त्यसरी देशैभरि छरिएर रहने प्राविधिक शिक्षालयहरूको भोलिको मुख्य चुनौती भनेकै स्थानीय स्तरमा उपलब्ध साधन स्रोत, कच्चा पदार्थ र जनश्रममार्फत आयात विस्थापित हुन सक्ने गरी उद्यमशीलता विकास गर्ने प्रविधि र प्राविधिक शिक्षाको उपलब्धताको खाडल पूर्ति गर्ने नै हो ।

हामीसँग एकातिर स्वदेश र विदेशका नेपाली कूटनीतिक निकायहरूमा काम गरी नेपालमै अवकाश जीवन विताइरहेका विज्ञहरू छन् भने अर्कातिर लामो समय विदेश बसी अवकाश जीवनका लागि नेपाल फर्किएको वा विदेशमा काम गरी कार्य अनुमति भिसा सकिएर वा स्वेच्छाले नेपाल फर्की बसेको समुदाय पनि छ । निजी क्षेत्रबाट स्थानीय उद्यमशीलता विकास गर्न सक्षम बनाउन हाम्रा प्राविधिक स्कुलहरूलाई प्रविधि र कन्टेन्ट दिन सक्ने "बडी अफ नलेज" दिने इनोभेसनका इन्क्युबेटर्स स्थानीय रूपमै उपलब्ध गराउनु जरूरी हुने छ । हालको अवस्थामा त्यसको चाँजोपाँजो मिलाउन सक्ने ल्याकत एनआरएनए र यसका विश्वव्यापी सञ्जालहरूसँग कुनै न कुनै रूपमा जोडिएका नेपाली डायस्पोराहरूले राख्छन् । प्रवासबाट नेपाल फर्केकाहरूको उचित कदर गर्दै नेपाल सरकारले नेपालको समृद्धिमा एनआरएनमार्फत प्रवासी नेपालीको साथ र सहयोग पाउने निकै ठूलो आशा र भरोसा गरेको देखिएको छ । नेपाल सरकारले प्रवासी नेपालीलाई लक्षित गरी एनआरएनलाई धेरै महत्व दिनुको औचित्य यसैले पुष्टि गर्छ ।

*घिमिरे टोरोन्टो, क्यानाडा निवासी खाद्य वैज्ञानिक हुन् ।*

# HUMAN RESOURCES IN SCIENCE AND TECHNOLOGY: WHERE NEPAL STANDS



**Dinesh R Bhuju**, PhD

*Academician, Nepal Academy of Science and Technology*

*Visiting Professor, Northwest University, Xi'an, China*

The human resources in science and technology (HRST) plays an important role in the economic development of the nations. The well equipped and skilled HRST contribute to individual, organizational and national development through improved performance. Thus, having qualified staff becomes essential for a country in enabling it to develop and implement innovations and thus to enhance its competitiveness. The quality of human resources defines the quality of research performed and is the prerequisite for the development of new knowledge and new technologies. For this purpose countries need to build critical mass of well trained scientists, engineers, professionals, technicians, graduates and domain experts.

Human resources in science and technology (HRST) are defined according to the Canberra Manual (OECD 1995) as persons having graduated at the tertiary level of education or employed in a science and technology occupation for which a high qualification is normally required and the innovation potential is high. This definition is based both on educational qualification and occupation and therefore covers a very broad population. Considering the academic qualification of first university degree in science and engineering, a total of 6.4 million HRST was produced in 2012 the world (NSB 2016), which was 32 percent of the total human resources having first university degree in the world. Of this total HRST production in the world, China shared 23.4 percent and India shared 23 percent, followed by EU (11.5 percent) and USA (9.2 percent).

Higher education provides the advanced work skills needed in an increasingly knowledge-intensive global economy. According to National Science Foundation (NSF 2018), the U.S. awarded the largest number of S&E doctoral degrees (40,000) of any country, followed by China (34,000), Russia (19,000), Germany (15,000), the United Kingdom (14,000) and India (13,000). Nepal's own PhD programmes in S&T is yet evolving; since 2017 its universities have introduced 'course-based PhD' programmes which attracted nearly 100 researchers in the inception.

The question that what is the size of HRST is an interesting one but difficult to figure out exactly as there lacks survey based country reports. For estimation, the HRST number has been calculated by extrapolating the data of given by National Science Foundation (NSF, US) report. According to the NSF report 2010, about 12.9 million people in the United States say that their job requires their science and engineering degree (Price 2011). Assuming that the United States is ¼ of the global numbers, then the global science and engineering workforce is 51.6 million people (12.9 x 4). Of this 51.6 million figure, 6.8 million are teaching personnel at universities (1.7 million x 4), and 44.8 million are in the private sector (Price 2011).

According to UNESCO (2015), the global number of researchers is about 7.6 million. It should be made clear here that the terminologies 'researchers' and 'HRST' are not the same; 'researchers' constitute the HRST involved in research activities. UNESCO has defined the researchers as the professionals engaged in the conception or creation of new knowledge who conduct research and improve or develop concepts, theories, models, techniques instrumentation, software or operational methods (OECD 2015).

**Table 1. Development of human resource in science and technology (HRST) in Nepal**

| SN | Subject | 1977 Pop. 13.93 | | 1995 Pop. 21.4 m | | 2008 Pop. 26.48 | | 2018 Pop. 29.62 | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | Total HRST | per million | Total HRST | per million | Total HRST | per million | Total HRST | per million |
| 1 | Natural Sciences-I | | | | | | | 9925 | |
| | Natural Sciences-II | | | | | | | 7050 | |
| | **Natural Sciences** | 450 | 32 | 1909 | 89 | 8819 | 333 | 16975 | 575 |
| 2 | **Engineering and Technology** | 739 | 53 | 2389 | 112 | 15801 | 597 | 44836 | 1520 |
| 3 | **Medical and Health Sciences** | 492 | 35 | 1658 | 77 | 5732 | 216 | 20102 | 681 |
| 4 | Agricultural & Animal Sc | 477 | 34 | 1396 | 65 | 3334 | 126 | 4501 | |
| | Forestry and NRM | 155 | 11 | 719 | 34 | 919 | 35 | 2430 | |
| | **Agricultural Sciences** | | | | | | | 6931 | 235 |
| 5 | Food Technology | 64 | 5 | 165 | 8 | 275 | 10 | 500 | |
| | Biotechnology | | | | | | | 198 | |
| | **Unclassified Technologies** | | | | | | | 698 | 24 |
| | **Total Number** | **2377** | 171 | **8236** | 385 | **34880** | 1317 | **89542** | **3035** |

Natural Sciences-I includes Physical: Mathematics, Computer & IT, Physics, Chemistry, Earth & Env. Science

Natural Sciences-II: Biological: Botany, Zoology, Microbiology

Of the total researchers, 64 percent is shared by high income economies, 28 percent by higher middle-income economies, 6.4 by lower middle-income economies and 1.3 by low economies. This disparity is still stunning when observed by economic groups as 86.9 percent of the researchers are shared by G-20. UNESCO has presented the data in proportion to the population as well. Accordingly, globally there were almost 1150 researchers for every one million people in 2015. For Nepal, this number mentioned is merely 59 researchers per million (UIS-UNESCO 2017). Ironically, some two-third of the world population live in developing countries including those least developed countries while one fourth in the developed countries.

It is quite impressive to note that the human resource in various subjects of S&T in Nepal has increased by many folds within last five decades. Thanks to flourishing number of higher education institutions after 1990. The National Council for Science and Technology (NCST) estimated the number of HRST to be 2,377 in 1977 which comes to be 171 HRST per million. The number increased to 8236 (385 per million) in 1995, and over 34,880 (1317 per million) in 2008 (NAST 2010). A recent estimate shows that the HRST has reached close to 90,000 (3035 per million) (NAST-MOEST 2018). This number includes all those workforces having first university degree (four-year bachelor's level) in engineering, medicine, forestry and agriculture, and master's degree in natural science. It was done so because the bachelor's degree in natural science was of two or three years in the past. This head counts do not segregate retired human resources and unemployed.

By subject, Engineering showed the highest number of human resource with the highest percent (50.1%) followed by Medical & Health Sciences (22.5%) and Natural Science (19.0%). The agriculture science and forestry made 7.7 percent of the total HRST in Nepal. In recent years, subjects of applied science such as environmental science, natural resource management, biotechnology and microbiology are being popular among the young generation and universities are offering these courses at master's level. Tribhuvan University started offering MSc in microbiology in 1990; it already has produced over 2100 graduates in the subject. Similarly, TU started MSc in environmental science in 2001; it has produced nearly 1500 graduates of environmental science till date.

Science has been a part of compulsory subjects in basic level and high school level education in Nepal. A report published by Ministry of Education (now Ministry of Education, Science and Technology) shows that there are 35,223 schools in total (MOE 2014). According to the newly introduced system, 34,923 schools fall under basic schools, and 9021 under secondary schools. Science and mathematics are taught from grade first. It is assumed that these subjects in secondary schools (grade eight to twelve) are taught by trained teachers having a bachelor's degree in science. The umbrella organization of science teachers, Science Teachers' Association of Nepal has estimated that there are 15,000 science teachers in Nepal.

## Conclusion

Human resources in science and technology (HRST) has been accepted internationally as one of the key metrics for assessing a nation's real and potential technological strength(s). Nepal has achieved a critical mass of human capital in science and technology. This stock of human capital with higher education can promote technology improvement and economic growth. It, however, is equally important to engage the resources in the work of science and relevant fields to improve the nation's advantages. It is often said that the most underutilized or untapped resources in Nepal is its own human resources. A transformation from underutilized to optimum use of this resource is in waiting now.

## References


MOE. 2014. Nepal Education Figure 2014: At a Glance. Ministry of Education, Government of Nepal, Kathmandu

NAST. 2010. Status of Science and Technology in Nepal. A report submitted to Ministry of Science and Technology, Kathmandu.

NAST-MOEST. 2018. Status of Science, Technology and Innovation in Nepal: Foundation for Development. Nepal Academy of Science and Technology and Ministry of Education, Science and Technology, Kathmandu

NSB. 2016. Science and Engineering Indicators 2016. National Science Board, National Science Foundation. Arlington, VA

OECD. 1995. Manual on the measurement of human resources devoted to S&T "Canberra manual": the measurement of scientific and technological activities. Organization for Economic Co-operation and Development, European Commission Eurostat.

OECD. 2015. Frascati Manual 2015: Guidelines for Collecting and Reporting Data on Research and Experimental Development.

Price, R. 2011. http://www.richardprice.io/post/12855561694/the-number-of-academics-and-graduate-students-in

UIS-UNESCO (2017). http://uis.unesco.org/sites/default/files/documents/fs41-human-resources-in-rd-2017-en.pdf

# NRNA Knowledge Initiatives and Emerging Directions



Dr. Raju Adhikari, Dr. Ambika P. Adhikari, Dr. Drona P. Rasali, Dr. Pramod Dhakal

## Skill Knowledge and Innovation (SKI), NRNA Academy

### Knowledge Economy and Investment

The artificial intelligence and human knowledge are becoming integral and crucial elements in the creation of a new world economy, which is increasingly being dominated by knowledge. Therefore, countries that possess demonstrable capability to master over knowledge for the development and application of technologies and systems are the ones to prosper in the future. A cross-sectional study by The World Bank using an array of measurable indicators in 92 countries shows that knowledge base is a significant determinant of long-term economic growth [1]. An educated workforce is now recognized as a key source of growth and competitiveness in the global economy, for such workforce is fundamentally important in producing and applying knowledge to improve efficiency and productivity in all human initiatives.

In the last decade, increased speed in the creation and dissemination of knowledge has become a key catalyst for spurring rapid innovation and economic development. The application of knowledge has manifested in all aspects of our society, including information, communication, governance, health, livelihood, trade, commerce, entrepreneurship, innovation, research and development.

Today, emerging Asian economies like Israel, Korea, Taiwan and China spend their GDP's 4.3%, 4.3%, 3.1% and 2.1% respectively on research and innovation [2]. In education, Bhutan, Israel, Korea, India and Bangladesh make government expenditure on education equivalent to 7.3%, 5.7%, 5.1%, 3.8%, 2.5% respectively of their GDP [3]. UNESCO statistics shows that while Nepal's spending on education standing at 3.7% of GDP stands comparable, spending of 0.3% of its GDP on Science, Technology and Innovation [4] seems low and that also seems to be spent nearly entirely in government institutions. This way, Nepal seems to be missing out in harnessing the benefits of knowledge economy. Education without research and innovation would not suffice.

In 2016, South Korea received more than 200,000 patent applications, and many were from non-resident Koreans. The number of patents developed in South Korea has been closely linked with the rapid progress the country has made in the field of science and technology. Learning from examples like this, Nepal should expand investment in research and innovation, collaborate and coinvent with external partners, and exercise effective strategies to promote inventions. A robust collaboration with the Diaspora group would boost Nepal's capacity on science, technology, research, inventions and patenting.

### Why Knowledge investment is important for Nepal ?

Nepal's first science and technology policy was developed in 1961. Since then the country established several research centres like Royal Drug Research Laboratory (now NML), Centre for Economic Development and Administration (CEDA), Research Centre for Applied Science and Technology (RECAST), Centre for Educational Innovation and Development (CERID), Centre for Nepal and Asian Studies (CNAS), Nepal Academy of Science and Technology (NAST), Nepal Agricultural Research Council (NARC), and a number of other research institutions with an ambition to make far-reaching impacts on development of science, technology and innovation in Nepal. They had shown highly promising signs in the early decades of their existence. However, those strengths were gradually faded away and Nepal's current output in science, technology, research and innovation has been lacklustre at best, statistically not so noticeable in the world scene.

Allocation of 0.3% of its GDP in

science, technology and innovation and less than 10% of 3500 schools in the country teaching science curriculum having access to modest laboratories are reflective of Nepal's priority in science and research. Dropout rate in Nepali school is said to be alarmingly high and twenty percent of the marginalised population still do not have access to basic science education. The number of Nepali students going abroad for education has been soaring in recent times [5]. More than 71 thousand youth went overseas for education taking with them Rs 32 billion in foreign currencies in the fiscal year that has just ended [6]. While World Trade Organization (WTO) projects that by 2020, 40% of global employment in any industry would need at least undergraduate level manpower, Nepal's higher education enrolment has been going down from 17% in 2012 to 12% now [7]. This may spell a serious disadvantage for Nepal's scientific and technological future. Nepal's ongoing mass exodus of work-force (with 30% annual increase) for foreign employment is only an indicator of the stress. That should be more than alarmingly telling Nepal to invest on establishing research-intensive universities or perhaps knowledge cities, revamping its education system, revitalizing its research centres, and promoting research in private enterprises.

## NRNA Initiative and SKI

Fortunately, Nepal can console on the fact that it has a sizable diaspora population engaged in scientific and academic sector. The potential of that population could be speedily harnessed to address these challenges. Should it promptly recognize and effectively utilize the scientific, technological and academic potential of its diaspora, Nepal could make speedy inroads in the adoption, adaption and development of science and technology and turn to be a competent participant in the global race for knowledge.

The size and expanse of the Nepali diaspora can be understood from the fact that NRNA is a global diaspora organisation with 76 national chapters and some 70,000 members representing an estimated 4.5 million strong diaspora population (2018 estimates). Since its establishment in 2003, NRNA has had focused primarily in capital investment and philanthropy through interventions for policy reforms and implementations of programs. The knowledge investment initiative had a late start and was incorporated into NRNA declaration in 2009. The declaration led to the formation of the first Skill Knowledge and Innovation (SKI) Taskforce (subsequently SKI Committee) geared to utilize diaspora skills, knowledge, innovation and experiences for Nepal.

SKI gave rise to a number of highly to modestly successful initiatives including the Open University of Nepal Initiative (OUNI), Nepal Science Foundation Trust (NSFT), Road Safety Project, Diaspora SKI inventory, and SKI Brain Drain seminar series.

## Open University of Nepal Initiative

A decade long work that included signing of three MoUs with the Ministry of Education, Government of Nepal (MoE), one with Athabasca University, Canada, and one with MERLOT, as well as seven years of full-time resident effort of diaspora campaigners, the Open University Initiative concluded successfully with the establishment of Open University Nepal in 2016. Please see en.wikipedia.org/wiki/Nepal_Open_University for getting its historical snapshot and more on papers [8,9]. The university is now up and running. It is offering programme in seven areas of study – engineering and technology, humanities and social sciences, education and pedagogy, management and governance, development studies, natural sciences, professional, technical and vocational areas [10].

NRNA's Open University Initiative was an exemplification of what Nepal could gain by collaborating with the diaspora in establishing large-scale institutions for the advancement of knowledge. As much this initiative is an example of the willingness and resilient commitment of Nepali diaspora to Nepal's academic, scientific and technological development, it is also an exemplification of how Nepal's state machinery can be grossly discriminatory towards the diaspora with regard to their honourable engagement in Nepalese institutions, even on those which they help to build, thereby limiting Nepal's own progress in knowledge sector.

## Nepal Science Foundation

Nepal Science Foundation (NSF) is a registered foundation in Nepal working to advance science education and innovation. An MoU was signed between SKI and Nepal Academy of Science and Technology (NAST) in 2011 to promote collaboration between the Diaspora and Nepali scientists. SKI Brain Drain seminar helped in understanding the nature of brain-drain and its reversal, and diaspora Skill Inventory program is an effort to create a big data base of diaspora expertise [11]. Several projects at National Coordination Committees (NCC) and International Coordination Committee (ICC) levels of NRNA have now been undertaken in a range of disciplines [12, 13]. NRNA Global Convention in 2017 adopted a resolution to engage in policy research to align with Nepal government's development policies and to support the country's 2030 vision.

## NRNA Academy

NRNA has established NRNA Academy in the beginning of 2018 to accommodate all SKI activities under one umbrella. The NRNA Academy will advance the organization's long-term commitments to SKI led knowledge initiatives. The SKI team is working on a white paper to define policy, function and structure of the NRNA Academy. The primary premise of this Academy is to be

a permanent facilitator of two-way flow of skill, knowledge and experiences between resident and diaspora population of Nepal. This is an ambitious initiative deserving a separate writing, and, therefore, given only small introduction here.

## Global Knowledge Convention Initiative

In partnership with the Government of Nepal, NRNA has committed to organize a bi-annual Knowledge Conference in Kathmandu. The First Global Knowledge Convention is being held in 12-14 October 2018. In this conference, Nepal's knowledge sector stakeholders will meet with the diaspora counterparts to discuss on knowledge investment strategies and approaches. It is being organized with objectives of inspiring new ways in developing science and technology policies, attracting global knowledge investment, understanding the global state-of-the-art, identifying knowledge gap, locating diaspora expertise pool, identifying modalities of exchanging expertise, and strengthening Nepal's national priority initiatives.

## New NRNA Policy on Knowledge

With the establishment of NRNA Academy and the creation of the position of vice-president to advance knowledge portfolio, NRNA is preparing to advance its knowledge investment initiatives to a new level. It is expected that the NRNA global knowledge convention will help develop a white-paper on how best to develop knowledge sector policies within NRNA and that within Government of Nepal.

## Conclusion

We are entering into an age of global knowledge economy, where nations will maximally utilize artificial and natural intelligence as well as knowledge to advance their prosperity. Nepal cannot be and exception to this. Fortunately, Nepal has a large contingent of diaspora that can help Nepal in this sector. With this realization, NRNA SKI journey from SKI Taskforce and the Open University of Nepal Initiative to NRNA Academy and accelerated focus on knowledge initiatives shows that NRNs and NRNA are serious in their commitment to a long-term knowledge investment in Nepal.

It is believed that a strong collaboration between the home and diaspora academics and professionals will help create a durable foundation for Nepal to become a country of entrepreneurs and innovators. The way Nepal's once poor and agrarian neighbours China, India and Korea are emerging as global economic powers on the foundation of knowledge investment by both their governments and diaspora communities, NRNA and GoN can also collaborate to help Nepal become a global player in knowledge economy. Having a sizable diaspora Nepali population engaged in scientific and academic sector bodes well for turning Nepal to be a competent participant in the global knowledge economy.

## References


1. Derek H. C. Chen and Carl J. Dahlman (2004). Knowledge and Development: A Cross-Section Approach. World Bank Policy Research Working Paper #3366. The World Bank. https://openknowledge.worldbank.org/handle/10986/14163
2. List of countries by research and development spending, https://en.wikipedia.org/wiki/List_of_countries_by_research_and_development_spending Retrieved 24 September 2018.
3. Government Expenditure on Education as % of GDP, UNESCO Institute for Statistics, http://data.uis.unesco.org/?queryid=181 Retrieved 24 September 2018.
4. UNESCO Institute for Statistics, Country: Nepal, http://uis.unesco.org/en/country/np?theme=science-technology-and-innovation
5. Education in Nepal, WENR.org, April 2018, https://wenr.wes.org/2018/04/education-in-nepal
6. Vidyarthiko Videsh Moha (in Nepali), Nepal Weekly, 2075.05.24, http://nepal.ekantipur.com/news/2018-09-09/20180909173637.html
7. Education Management and Information System (EMIS) Reports, University Grant Commission Nepal 2018, http://www.ugcnepal.edu.np/rep-n-pub/emis-reports
8. Adhikari R, Dhakal, P., Rasali, D.P., Adhikari, A.P, (15 September 2015). "Rebuilding Nepal: The Open University Initiative (OUI) aims to take education opportunities to the grassroots communities". MyRepubica.com, Nepal Republic Media Private Limited. Retrieved 11 February 2018.
9. Rasali, D.P., Dhakal, P., Adhikari, A.P., and Adhikari, R. (15 December 2015). "Open University of Nepal: A Global Vision of Higher Education for the Disadvantaged People" (PDF). Proceedings of the 29th Conference of Association of Asian Open Universities (AAOU, Kuala Lumpur, November 29-December 2, 2015).
10. Nepal Open University website, 2018, http://nou.edu.np/
11. Nepal Science Foundation Report, July 2017, NRN ICC
12. SKI Reports (various), NRN ICC, www.nrn.org.np
13. Working towards knowledge investment, Nepalnews.com, March, 2011

# विज्ञ सम्मेलन विकास निर्माणका लागि कोसेढुंगा

एनआरएनएले पहिलो पटक नेपालमा विज्ञ सम्मेलन (नलेज कन्भेन्सन) को आयोजना गर्दैछ । नेपालको विकासका लागि प्रवासी नेपाली विज्ञहरू र नेपाल सरकार र नेपालमै रहेका विज्ञहरू मिलेर हातेमालो गर्ने यो महत्वपूर्ण थालनी हो । नेपालको समृद्धि र विकासको सहभागी हुने एनआरएनको वर्षो देखिको इच्छा पनि हो । लामो संक्रमणकालपछि नेपालमा अहिले स्थायी सरकारको प्रत्याभूति भएको छ । सरकारप्रति हाम्रो र हामीप्रति सरकारको अपेक्षा बनेका छन् । सरकारको मुख्य उद्देश्य पनि मुलुकको आर्थिक विकास हो । आर्थिक विकासका लागि खाद्य र प्राकृतिक विपत् न्यूनीकरणसँगै पूर्वाधार (रेल, विमानस्थल, सडक) मा प्रगति हुनुपर्छ । हामीले एनआरएनभित्र पनि धेरै विज्ञहरु छन् । ती विज्ञहरूलाई र नेपालमा भएका विज्ञहरूलाई समेटेर नेपाललाई कसरी सहयोग गर्न सक्छौं भनेर सम्मेलन गर्न लागिएकोले यो सम्मेलन विकासका लागि कोसेढुङ्गा हुनेमा विश्वस्त हुन सकिन्छ ।

पूर्वाधार विकास, कृषि, विपत् न्यूनिकरण, शिक्षा सबै क्षेत्रमा आ–आफ्ना किसिमका विज्ञहरु हुन्छन् । त्यसैले नलेज अर्थात् विज्ञ सम्मेलनले ती सबै क्षेत्रलाई समेट्छ । नीति र आर्थिक विकासलाई कसरी अगाडि बढाउने भन्ने मुद्दाहरू नै कार्यपत्रहरू सम्बन्धित रहनेछन् । सम्मेलनमा जलविद्युत, रेलमार्ग, विमानस्थल र निर्माण विधि लगायत विषयलाई प्राथमिकतामा राखेका छौं। यसका साथै ट्राफिक सेप्टीको बारेमा पनि सम्मेलनमा कार्यपत्र प्रस्तुत हुनेछ ।

नेपालमा कुनै पनि ठूलो आयोजना किन समयमै पूरा हुँदैनन्? भन्ने सबैलाई लाग्छ । अहिलेसम्म देखिएको सत्य पनि त्यही हो । मेलम्चीकै कुरा गरौं, कृष्णप्रसाद भट्टराईले मेलम्चीको पानीले काठमाडौं धुने रे भनेर सुनिन्थ्यो, तर, सरकारले अर्को दसैंमा अर्को दसैंमा भन्दै कति वटा दसैं सकाइसक्यो । नेपालमा बनिरहेका विमानस्थल र जलविद्युत आयोजनाहरूको अवस्था पनि उस्तै छ ।

त्यसैले प्रश्न के हो भने एउटा आयोजनामा एउटा कन्ट्रयाक्टरले काम गयो गरेन, एउटा इन्जिनियरले काम गऱ्यो गरेन भन्दा पनि नेपालमा किन यस्ता योजनाहरू पूरा हुँदैनन् ? के नीतिगत समस्या हो ? वा अन्य कारण छन् ? टेक्निकल नलेज नभएर हो वा प्रोजेक्ट म्यानेजमेन्ट स्कील नभएर हो ? भन्नेबारेमा पनि विज्ञहरू मिलेर छलफल गरी समस्याहरूको पहिचान र समाधानका लागि के गर्दा उपयुक्त हुन्छ । त्यसबारे हाम्रो छलफल केन्द्रित रहनेछ । ठूला परियोजनामा भइरहेका समस्या र समाधानको उपाय सुझाएर सरकारलाई दिनेछौं । काम गर्ने त आखिर सरकारले नै हो । बरू सरकारसँग मिलेर समस्या समाधानका लागि सहकार्य गर्न हामी तयार छौं । अर्को मुख्य कुरा हामी आर्थिक विकासमा साझेदारी गर्छौं ।

हामीले विज्ञ सम्मेलनमा निर्माण विधिबारे पनि छलफल गर्नेछौं । मेलम्चीको पाइप हाल्दा काठमाडौं धुलाम्य भयो । फेरि त्यसैलाई भूमिगत गर्ने योजना छ । यी पाइपहरू हाल्दा टेन्च अर्थात जमिन नखनी हाल्न सक्ने विधि अपनाउन पनि सकिन्छ ।

क्यानडामा म वर्षौदेखि यहि काम गर्दै आइरहेको छु । यस्ता कुराको ज्ञान पनि साटासाट गर्न यो सम्मेलन माध्यम बन्नेछ । सम्मेलनमा हामी त्यस्ता विधिबारे पनि छलफल गर्नेछौं ।

यहाँका इन्जिनियरिङ संरचनाहरूको गुणस्तर किन खस्कियो ? सडक, घर बनाउछौं तर, बाढी आएमा डुब्छ । सडक हिलाम्य हुन्छन् । क्वालिटी कन्ट्रोलमा किन समस्या भइरहेका छन् अनगिनत प्रश्न हामी सबैसँग छन् । नेपालमा कुनै पनि आयोजना समयभित्र सकिँदैन भने लागतको परिधीमा रहेर पनि सकिँदैनन् र गुणस्तरीय पनि हुँदैनन् । साधारण रूपमा हेर्नुभयो भने अन्य देशका सडकमा नयाँ कालोपत्रे गर्दा ५ देखि १५ वर्षसम्म चल्छ । तर, काठमाडौंका सडक ६ महिनामै उप्किन्छ आखिर समस्या के हो ? डिजाइनमा कि ठेकेदारमा कि नीतिमा त ? कि हामीसँगै इन्जिनियरिङ ज्ञानको अभाव हो ? क्वालिटी कन्ट्रोल हुन सक्नुको कारण के त ? अब ध्येय त्यही प्रश्नका जवाफ खोज्ने हो र सरकारलाई बुझाउने हो ।

सरकारले पूँजी भित्र्याउने भनेको छ तर, किन भित्रिएन ? पूँजी मात्र भित्र्याउने कि नलेज पनि । सरकारसँग कस्तो नलेजको आवश्यकता छ, विकासका लागि । त्यही परिधीमा रहेर छलफल हुनुपर्छ । हामी सम्मेलनमा यही विषयमा छलफल गरेर कार्यपत्र बनाउँछौं र सरकार समक्ष प्रस्तुत गर्छौं । यो अभियानमा सरकारले पनि साथ दिन्छ भनेर हामी उत्साहित भएका छौं ।

(क्यानडा निवासी इन्जिनियर कोइरालासँगको कुराकानीमा तयार पारिएको सम्पादित अंश )



**नरेश कोइराला**

# सीप तथा प्रविधि भित्र्याउन युवाको अहम भूमिका

**विद्यालय र विश्व विद्यालय शिक्षामा अब्बल ठहरिएका, खेलकुद क्षेत्रमा राम्रो प्रदर्शन गर्न सक्ने, उद्धम व्यवसायमा नविन सोच भएका युवाहरु आजको दिनमा नेपाल बाहिर नै छन् । नेपाल बाहिर त्यसरी रहेका नेपाली युवाहरुले विभिन्न क्षेत्रमा कुशलता, क्षमता, दक्षतासँगै पुँजीको पनि आर्जन गरिरहेका छन् । गैरआवासीय नेपाली संघ तिनै नेपाली युवाहरुको संगठित संस्था हो ।**



सुदन थापा

cGt/f[{i6« o'jf ;ef]hs
u}cfjf;o g]kfnL ;3

नेपालमा चलेको १० वर्ष लामो द्वन्द्व र रोजगारी को न्यून अवसर तथा सुस्त आर्थिक वृद्धिदरका कारण लाखौंको संख्यामा नेपाली युवा नेपाल बाहिर छन् । विद्यालय र विश्व विद्यालय शिक्षामा अब्बल ठहरिएका, खेलकुद क्षेत्रमा राम्रो प्रदर्शन गर्न सक्ने, उद्धम व्यवसायमा नविन सोच भएका युवाहरू आजको दिनमा नेपाल बाहिर नै छन् । नेपाल बाहिर त्यसरी रहेका नेपाली युवाहरूले विभिन्न क्षेत्रमा कुशलता, क्षमता, दक्षतासँगै पुँजीको पनि आर्जन गरिरहेका छन् । गैरआवासीय नेपाली संघ तिनै नेपाली युवाहरूको संगठित संस्था हो, जसले विदेशमा रहेका नेपालीहरूलाई एकबद्द गरेर नेपालको विकासमा साझेदार भएर काम गर्दछ ।

सन् २००३ बाट शुरू भएको यो अभियानले त्यसयता लाखौं विदेशिएका नेपालीहरूको सहयोगलाई नेपाल ल्याउन अभियान चलाउँदै आएको विषय सर्वविदितै छ । गैरआवासीय नेपाली संघको सन् २०१७ मा भएको विश्व सम्मेलनले नयाँ कार्यसमिति चयन गरे पश्चात नेपालमा आर्थिक लगानी बाहेक गैरआवासीय नेपालीहरूसँग भएको ज्ञान, प्रविधि, कौशल र सिपलाई नेपालको आर्थिक, सामाजिक विकासमा प्रयोगमा ल्याउन शुरूवात गर्ने उद्देश्यका साथ विज्ञ सम्मेलन (1st NRN Global Knowledge Convention)को आयोजना गर्ने निर्णय भयो, सम्मेलन अक्टोबर १२-१४ मा काठमाडौंमा आयोजना हुँदै छ । जसबाट सम्पूर्ण गैरआवासीय नेपाली युवाहरूलाई हौसला मिलेको छ । गैरआवासीय नेपाली युवाहरू नेपालको विज्ञान प्रविधि, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, उर्जा, सरसफाई, लगानी प्रवर्द्धन कृषि लगाययत विषयमा आफुसँग भएको ज्ञान र सिपलाई नेपालका शैक्षिक संस्था, अनुसन्धान केन्द्र, सामाजिक संस्था, सरकारी निकाय, निजी संस्था लगायत संगको सहकार्यमा नेपाली भूमिमा भित्र्याउन चाहन्छन् । जसको चर्चा आसन्न विज्ञ सम्मेलनले गरोस् भन्ने गैरआवासीय नेपाली युवाहरूको धारणा हो । गैरआवासीय नेपाली संघभित्र ज्ञान, सिप आदान-प्रदानको अभियानले आगामी दिनमा प्राथमिकता पाउनुपर्छ । त्यसको सफलता गैरआवासीय नेपाली युवाको सहभागितासँग जोडिएको छ । युवासँग बाँकी जीवन छ, जोस छ, जाँगर छ, नविन युगको अनुभव छ, नविन चिन्तन गर्ने क्षमता छ र युवाहरू विकासप्रेमी पनि हुन्छन् । अझ त्यसमा गैरआवासीय नेपाली युवा त झन नविन हुन चाहने नेपाली युवाहरूका अग्रपंक्तिका प्रतिनिधि हुन् । जो मुलुकले नविन प्रविधि र कौशलको विकास र प्रयोगमा ढिलाई गरेकै कारण विदेशिएका हुन् ।

नेपालमा रहेका युवाहरूमा नवप्रवर्तन (Innovation) को आशा दिलाउन पनि गैरआवासीय नेपाली युवाहरूसँग सहकार्य गराउन आवश्यक छ । देशमा स्थायी सरकार बने पश्चात गैरआवासीय नेपाली युवाहरू देशले विकास र समृद्धिको बाटो पहिल्याउने दिनको पर्खाइमा छन् । उनीहरू मुलुकले सुशासन र सुरक्षित व्यवस्था भएको नेपाल हुने संकेत पाउनासाथ स्वदेश फर्कने सपना बोकेर बसेका छन् । अतः यस सम्मेलन मार्फत नेपालमा ज्ञान, प्रविधि, सिप र कौशल भित्र्याउन नेपाल सरकारले गैरआवासीय नेपाली युवाहरूलाई सुशासन र सुरक्षित वातावरणको महसुस गराउन सकोस्, आसन्न विज्ञ सम्मेलनको सफलताको हार्दिक शुभकामना ।

# नागरिकता निरन्तरता कार्यान्वयन समितिको सक्रियता

अन्य नेपाली नागरिक सरह नै सांस्कृतिक, सामाजिक र आर्थिक अधिकार उपयोग गर्न पाउने गरी सबै गैरआवासीय नेपालीले सहज रूपमा नागरिकता प्राप्त गर्न सक्ने कानूनी व्यवस्थाका लागि नागरिकता निरन्तरता कार्यदलको प्रयास जारी छ । संविधानले गैरआवासीय नेपालीका लागि नागरिकताको व्यवस्था सुनिश्चित गरेपछि त्यसअनुरूप कानुनी व्यवस्थाको पहल भइरहेको छ । सरकारले संसदमा दर्ता गरेको नागरिकता विधेयक संसदको राज्य व्यवस्था तथा सुशासन समितिमा विचाराधीन छ । त्यसमा गैरआवासीय नेपालीको चासो रहेका विषयमा संशोधनको पहल भइरहेको छ । यस सम्बन्धी संसोधन प्रस्ताव समेत दर्ता भएको छ ।

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार को परिभाषा स्पष्ट पार्न, नाति पुस्तापछिका गैरआवासीय नेपालीलाई पनि अविच्छिन्न रूपमा नेपालसँग जोड्न र विदेशी नागरिकसँग विवाह गर्ने गैरआवासीय नेपाली आमाका सन्तानले पनि गैरआवासीय नेपाली नागरिकता पाउनुपर्ने व्यवस्था संशोधनमार्फत गर्न पहल भइरहेको छ । त्यसैगरी आवेदन दर्तादेखि नागरिकता प्राप्त गर्ने सम्मका प्रक्रिया सरलीकृत हुनुपर्ने हाम्रो अर्को चासो हो । विदेशको नागरिकता त्यागेमा नेपाली नागरिकता पुनः प्राप्त गर्न सकिने सहज व्यवस्था हुनुपर्नेमा पनि हाम्रो जोड रहेको छ ।

यसका लागि निरन्तर छलफल, बहस, अन्तर्क्रिया र भेटघाट जारी छ । राजनीतिक दलको नेतृत्व, समितिका पदाधिकारी एवं सदस्य, कानुनविदहरूसँग गैरआवासीय नेपाली संघका तर्फबाट निरन्तर सम्पर्कमा रहेर आवस्यक सुझाव र चासो राख्दै आइएको छ । यसैक्रममा पछिल्लो समयमा अध्यक्ष भवन भट्ट, उपाध्यक्ष कुमार पन्त, कुल आचार्य, महासचिव डा. बद्री केसी र नागरिकता निरन्तरता कार्यदलका संयोजक रामप्रताप थापा लगायतका व्यक्तित्वहरूको नेतृत्वमा र एक्लाएक्लै भेटघाट र छलफलहरू भएका छन्, जसमा सम्बन्धित व्यक्तिहरूले हाम्रो भावनामा सहमति पनि जनाउनु भएको छ ।

हाम्रो चाहना एनआरएनहरूको पक्षमा छिटो ऐन ल्याउने हो । तर, संसदको बजेट अधिवेशन असोज ११ गते अन्त्य भइसकेकोले आगामी हिउँदे अधिवेशन पर्खनुपर्ने भएको छ । नागरिकतासम्बन्धी अरू विषयमा पनि व्यापक बहस भइरहेका कारण संसदले पर्याप्त छलफलपछि मात्र पारित गर्ने सोच बनाएको छ । त्यसैले अहिले संसदीय समितिले विभिन्न सरोकारवाला पक्षसँग छलफल गरी राय सुझाव संकलन गरिरहेको छ । तर, अब हुनुपर्ने संशोधन, परिमार्जनका महत्वपूर्ण निर्णय संसदीय समितिबाटै हुन्छन् । समितिले निर्णय गरी टुंग्याएको विषय संसदको पूर्ण बैठकबाट हत्पत्ति परिवर्तन गरिँदैन । नागरिकता निरन्तरता कार्यदलका संयोजक रामप्रताप थापाले भन्नुभयो "गैरआवासीय नेपाली नागरिकता सम्बन्धि बिधेयक निर्णायक चरणमा छ र समितिबाट पारित नहुँदासम्म संघको तर्फबाट निरन्तर चासोका साथ हेरिरहने छौँ । "

संविधान सभाबाट जारी नेपालको संविधानमा गैरआवासीय नेपाली नागरिकताको विषय उल्लेख भइसकेको अवस्थामा संघले विशेष रूपमा नागरिकता ऐन निर्माण प्रक्रियालाई छिटो अगाडि बढाउन आरम्भदेखि नै पहल गर्दै आएको छ । यसैको पहल स्वरूप गृह मन्त्रालयले नागरिकता ऐन संशोधन विधेयक तयार गर्दा नै एनआरएनमैत्री कतिपय प्रावधान परेका थिए । तैपनि, गृह मन्त्रालयले तयार गरेको मस्यौदा संविधानको व्यवस्थाको भावनालाई पूर्ण रूपमा प्रतिनिधित्व गर्न नसक्ने भएकोले त्यो मस्यौदा परिवर्तनको प्रयास गरिएको थियो । कानुनविद् र दलका नेताहरूसँग नियमित छलफल र परामर्श गर्न नेपाली नागरिकता निरन्तरता कार्यदल लागिपरेको थियो । "विधेयकमा के कुरा उल्लेख गर्ने भन्ने बारेमा संघको तर्फबाट आधिकारिक प्रस्ताव तयार पारी निरन्तर पैरवी गरिएको छ" संयोजक थापाले भन्नुभयो "गत वर्ष संसदबाट पारित भई गएको भदौबाट लागू भएको मुलुकी देवानी संहितामा पनि हाम्रै प्रयासले गैरआवासीय नेपालीको सम्पत्ति व्यवहार लगायत कतिपय विषय सम्बोधन गरिएको छ । "

संविधानको भाग २ को धारा १४ मा गैरआवासीय नेपाली नागरिकताको व्यवस्था छ । जसमा "विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एशियाली क्षेत्रीय साहयोग संगठनको सदस्य राष्ट्र बाहेकका देशमा बसोबास गरेको साबिकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई संघीय कानून बमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय नागरिकता प्रदान गर्न सकिने छ" भन्ने उल्लेख छ ।

संविधानको यहि व्यवस्थाको आधारमा संसदले नागरिकता कानुनलाई अन्तिम रूप दिँदासम्म गैरआवासीय नेपालीको चाहना र भावनालाई सम्बोधन हुनेमा संघ विश्वस्त रहेको छ । जसले गर्दा सरल प्रक्रियाबाट गैरआवासीय नेपालीले संविधानको भावना अनुकूलका सबै अधिकार पूर्ण रूपमा उपभोग गर्न छन् र आफ्नो मातृभूमिसँगको नातालाई कानुनी रूपमै निरन्तरता दिन पाउनेछन् ।



# सन् २०१९ लाई 'टुरिजम प्रमोसन इयर' का रूपमा मनाइने

नेपाल भ्रमण वर्ष सन् २०२० लाई गैरआवासीय नेपाली संघ (एनआरएनए) ले सघाउने भएको छ । यसका लागि संघले २०१९ लाई 'टुरिजम प्रमोसन इयर' का रुपमा मनाउने भएको हो । सरकारले नेपालले सन् २०२० लाई नेपाल भ्रमण वर्षका मनाउने र २० लाख पर्यटक भित्र्याउने योजना यसअघि नै सार्वजनिक गरिसकेको छ ।

नेपाल पर्यटन बोर्ड र एनआरएनद्वारा ८ अक्टोबर २०१८ आयोजित नेपालको पर्यटनका दीर्घकालीन रणनीति विकासमा एनआरएनएको भूमिका विषय अन्तरकृयामा बोल्दै संघका अध्यक्ष भवन भट्टले सन् २०१९ मा विश्वका ८० देशमा टुरिजम प्रमोसन कार्यक्रम गरिने बताउनुभयो । उहाँले भनुभयो, विश्वभर नेपाली छरिएर रहेका छन्, जहाँनेपाली बसोबास गरिरहेका छन् यहाँ संघको सञ्जालबाट सरकारले मनाउन लागेको नेपाल भ्रमण वर्षलाई सहयोग पुऱ्याउन संघ लागिपरेको छ । संघको सहकार्यमा र विश्वभर बसोबास गरिरहेको नेपालीबाट नेपाल भ्रमण वर्षलाई सहयोग गर्न अभियान नै चलाउने अध्यक्ष भट्टले बताउनुभयो ।

नेपालमा पर्यटक भित्र्याउनको लागि 'अतिथि देवो भवः' अभियानलाई निरन्तरता दिंदै आएको र नेपाल आउने पर्यटकलाई लक्षित गरी 'नमस्ते क्याम्पियन'को समेत शुरूवात गरिएको उहाँले जानकारी गराउनुभएको थियो । नेपालको पर्यटन क्षेत्रको प्रचार प्रसारको लागि 'तीन जना साथी लाई नेपाल पठाऊ' अभियान समेत सञ्चालन गरिरहेको जानकारी दिंदै यस अभियानबाट नेपालको प्रचार प्रसारमा ठूलो टेवा पुग्ने अध्यक्ष भट्टले बताउनुभयो । कार्यक्रममा नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले विगतमा पनि बोर्डले एनआरएनएसँग सहकार्य गर्दै नेपालको पर्यटन प्रचार प्रसारमा महत्वपुर्ण भूमिका रहेको र आगामी दिनमा पनि सहकार्य गर्दै अगाडि बढ्ने बताउनुभयो ।

नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउन र विभिन्न देशमा रहेका नेपालीले नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउन विदेशमा रहेका पर्यटन क्षेत्रका संघसंस्थासँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्दै आएको एनआरएनएका उपाध्यक्ष सपिला राजभण्डारीले बताउनुभयो ।

कार्यक्रममा बोल्दै एक्सपिरेन्स नेपाल अभियानका संयोजक दिपेशमान शाक्यले सरकारले सन् २०२० मा २० लाख पर्यटक भित्र्याउन एनआरएनएले विश्वभर प्रर्वद्धन कार्यक्रम गर्ने बताउनुभयो । कार्यक्रममा विभिन्न आइसीसी र एनसीसीका प्रतिनिधीको उपस्थिती रहेको थियो।

# एयरपोर्टमा स्वागत

गैरआवासीय नेपाली संघ र नेपाल सरकार पर्यटनबोर्डको आयोजनामा भिजिट नेपाल २०२० का विभिन्न गतिविधिहरू संचालन भएका छन्। यसै सन्दर्भमा फोटो प्रदर्शनी सम्पन्न गरिएको संघका सहकोषाध्यक्ष तथा पर्यटन प्रवर्द्धन र विकास कमिटी संयोजक सोम सापकोटाले बताउनुभयो । संघको सो कमिटी र नेपाल सरकार पर्यटनबोर्डको पहलमा अतिथि देबो भव भन्ने बिशेष लोगो सहित सुरु गरिएको भिजिट नेपाल २०२० ले १० लाख पर्यटक नेपाल भित्र्याउने योजान गरिएको छ । सोही क्रममा विमान स्थलमा पर्यटकहरूलाई विशेष स्वागत कार्यक्रम लगायत थुप्रै गतिविधिहरू संचालनगरिएको छ । गत ५ अक्टुबर बाट नै अन्तर्राष्ट्रिय त्रिभुवन विमानस्थलमा स्वदेशी तथा विदेशी पाहुनालाई स्वागत गर्ने कार्य भइरहेको सापकोटाले बताउनुभयो ।




# सिन्धुपाल्चोकको ठोकर्पामा स्वास्थ्य शिविर



गैरआवासीय नेपाली संघले स्थापना दिवसको अवसर पारेर आयोजना गरिएका साताव्यापी कार्यक्रम अर्न्तगत एनआरएन महिला फोरमले ९ अक्टोवर २०१८ मा बृहत्त स्वास्थ्य शिविर आयोजना गरेको छ । गैरआवासीय नेपाली संघ महिला फोरमले सिन्धुपाल्चोक जिल्लाको ठोकर्पामा निशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको महिला फोरम संयोजक रजनी प्रधानले बताउनुभयो ।

# गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदको विधानसभा -२०१८ विधान संशोधन सम्वन्धी प्रतिवेदन

गैरआवासीय नेपाली संघको हालको संस्थागत संरचना तथा निर्वाचन प्रणालीको पुनरावलोकन गरी १२ अक्टोबर २०१८ मा काठमाडौंमा हुने विधानसभामा संशोधन प्रस्ताव पेश गर्न 'विधान संशोधन सुझाव तथा नियमावली निर्माण समिति'लाई अन्तर्राष्ट्रिय समन्वय परिषदको ६१औं बैठक(११ फेब्रुअरी २०१८)ले अनुरोध गरेको थियो। यस समितिले यस पूर्वका विभिन्न समितिहरूले पेश गरेका प्रतिवेदनहरूको अध्ययन गरी, विभिन्न चरणमा समिति भित्र र बाहिर छलफल गरी यो संशोधन प्रस्ताव तयार पारेको छ (यसै साथ संलग्न प्रतिविदेनको खण्ड १मा दिईएको कार्यविधी अनुसार)। यस संशोधन प्रस्ताव अनुमोदन गर्नको लागि अन्तर्राष्ट्रिय समन्वय परिषदमा पेश गरिएको छ। अन्तर्राष्ट्रिय समन्वय परिषदले अनुमोदन गरे पछि यस संशोधन प्रस्तावलाई विधानसभामा पेश हुनेछ। यस प्रतिवेदनका साथमा विधान संशोधनको तिन महले पेश गरिएको छ। यस संशोधन प्रस्तावलाई राष्ट्रिय समन्वय समिति मार्फत पन्जिकृत सदस्यहरु समक्षमा पुराउनका लागि अन्तर्राष्ट्रिय समन्वय परिषदमा अनुरोध गर्दछौं। विधान संशोधन प्रस्ताव तयार गर्ने यस्तो महत्वपूर्ण कार्यको लागि अवसर दिनु भएकोमा अन्तर्राष्ट्रिय समन्वय परिषद प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं।

विधान संशोधन सुझाव तथा नियमावली निर्माण समिति, ११ सेप्टेम्बर २०१८
hemraj.sharma@nrna.org

# समितिका सुझावहरु

## अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरुको निर्वाचन प्रकृयाका सम्बन्धमा:

अन्तर्राष्ट्रिय समन्वय परिषद पदाधिकारीहरुको निर्वाचन प्रकृयाका सम्बन्धमा समितिलाई प्राप्त ९ विकल्पहरु, तिनका राम्रा तथा नराम्रा पक्षमा छलफल तथा परामर्श (हेर्नुस खण्ड ३) गरि निम्नानुसार निम्नानुसार सुझाव पेश गरिन्छ।

क) अन्तराष्ट्रिय महाधिवेशन प्रतिनिधीमध्ये ५०% एनआरएनएका वर्तमान, पुर्व पदाधिकारी तथा विभिन्न समितिमा रहेका व्यक्तीहरुलाई सुनिश्चित गर्ने। हालको नियमावलीमा दिईएको प्राथमिकताको आधारमा (हेर्नुस अनुसुची) यी प्रतिनिधीहरुको छनोट गर्ने। बाँकि ५०% प्रतिनिधी पञ्जिकृत सदस्यहरुबाट छनोट गर्ने। कम्तिमा दुई वर्ष संघको पञ्जिकृत सदस्य भएकाहरु मात्र प्रतिनिधीमा छनोट गर्न पाउने व्यवस्था गर्नु पर्ने।

ख) हालको पञ्जिकृत सदस्य र प्रतिनिधीहरुको अनुपात (१:१०, हजार पञ्जिकृत सदस्य सम्म आदि) लाई बढाउने अर्थात प्रतिनिधीको कुल संख्या घटाउने। पञ्जिकृत सदस्य र प्रतिनिधीहरुको अनुपात निम्नानुसार प्रस्ताव गरिएको छ।




ग) प्रतिनिधीहरुको नामावली महाधिवेशन भन्दा १ महिना पहिले आईसिसिमा पठाउनु पर्ने व्यवस्था विधानमा किटान गर्ने (यो व्यवस्था अहिले नियमावलीमा भएकोले आईसिसिका पदाधीकारीहरुले आफनो अनुकुल यसलाई परिवर्तन गर्न सक्ने भएकोले)। प्रतिनिधीहरुको दर्ता शुल्क एनसिसिले एकमुष्ट आईसिसिलाई बुझाउने।

घ) एनसिसिले आफ्नो महाधिवेशन विश्व सम्मेलन भन्दा कम्तिमा ४५ दिन (हाल ३० दिन वा १ महिनाको व्यवस्था भएको) र बढिमा ३ महिना पहिला गर्ने (हाल ६ महिनाको व्यवस्था भएको)। यस्तो व्यवस्था गर्दा १ महिना पहिले प्रतिनिधिहरु पठाउन सक्लिो हुनेछ भने तथा निर्वाचनको चहलपहलको अवधी पनि कम हुने।

ङ) निर्वाचन समितिलाई स्थायी प्रकृतीको बनाउने र यस समितिले एनसिसिको निर्वाचन तथा प्रतिनिधी छनोटको समेत निरिक्षण गर्ने।

च) प्रतिनिधीहरुको डेटाबेस व्यवस्थापन गर्न निर्वाचन समितिले एउटा स्वतन्त्र प्राविधिक टोलीलाई दिने। यस प्रकृयामा सचिवालय वा संभावित उम्मेदवारहरु संलग्न नहुने।

छ) प्रतिनिधी छनोटको प्रकृया शुरु भए पछि आईसिसिले निर्वाचनमा प्रभाव पार्ने गरी कुनै नियमावलीहरु परिवर्तन गर्न नपाईने।

ज) प्रतिनिधीहरु स्वयम् उपस्थित भएर मतदान गर्ने व्यवस्था कायम गर्ने।

झ) निर्वाचनको आचारसंहिता निर्माण गर्ने र यसको कडाईका साथ लागु गर्ने।

ञ) निर्वाचनको अनुगमन समिति बनाउने।

## अन्तर्राष्ट्रिय समन्वय परिषदको बनावट सम्बन्धमा

भिजन-२०२० ले निर्देशन गरे बमोजिम अन्तर्राष्ट्रिय समन्वय परिषदमा बिभिन्न पेशमा रहेका गैरआवासीय नेपालीहरुको प्रतिनिधित्व सुनिश्चित हुने गरी निम्नानुसार व्यवस्था गर्न समिति सुझाव गर्दछ।

क) निम्न ५ विभागहरुको व्यवस्था गर्ने

- वैदेशिक रोजगार
- व्यपार तथा लगानी
- मानवकल्याण
- ज्ञान सिप र नवप्रवर्तन
- सांगठनिक - प्रशासनिक

ख) ५ विभागको नेतृत्व ५ उपाध्यक्षले गर्ने। आईसिसि सदस्यहरु विभागको सदस्य रहने (उनीहरुको दक्षता अनुसार)। प्रत्येक विभागको लागि एउटा कर्मचारी काठमाडौं सचिवालयमा रहने। अहिले रहेका समितिहरु तिनै विभाग अन्तर्गत रहेर काम गर्ने।

ग) ५ उपाध्यक्षहरुको उम्मेदवारको मनोनयन छुट्टाछुट्टै लिने, तर मतदान सबै प्रतिनिधीहरुबाट गर्ने।

घ) अध्यक्षको उम्मेदवारको योग्यता तोक्ने। अध्यक्षहरुको निर्वाचन खुला प्रतिस्पर्धाबाट हुँदा (निर्वाचन लड्न कुनै निश्चित योग्यता र मापदण्ड नतोक्दा) सम्बन्धित विषयमा अनुभव वा विशेषज्ञता नभएका व्यक्तीहरु पनि निर्वाचित हुने संभावना रहन्छ र उनीहरुबाट हुने नेतृत्व प्रभावकारी नहुन सक्छ।

- वैदेशिक रोजगार - श्रमविभागबाट स्विकृत लिएर वैदेशिक रोजगारमा गएका नेपालीहरु भएका देशबाट प्रतिनिधीत्व गरेको हुने पर्ने – श्रमिकहरुको हक हितसँग conflict of interest हुने खालको पेशामा नभएको।
- व्यपार तथा लगानी – विदेशमा व्यवसाय दर्ता गरी व्यपार तथा लगानीलाई पेशाको रुपमा अंगालेको (कम्तिमा २ वर्ष)
- मानवकल्याण – स्वदेश वा विदेशमा मानवकल्याणमा उल्लेखनिय योगदान गरेको
- ज्ञान सिप र नवप्रवर्तन – अध्ययन अनुसन्धानलाई पेशाको रुपमा अंगालेको (कम्तिमा २ वर्ष)
- महिला – सांगठनिक र प्रशासनिक क्षेत्रमा कम्तिमा २ वर्षको अनुभव भएको

ङ) अध्यक्षलाई सहयोग गर्ने एक वरिष्ठ उपाध्यक्षको व्यवस्था गर्ने तर वरिष्ठ उपाध्यक्ष स्वत: अध्यक्ष हुने व्यवस्था नगर्ने।

## अन्तर्राष्ट्रिय समन्वय परिषदको कार्यकाल सम्बन्धमा

आईसिसिको दुई वर्षे कार्यकाल ठोस काम गर्न छोटो भएकोले यसलाई बढाएर ३ वर्ष बढाउने बारे छलफल हुँदै आएको छ। तर नेपाल सरकारको गैरआवासीय नेपाली संबन्धि ऐनमा (दफा १३(१)) संघको साधारणसभा हरेक २ वर्षमा गर्नु पर्ने व्यवस्था भएकोले उक्त ऐनमा संशोधन नभए सम्म संघको विधानमा मात्र परिवर्तन गर्नुको अर्थ हुँदैन। ३ वर्षे कार्यकालसँग जोडिएका निम्न व्यवहारिक पक्षमा पनि ध्यान दिन जरुरी छ।

- एनसिसिको महाधिवेशन पनि ३ वर्षमा सम्पन्न गर्नु पर्नेछ। कतिपय एनसिसि संबन्धित देशमा दर्ता भई सकेकाले यसो गर्न संझट हुन सक्छ।

- हरेक ३ वर्षमा विश्व सम्मेलन आयोजना गर्दा नेपालमा एनआरएनको सक्रियता कम देखिन्छ तर हरेक वर्ष नेपालमा सम्पन्न हुने एनआरएन डे जस्तै कार्यक्रमले एनआरएनको सक्रियता कम नहुने अवस्था गरी विचार छ।

- तिन वर्षे कार्यकाल गर्दा पदाधिकारीले दिने समय र सांगठनिक कामको लागि उनीहरुले गर्नु पर्ने खर्च बढि हुनेछ।

- एउटै व्यक्तीले लामो समय नेतृत्व गर्दा नेतृत्वमा पुन अरु व्यक्तिले लामो समय कुर्नु पर्ने अवस्था हुन्छ।

अत: समितिको सुझाव यस प्रकार छ।

क) कार्यकाल ३ वर्ष बनाउन ऐनमा संशोधन संभव छ वा छैन सरकारसँग परामर्श गर्ने।

ख) एनसिसिको कार्यकाल ३ वर्ष बनाउदा एनसिसिमा के कस्तो प्रभाव पर्छ उनीहरुसँग परामर्श गर्ने ।

ग) दुई वर्षे कार्यकाललाई कसरी प्रभावकारि बढाउन सकिन्छ त्यसको अध्ययन गर्ने।

## निर्वाचनका वैकल्पिक प्रक्रियाका, तिनका राम्रा तथा नराम्रा पक्षहरु

संघको हालको विधान अनुसार राष्ट्रिय समन्वय परिषदबाट सिफारिस गरिएका महाधिवेशन प्रतिनिधीहरु (१० जना पञ्जीकृत सदस्य बराबर एक प्रतिनिधी, धारा १३.८) काठमाडौंमा उपस्थित भई अन्तर्राष्ट्रिय समन्वय परिषद्(आईसिसि)का पदाधिकारी निर्वाचित गर्दछन्। तर विगत केही वर्ष चुनाव अव्यवस्थित र अमर्यादित हुदै गएको महसुस भएको छ। अत: निर्वाचनका विभिन्न वैकल्पिक सुझावहरु प्राप्त भएका छन्। प्रस्तावित निर्वाचन पद्धती र यीनका सकरात्मक र नकरात्मक पक्षहरु छलफलको लागि यहाँ प्रस्तुत गरिएको छ।

| क्रम | निर्वाचन प्रक्रिया | राम्रा पक्ष | नराम्रा पक्ष |
| --- | --- | --- | --- |
| १ | राष्ट्रिय समन्वय परिषद (एनसिसि) बाट सिफारिस महाधिवेशन प्रतिनिधीहरुको सट्टा राष्ट्रिय समन्वय समितिका अध्यक्ष तथा अन्तर्राष्ट्रिय समन्वय परिषद (आईसिसि) सदस्यहरु र आईसिसिका निवर्तमान पदाधिकारी तथा सदस्यहरुद्धारा पदाधिकारीहरु निर्वाचित गर्ने। | निर्वाचनलाई व्यवस्थित गर्न सजिलो हुनेछ, गुणात्मक प्रतिनिधीले मतदान गर्ने। | • आईसिसिका पदाधिकारी पदका उम्मेदवारहरुले आफू अनुकूलका एनसिसिका अध्यक्षहरु र आईसिसि सदस्यहरुलाई निर्वाचित गर्न एनसिसिको निर्वाचनलाई प्रभाव पार्न सक्ने र यसले विभाजनको रेखा तल्लो तहसम्म पुग्ने संभावना रहन्छ।<br>• धेरै प्रतिनिधी उपस्थित नहुदा विश्व सम्मेलनको आकर्षण कम हुनेछ।<br>• १० जना सदस्य बराबर १ प्रतिनिधी व्यवस्था हटाउदा एनसिसिले पञ्जिकृत सदस्यता बनाउन कम चासो राख्ने छन्।<br>• अहिलेको जस्तो सदस्यता शुल्कले काठमाडौं सचिवालय सञ्चालन गर्न सहयोग भएको अवस्था नहुन सक्छ। तर सचिवालय सञ्चालनका लागी |

| | | | |
|---|---|---|---|
| | | | अन्य वैकल्पिक व्यवस्था नए पछि भने यो समस्या हुने छैन। |
| २ | महाधिवेशन प्रतिनिधीहरु संख्या १०० भन्दा कम गर्ने। | चुनावलाई व्यवस्थित गर्न सजिलो हुनेछ र गुणात्मक प्रतिनिधिले मतदान गर्नेछन्। | एनसिसिबाट छानिने प्रतिनिधिहरुको संख्या घटाउदा प्रतिनिधीहरु क्लोट के लागि एनसिसिमा निर्वाचन हुने संभावना भएकोले। |
| ३ | गैरआवासीय नेपाली अभियानमा लागेका व्यक्तिहरु (जस्तै राष्ट्रिय र अन्तर्राष्ट्रिय परिषदमा काम गरि सकेका पदाधिकारी तथा सदस्यहरु) रहेको एक काउन्सिल गठन गरी यसै काउन्सिलसदस्यहरुबाट पदाधिकारीको निर्वाचन गर्ने। | एनआरएनको मर्म र भावना बुझेका गुणात्मक प्रतिनिधीले मतदान गर्नेछन्। | ▪ एनआरएनको कार्यसमितिमा काम नगरेका पञ्जिकृत सदस्यहरुले मतदानमा भाग लिन नपाउने भएकोले नयाँ सदस्यहरुलाई एक प्रकारले ढोका बन्द गर्न खोजिए जस्तो हुनेछ।<br>▪ लाखौ गैरआवासीय नेपालीहरु मध्ये करीब २% मात्र पञ्जिकृत सदस्य बनेका छन्। यस्तो व्यवस्थाले सदस्य संख्या बढाउन कठिन हुनेछ। |
| ४ | काउन्सिल सदस्य र खुला प्रतिनिधीहरुको मिश्रित मतदाताहरुले पदाधिकारी निर्वाचन गर्ने। | ▪ एनआरएनको मर्म र भावना बुझेका गुणात्मक प्रतिनिधिले मतदानमा भाग लिनेछन्।<br>▪ नयाँ सदस्यहरुलाई मतदानमा भाग लिन ढोका खुला भई रहनेछ।<br>▪ विकल्प १ मा उल्लेख भए झै सदस्यता शुल्क पनि घट्ने छैन। | ▪ काउन्सिल सदस्य र खुला प्रतिनिधीहरुको अनुपात कती हुने बारे छलफल गर्नु पर्ने<br>▪ काउन्सिका सदस्यहरु को को हुने निर्धारण गर्नु पर्ने। |
| ५ | नेपाल बाहिर हुने क्षेत्रीय सम्मेलनमा पदाधिकारीको निर्वाचन गर्ने। | नेपाल बाहिर हुने निर्वाचन राजनैतिक वा अन्य किसिमको प्रभाव कम गर्नेछ। | ▪ क्षेत्रीय सम्मेलनमा उपस्थित हुन भिसा आदिको समस्याले सबै क्षेत्रका प्रतिनिधिहरुको उपस्थित हुन नसक्ने र सम्मेलन |

| | | | |
|---|---|---|---|
| | | | हुने क्षेत्रका प्रतिनिधिहरुको बाहुल्यता हुनेछ।<br>▪ निर्वाचन बाहिर हुँदा नेपालमा एनआरएन अभियानको प्रभाव कम हुनेछ। |
| ६ | प्रतिनिधीहरु नेपालमा उपस्थिति नभईकन विद्युतिय माध्यमबाट पदाधिकारीहरुको निर्वाचन गर्ने । | ▪ निर्वाचनमा धैरेको सहभागिता रहने<br>▪ आवात जावतका लागि समय र श्रोत खर्च नहुने<br>▪ विश्व सम्मेलन भन्दा पहिले नै (एक महिना पूर्व) निर्वाचन गर्न सकिने भएकोले निर्वाचनले विश्व सम्मेलनलाई असर नगर्ने । | ▪ Fingerprint अथवा face-recognition पद्धती उपलब्ध नभए सम्म मतदाता स्वयमले मतदान नगरी विभिन्न प्रभावमा अरु कसैले मतदानको गर्न सक्ने संभावना भएको ।<br>▪ विद्युतिय प्रणालीको दुरुपयोग हुन सक्ने। |
| ७ | सबै पञ्जीकृत सदस्यहरुले पदाधिकारीको प्रत्यक्ष निर्वाचन गर्ने (आ-आफ्नो देशबाट) | निर्वाचनमा सहभागिता नहुने, पञ्जीकृत सदस्यको संख्या नबढ्ने संभावना। | साधन श्रोतको हिसाबले मतदानको व्यवस्था गर्न लगभग असंभव। |
| ८ | सबै पञ्जीकृत सदस्यहरुले पदाधिकारीको प्रत्यक्ष निर्वाचन गर्ने (विद्युतिय प्रणालीबाट) | ▪ निर्वाचनमा धैरेको सहभागिता रहने<br>▪ आवात जावतका लागि समय र श्रोत खर्च नहुने<br>▪ विश्व सम्मेलन भन्दा पहिले नै (एक महिना पूर्व) निर्वाचन गर्न सकिने भएकोले निर्वाचनले विश्व सम्मेलनलाई असर नगर्ने।<br>▪ बढि लोकतान्त्रिक | ▪ Fingerprint अथवा face-recognition पद्धती उपलब्ध नभए सम्म मतदाता स्वयमले मतदान नगरी विभिन्न प्रभावमा अरु कसैले मतदानको गर्न सक्ने संभावना भएको।<br>▪ विद्युतिय प्रणालीको दुरुपयोग हुन सक्ने । |
| ९ | वरिष्ठ उपाध्यक्षको व्यवस्था गरी अध्यक्षको अवधी सकिए पछि नीजलाई स्वत: अध्यक्ष बनाउने (FNCCI Model)। | | निर्वाचन उपाध्यक्षमा केन्द्रित हुने भएकोले यसले हालमा देखिएको निर्वाचनको समस्यालाई कम गर्ने। अर्को कार्यकालको लागी कुनै प्रतिस्पर्धा नहुने भएकोले वरिष्ठ |

| | | | |
|---|---|---|---|
| | | | उपाध्यक्षको कार्यसम्पादनमा असर पुग्ने। |

समिति

**NRNA ICC CONTITUTION AMENDMEND AND REGULATION FORMATION (CAARFC)-2017/19**

| | | | | |
|---|---|---|---|---|
| | Advisors | | | |
| 1 | Ambika Adhikari Dr | USA | Ex-patron, ex-EC, NRNA ICC | ambika.adhikari@gmail.com |
| 2 | Dil Gurung | Germany | Ex-patron, NRNA ICC | [illegible]@hotmail.com |
| 3 | Indra Ban | Australia | Ex-patron, NRNA ICC | indraban0@gmail.com |
| 4 | Jiba Lamichhane | Russia | Patron, NRNA ICC | jibalamichhane@gmail.com |
| 5 | Naresh Koirala | Canada | Ex-EC America, ex-advisor, NRNA ICC | naresh@nepalliteracy.org |
| 6 | Ram P Thapa | Germany | Ex-chief Patron, NRNA ICC | thapa@web.de |
| | Chair | | | |
| 1 | Hem Raj Sharma Dr | UK | Advisor, Ex-spokesperson, NRNA ICC | hem_raj_sharma@hotmail.com |
| | Co-chair | | | |
| 2 | Bhabani Oli | Australia | Ex-Youth Coordinator, NRNA ICC, Ex-member, Constitution Committee | bhabani@oli.com.au |
| | Regonal co-chairs | | | |
| 3 | Dharma KC | Middle East | Ex-cochair, CAARFC, NRNA ICC | dharmakc@yahoo.com |
| 4 | Mahendra Lamsal | Oceania | Ex-Regional coordinator, NRNA ICC | mahendra@yetitravels.com.au |
| 5 | Mahesh Shrestha | Asia Pacific | Member, NRNA ICC | mhojpn@gmail.com |
| 6 | Ram Chandra Kharel | USA | Ex-DRC, ex-advisor NRNA ICC | rk@nepaltvusa.com |
| 7 | Yub Raj Gurung | Europe | Ex-advisor, NRNA ICC | tamuyuboraj@hotmail.com |
| | Members | | | |
| 8 | Balmanja Maharjan | New Zealand | Honorary Council member, NRNA ICC | bmaharjan@gmail.com |
| 9 | Bandana Koirala | USA | ICC member, USA | banda.koirala@gmail.com |
| 10 | Bhakta Gurung | UK | EX-General Secretary, NRNA UK | bhaktagrg@gmail.com |
| 11 | Binod Bhattarai | Qatar | ICC member, NRNA ICC | yourbinod127@hotmail.com |
| 12 | Chinta Mani Sapkota | Spain | President, NRNA Spain | sapkotamc@gmail.com |
| 13 | Devi Basnet Dr | Korea | Ex-cochair, CAARFC, NRNA ICC | basnetdevi@gmail.com |
| 14 | Mani Raj Pokharel Dr | Russia | Ex-advisor, NRNA ICC | drmrp58@gmail.com |
| 15 | Nabraj Gurung | Americas | Ex-regional coordinator, NRNA ICC | nabarajgurung@hotmail.com |
| 16 | Harihar Aryal | France | Ex-ICC member, NRNA ICC | aryalharihar@yahoo.fr |
| 17 | Krishna Pandey | Hong Kong | Ex-Deputy Regional Coordinate, NRNA ICC | pandeyk25@gmail.com |
| 18 | Kul Bahadur Karki | Kenya | Ex ICC member | kul_bahadur@[illegible] |

| | | | | |
|---|---|---|---|---|
| 19 | Pramoda Sitaula | USA | NRNA USA | |
| 20 | Puspa Thapa | Germany | ICC Adviser | [illegible] |
| 21 | Surendra Shrestha | UK | NRNA ICC adviser | [illegible] |
| 22 | Yasmin Begum Sayed | Saudi Arab | Women Coordinator, Middle East | yasmin_raj2002@yahoo.com |
| | Special invitees | | | |
| 1 | Bil Gurung | Qatar | Ex-GS, NRNA NCC Qatar | [illegible] |
| 3 | Ekraj Giri | Spain | Deputy Regional Coordinator, Europe | [illegible] |
| 4 | Gokul Katuwal | Australia | Ex-cochair, CAARFC, NRNA ICC | [illegible] |
| 2 | Gyanendra Regmi Dr | Australia | Spokesperson, NRNA NCC Australia | [illegible] |
| 5 | Krishna Bhattarai | UK | Member, NRNA NCC UK | kp_bhattarai19@yahoo.com |
| 6 | Mina KC | Australia | Advisor, Ex-spokesperson, NRNA ICC | [illegible] |
| 7 | Niraj Shrestha | Australia | Ex-ICC member, NRNA ICC | [illegible] |

# ११ औँ युरोपिय बैठक तथा नवौँ युरोपेली महिला बैठक २०१८ लग्जेम्बर्गका निर्णय

गैरआवासीय नेपाली संघको ११ औँ युरोपे-ली क्षेत्रीय बैठक तथा ९ औँ युरोपिय महिला बैठक २९ र ३० जुलाई, २०१८ मा लग्जे-म्बर्गमा भव्यताका साथ सम्पन्न भयो । नेपाल सरकारका परराष्ट्रमन्त्री माननीय प्रदिप ज्ञवालीले बैठकको उद्घाटन गर्नुभएको थियो । बैठकमा पूर्व प्रधानमन्त्री डा. बाबुराम भट्टराई, लक्जे-म्बर्ग सरकारका शिक्षा, युवा तथा बालबालिका मन्त्री कलाउडे मेइशले, संघीय संसदका माननीय सांसदद्वय रामकुमारी झाँक्री र डा. सूर्य पाठक, पूर्व मन्त्री हिसिला यमी, बेल्जियम नेदरल्याण्ड र लग्जेम्बर्गका लागि नेपाली राजदुत महामहिम लोक बहादुर थापा समेत सहभागी हुनुहुन्थ्यो । यस्तै गैरआवासीय नेपाली संघका अध्यक्ष भवन भट्ट, संरक्षक जीवा लामिछाने, संरक्षक रामप्रताप थापा, अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरू सहित एसिया, अमेरिका, मध्यपूर्व र युरोपका २८ देशका करिब चार सय प्रतिनिधिहरूको उपस्थिति थियो । युरोप संयोजक शिवकुमार बरूवालको संयोजकत्वमा सम्पन्न भएको बैठकमा प्रमुख संरक्षक डा. उपेन्द्र महतोले लिखित सन्देश तथा लग्जेम्बर्गका प्रधानमन्त्री जाभियर बेटेलले भिडियो सन्देश पठाउनु भएको थियो । उक्त बैठकका निर्णयहरू निम्नानुसार छन् ।

१. नयाँ संविधानले गैरआवासिय नेपालीका लागि आर्थिक, सामाजिक र संस्कृति अधिकार उपभोग गर्न पाउने गरी गैरआवासीय नागरिकता प्रदान गर्ने व्यवस्था गरेपनि कार्यान्वयनमा अझै आउन सकेको छैन । आगामी आश्विन महिना सम्म कानून बनाई प्राप्त संवैधानिक अधिकारको पूर्ण उपभोगको लागि तत्काल स्पष्ट कानुन निर्माण गरी जारी गर्न यो बैठक नेपाल सरकार समक्ष जोडदार अनुरोध गर्दछ । वैठकमा सहभागी माननीय मन्त्रीज्यू तथा संघीय संसदका माननीयज्यूहरूबाट यस विषयमा प्राप्त आश्वासन र सदासयता प्रति हार्दिक आभार प्रकट गर्दै नागरि-कता सम्बन्धी प्राप्त उपलब्धी लाई संस्थागत गर्न र थप अधिकारका लागि पहल जारी राख्ने निर्णय गरिन्छ ।

२. नेपाल सरकारको सहकार्यमा गैरआवासीय नेपालीसंघले अक्टोवर १२(१४, २०१८मा काठमाडौँमा आयोजना गर्नेपहिलो विश्व विज्ञ सम्मेलन (First NRN Global Knowledge Convention)को पूर्वतयारी स्वरूपयस बैठकमा शिप ज्ञान रनवप्रवर्धन (Skill, Knowledge and Innovation)सत्रको आयोजना गरियो। यसमा शिक्षा, स्वास्थ्य, कृषि, फोहोर व्यवस्थापन लगायतका विषयमा कार्यपत्रहरू प्रस्तुत भए । विश्व विज्ञ सम्मेलनसफल पार्न युरोपका सबै राष्ट्रिय समन्वयपरिषदहरूलाई यस बैठक आग्रह गर्दछ।

३. नेपालको बढ्दो बेरोजगारी समस्यको अन्त्य गर्न गैर आवासीय नेपाली संघको सहकार्यमा प्राबिधिक शिक्षा प्रणाली (भोकेशनल शिक्षा) लागु गर्न प्रस्ताव गर्दै सरकारसंग यसमा आवश्यक सहकार्य गर्नेयो बैठक निर्णय गर्दछ ।

४. गैरआवासीय नेपाली महिलासंघ फोरमले हालसम्म गरेका कार्यहरूको प्रसंशा गर्दैमहिलाहरूको उद्यमशिलता विकास तथा लगानी अभिवृद्धिका लागि आवश्यक सहयोग गर्ने र महिलाहरूलाई लगानीका क्षेत्रमा अघि बढाउनुपर्ने निर्णय गर्दछ । गैर आवासीय नेपाली संघ महिला फोरमको सक्रियतामा नेपालमा गत वर्षबाट शुरू भएको सिप विकास तालिमलाई निरन्तरता दिने निर्णय गरिएको छ । गैरआवासीय नेपाली अभियानमा महिलाहरूको सहभागिता बढाउने अभिप्रायले हरेक राष्ट्रिय परिषदमा यथासम्भव महिला सहभागिताको सुनिश्चितता गराउन आग्रह गर्ने निर्णय गरिन्छ ।

५. विदेशमा एकल महिलाबाट जन्मिएका बच्चाहरूलाई सहजतापूर्वक नेपाली नागरिकता दिने व्यवस्था अविलम्ब गराई ति बच्चाहरूलाई विदेशबाट स्वदेश जान यात्रा अनुमति पत्रको व्यवस्था मिलाउन पनि नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरिन्छ ।

६. नेपाल सरकारले हालसम्म नर्वे, थाइल्यान्ड, श्रीलंका, मौरिसस, अष्ट्रिया, पाकिस्तान, चीन, कोरिया, कतार र भारतसंग दोहोरो करमुक्ति सम्झौता सम्पन्न गरेको छ । लगानीकर्ताको लगानीको सुरक्षाका निम्ति अनिवार्य शर्तको रूपमा रहने करमुक्ति सम्झौता (डिटिएए), विप्पा र इपिए सम्झौता नभएका मुलुकबाट ठूलो लगानी आउन नसकेको निष्कर्ष सहित अन्य देशहरूमा समेत सम्झौता प्रक्रिया अघि बढाउन सरकारसंग अनुरोध गर्ने निर्णय गरिन्छ । यसले गैर आवासीय नेपाली र विदेशी लगानी भित्र्याउन सहयोग पुग्ने बैठकको ठहर छ ।

७. गैरआवासीय नेपाली संघद्वारा संचालित लाप्राक नमुना बस्ती, कार्यालय भवन, शंखमूल पार्क, उज्यालो नेपाल, पत्रकार महासंघ केन्द्रिय कार्यालयमा पुस्तकालय स्थापना लगायतका परियोजनाहरू आगामी अक्टोबरभित्र सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछ । यसै वर्ष बेलायतमा औपचारिक रूपमा घोषणा गरिएको नेपालमा १० अर्ब लगानी सुनिश्चित गर्ने कार्यक्रम तत्काल अघि बढाउन यो बैठक पुनः प्रतिबद्धता जाहेर गर्दछ ।

८. नेपालमा वार्षिक २० लाख पर्यटक भित्र्याउने उद्देश्य सहित नेपाल सरकारले हालै घोषणा गरेको 'भिजिट नेपाल २०२०' कार्यक्रमप्रति ऐक्यवद्धता जनाउँदै सो अभियानलाई सफल बनाउन अत्याधिक पर्यटकहरू भित्र्याउन युरोप स्थित नेपाली दूतावासहरू तथा नेपाल पर्यटन बोर्डका मानार्थ प्रतिनिधिहरूसँग समन्वय गर्न युरोपका सबै राष्ट्रिय परिषदहरूलाई अनुरोध गर्दछ । यो अभियानलाई सफल बनाउन नेपाल बायुसेवा निगमको हवाइ सेवा युरोप क्षेत्रमा सञ्चालन गर्न अनुरोध गर्ने निर्णय गरिन्छ ।

९. युरोप क्षेत्रमा बढ्दै गएको मानव तस्करी रोक्न गैरआवासीय नेपाली संघ सरकारसँग सहकार्य गरेर अघि बढ्ने निर्णय गर्दछ । त्यसका लागि आवश्यकता अनुसार कानुनी व्यवस्थाका लागि सरकारसँग आग्रह गर्ने निर्णय गर्दछ ।

१०. गैरआवासीय नेपालीहरूको उपस्थिति र समस्याहरू बढ्दै गइरहेको पोर्चुगल, इटाली लगायतका देशहरूमा नेपाली दुतावास राख्नु पर्ने महशुश बैठकले गरेको छ र नेपाल सरकारलाई यस तर्फ यथाशीघ्र आवश्यक कदम चाल्न अनुरोध गर्दछ ।

११. युरोप क्षेत्रमा बसोबास गर्ने युवा जमात तथा दोस्रो पुस्तालाई गैरआवासीय नेपाली अभियानको मुलधारमा समाहित गर्दै नेपालको सर्वाङ्गीण विकासमा हातेमालो गर्न सरोकारवाला व्यक्ति तथा निकायहरूलाई अनुरोध गर्ने निर्णय गरिन्छ । साथै युरोप क्षेत्रका गैरआवासीय नेपाली बालबालिकाहरूलाई नेपाली भाषा, लिपि, संस्कार, संस्कृति सिकाउने कार्य गर्न यो बैठक अपील गर्दछ ।

१२. गैर आवासीय नेपाली संघको आगामी अक्टो-बरमा हुने संघको विधान अधिवेशनमा प्रस्तुत हुने विधान संशोधनको प्रस्ताव माथि छलफल भयो । प्रस्तावित संशोधनमा अगस्त ३० तारिख भित्र सुझाव तथा सल्लाह पेश गर्न सम्पूर्ण राष्ट्रिय समन्वय परिषदहरूलाई अनुरोध गरिन्छ ।

१३. नेपालको विद्यमान निर्बाहमुखी कृषि प्रणालीलाई ब्यवसायिकीकरण तथा औद्योगीकरणगरी सम्बृद्धिको आधार कृषिर कृषि अभियान मा गैरआवासीय नेपाली' भन्ने भावका आधारमा विदेशमा सिकेका प्रविधि, सिप र अनुभव सहित गैरआवासीय नेपालीहरूको कृषि क्षेत्रको समग्र विकासमा सहभागिता बढाउँदै जाने प्रतिबद्धता प्रकट गर्दछ ।

१४. यस बैठकमा युरोप क्षेत्रमा क्रियाशिल २८ राष्ट्रिय समन्वय परिषदहरूको क्रियाकलाप बारे सुक्ष्म छलफल गरियो ।आगामी दिनमा अझै गैरआवासीय नेपालीहरूको हकहितको लागि सामाजिक तथा आर्थिक क्रियाकलापलाई बढावा दिँदै सम्बन्धित देशका स्थानीय निकाय र सरकारसँग सहकार्य गरी नेपाल र नेपालीका हितमाकार्यहरू गर्न पहल गर्ने निर्णय गर्दछ । आगामी युरोपिय बैठक इटालीमा र त्यस पछिको क्रमशः आयरल्याण्ड र फिनल्याण्डमा गर्ने पनि निर्णय गरियो ।

१५. यो बैठक सफलतापूर्वक सम्पन्न गर्न सघाउनुहुने नेपाल सरकार, लग्जम्बर्ग सरकार बेनेलक्सका लागि बेल्जियमस्थित नेपाली दुतावास, सम्पूर्ण एनसीसीहरू, आयोजक राष्ट्र लक्जेम्बर्ग, प्रायोजकहरू, स्वयंसेवी, पत्रकार, कलाकार लगायत सबै पक्षलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

# छैठौं मध्यपूर्व क्षेत्रीय बैठकका निर्णयहरु

गैरआवासीय नेपाली संघको छैठौं मध्यपुर्व क्षेत्रीय बैठक अगस्ट २३-२५ तारिखमा दुबईमा भव्य रूपमा सम्पन्न भयो । बैठकको उद्घाटन प्रमुख अतिथि माननीय खानेपानी मन्त्री विना मगरले गर्नुभएको थियो । बैठकमा विशिष्ट अतिथि पुर्व श्रममन्त्री रमेश लेखक, युएईका लागि कार्यबाहक राजदूत सागर फुयाल, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका प्रतिनिधि विपिन आचार्य समेत सहभागी हुनुभयो । यस्तै अन्तर्राष्ट्रिय समन्वय परिषदका अध्यक्ष भवन भट्ट, संस्थापक अध्यक्ष डा. उपेन्द्र महत्तो, पुर्व अध्यक्ष जीवा लामिछाने, अन्तर्राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरू, राष्ट्रिय समन्वय परिषदका प्रतिनिधि लगायतको पनि उपस्थिती थियो । सम्मेलनले वैदेशिक रोजगारलाई सुरक्षीत, व्यवस्थित र मर्यादित वनाउनको लागि १६ बुँदे दुबई निष्कर्ष निकालेको छ ।

१. नेपाल सरकारले लागु गरेको शुन्य लागतमा कामदारलाई वैदेशिक रोजगारमा पठाउने नीतिलाई प्रभावकारी रूपमा कार्यन्वयनका लागि सम्बन्धित मुलुकसँग यथाशिघ्र श्रम सम्झौता गर्न आग्रह गर्ने । साथै, नेपाली कामदारलाई दक्ष बनाई र गन्तब्य देशबारे आवश्यक अभिमुखीकरण तालिम दिएर मात्रै पठाउने व्यवस्था मिलाउन अनुरोध गर्ने ।

२. वैदेशिक रोजगारीमा जाने नेपाली कामदारलाई ठगीबाट जोगाउनका लागि नेपाली दूतावासबाटै मागपत्र प्रमाणीकरण गर्नुपर्छ भन्ने एनआरएनको मागलाई सरकारले सम्बोधन गरेकोमा स्वागत गर्दै यसलाई प्रभाबकारी र छिटो कार्यसम्पादन गर्नका लागि आधुनिक प्रविधि प्रयोग गरी कागजात विहिन प्रणालीद्वारा कार्यन्वयन गर्न आग्रह गर्ने ।

३. नेपाली कामदारलाई नेपाली दूतावासबाटै पुनः श्रम स्वीकृति दिने व्यववस्था यथाशिघ्र कार्यान्वयनमा ल्याउनको लागि परराष्ट्र र श्रम रोजगार तथा सामाजीक सुरक्षा मन्त्रालयलाई अनुरोध गर्ने ।

४. विदामा घर गएका खाडी क्षेत्रमा कार्यरत घरेलु कामदारलाई विशेष गरी महिला कामदार सोही रोजगारदाताकोमा काम गर्न चाहेमा अभिले–खीकरण गरी श्रम स्वीकृति दिन सरकारसँग आग्रह गर्ने । बैदेशिक रोजगारबाट फर्किएका महिलाहरूलाई देशमै पुर्नस्थापनाको लागि प्रशिक्षण तथा रोजगारीको कार्यक्रम देशव्यापी रूपमा सञ्चालन गर्न नेपाल सरकारलाई अनुरोध गर्ने । एक हजारभन्दा बढी महिलाहरू कार्यरत देशमा आवश्यकता अनुसार संरक्षण गृह बनाउन नेपाल सरकारलाई आग्रह गर्ने ।

५. गैरआवासीय नेपाली संघले बिगतदेखि उठाउँदै आएको हजारे अभियान अर्थात् बैदेशिक रोजगारमा जाने नेपाली कामदारको सामाजिक सुरक्षाको ग्यारेन्टीको लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकारसंग जोडदार माग गर्दछ ।

६. नेपाली भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण, संम्बर्धन एवं प्रबर्द्धनका लागी हरेक देशमा एनआरएनएले सञ्चालन गर्ने गरी नेपाली दूतावासको संरक्षकत्वमा रहने नेपाली सांस्कृतिक केन्द्र स्थापना गर्न सरकारलाई पुनः आग्रह गर्ने ।

७. एनआरएनएको राष्ट्रिय समन्वय परिषदलाई विधिवत रूपमा सम्बन्धीत राष्ट्रमा दर्ता गराउन परराष्ट्र मन्त्रालयसँग समन्वय गरी आवश्यक सिफारीस प्रदान गर्न अन्तर्राष्ट्रिय समन्वय परिषदलाई आग्रह गर्ने ।

८. वैदेशिक रोजगारको क्षेत्रलाई व्यवस्थित गर्न परराष्ट्र, श्रम र गृह मन्त्रालयबीच समन्वय प्रभावकारी वनाउन एकीकृत विद्युतीय सुचना प्रणाली लागु गर्न अनुरोध गर्ने । वैदेशिक रोजगारीबाट फर्केका कामदारको दक्षता सहितको अभिलेख राख्न अनुरोध गर्ने ।

९. वैदेशिक रोजगारीको नाममा वैदेशिक रोजगार ऐन विपरीत भिजिट भिसा र कथित आजाद भिसाको नाममा कारोवार गर्ने र कामदारलाई अलपत्र बनाउने संलग्न कम्पनी वा ब्यक्तिलाई सम्बन्धीत कानुन बमोजिम कारबाही गर्न आग्रह गर्ने ।

१०. बिदेशमा रहेका नेपाली नागरिकहरूलाई मताधिकार दिन सर्वोच्च अदालतको आदेशलाई कार्यान्वयन गर्न सरकारलाई अनुरोध गर्ने ।

११. युएईको दुवई, लेवनान र इराकमा महाबाणिज्य दूतको कार्यालय तथा कानुनतः पाँच हजार नेपाली कामदार रहेको देशमा श्रम सहचारी स्थापनाको लागि नेपाल सरकारलाई अनुरोध गर्ने ।

१२. नेपाली दुतावासमा कानुनी सेवा प्रदान गर्ने गरी आवश्यक्ता अनुसारको वकिलको यथाशिघ्र व्यवस्था गर्नु पर्ने । जेलमा रहेका कामदारको यथासिघ्र कानुनी प्रतिरक्षा गर्नुको साथै कोमामा रहेका नेपाली कामदारलाई स्वदेशमा ल्याई उचित स्वास्थ्य उपचारको प्रबन्ध मिलाउन अनुरोध गर्ने ।

१३. वैदेशिक रोजगारीबाट फर्केका नेपाली कामदारको सीप र दक्षता परिक्षण गरी १० लाख रूपैयाँ ऋण दिने सरकारको नीतिलाई प्रभाबकारी कार्यान्वयन गर्न सरकारलाई अनुरोध गर्ने । नेपाली कामदारलाई परिवारसँग एकिकरण गर्न स्वदेशमै उद्यमशीलता गर्न एनआरएनएले प्रोत्साहन गर्ने ।

१४. गैरआवासीय नेपालीको परिभाषा भित्र पर्नको लागि दुई बर्ष विदेशमा बस्नुपर्ने वर्तमान प्रावधानलाई सुधार गरी अन्तर्राष्टिय प्रचलन अनुसार एक आर्थिक बर्षमा १८२ दिन भन्दा बढी विदेशमा बसेको हुनुपर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने । साथै, गैरआवासीय नेपाली अभियानमा सक्रियरूपमा संलग्न भई नेपाल फर्केका इच्छुक अभियन्ताहरूलाई गैरआवासीय नेपाली संघको क्रियाकलापमा संलग्न गराउन अन्तर्राष्टिय समन्वय परिषदलाई आग्रह गर्ने ।

१५. मध्यपूर्वका पर्यटकको लागि नेपाललाई आकर्षण गन्तव्य बनाउन एनआरएनएले पर्यटन मन्त्रालयसँग सहकार्य गर्ने ।

१६. गैरआवासीय नेपाली संघको मध्यपूर्व क्षेत्रीय बैठकहरूले उठाउंदै आएका, घोषणा गरेका मुद्दालाई कार्यान्वयन गर्नको लागि क्षेत्रीय संयोजकको संयोजकत्वमा प्रत्येक राष्ट्रिय समन्वय परिषदका अध्यक्ष प्रतिनिधित्व रहने एक समिति गठन गर्ने ।

# अष्ट्रेलियामा एक दिने विज्ञ भेला सम्पन्न

गैरआवासीय नेपाली संघ (एनआरएनए) ओसेनिया क्षेत्रको आयोजनामा सीडनीमा प्रथम क्षेत्रीय विज्ञ अन्तरक्रिया भव्य रूपमा सम्पन्न गरियो । ओसेनिया क्षेत्रले उक्त क्षेत्रमा छरिएर रहेका विज्ञहरूलाई समेटेर उनीहरूले सिकेको सीप र ज्ञानलाई नेपालसम्म पुऱ्याउने प्रयास स्वरूप पहिलो पटक अस्ट्रेलियाको सीडनीमा गत १५ सेप्टेम्बरमा २०१८ मा एक दिने तयारी विज्ञ सम्मेलनको आयोजना गरिएको थियो । अस्ट्रेलिया र न्युजिल्यान्ड जस्तो विकसित मुलुकमा महत्वपुर्ण भुमिकामा रहेका नेपाली विज्ञहरूलाई एकै थलोमा भेला पारेर त्यहाँ सिकेको र आर्जेको ज्ञानलाई नेपालमा कसरी हस्तान्तरण गर्न सकिन्छ भन्ने सोचका साथ आयोजना गरिएको कार्यक्रममा विशेषगरी कृषि तथा खाद्य सुरक्षा, स्वास्थ र शिक्षा अनि पुर्वाधार विकासमा सम्बन्धि महत्वपूर्ण कार्यपत्र प्रस्तुत गरिएको थियो । विज्ञ सम्मेलन काठमाडौमा अक्टोबर १३ र १४ मा आयोजना हुने गैरआवासीय नेपाली संघको प्रथम विश्व विज्ञ सम्मेलनको पूर्व तयारीस्वरूप गरिएको थियो ।

# गैरआवासीय नेपाली संघ
# शंखमुल पार्क विकासका सहयोगी
# महानुभावहरू

| नाम | ने. रु. |
|---|---|
| डा. उपेन्द्र महतो, बेलारूस | २,५००,००० |
| डा. शेष घले, अष्ट्रेलिया | १,५००,००० |
| कुमार पन्त, जर्मनी | ५००,००० |
| चन्द्र प्रसाद ढकाल, नेपाल | ५००,००० |
| अर्जुन श्रेष्ठ, बेल्जियम | २९८,३६५ |
| गौरीराज जोशी, युएसए | २००,००० |
| क्षेत्र कुमार श्रेष्ठ, इटाली | २००,००० |
| एनसिसि कतार | १५१,००० |
| एनसिसि चीन | १११,१११ |
| सुर्य हमाल, पोर्चुगल | १११,१११ |
| शशि पौडेल, नेदरल्याण्डस् | १००,५०२.३० |
| एनसिसि जर्मनी | १००,००० |
| एनसिसि पोर्चुगल | १००,००० |
| एनसिसि स्वीडेन | १००,००० |
| डा. केशव पौडेल, युएसए | १००,००० |
| दिपक खड्का, अष्ट्रेलिया | १००,००० |
| नविन शेरचन, युएसए | १००,००० |
| पशुपति भण्डारी, यु.के | १००,००० |
| बिनोद ज्ञवाली, युके | १००,००० |
| विश्व आदर्श पंडित, युके | १००,००० |
| युवराज गुरूङ, बेल्जियम | १००,००० |
| रमेश प्रसाद निरौंला, स्पेन | १००,००० |
| संगीता मरहट्टा, यु.के | १००,००० |
| सपीला राजभण्डारी, रसिया | १००,००० |
| देवी दत्त शर्मा, फिनल्याण्ड | ९८,६३९.४५ |
| नव राज गुरूङ, क्यानडा | ७८,४९० |
| एनसिसि स्वीटजरल्याण्ड | ६०,००० |
| एनसिसि हङकंग | ५१,००० |
| नवराज कोईराला, आयरल्याण्ड | ५१,००० |
| रंजित कुमार महतो, साईप्रस | ५१,००० |
| एनसिसि जापान | ५०,००० |
| कृष्ण लामिछाने, युएसए | ५०,००० |
| जानकी गुरूङ, बेल्जियम | ५०,००० |
| डिलाराम खरेल, जापान | ५०,००० |
| नरेन्द्र भाट, कतार | ५०,००० |
| भवानी प्रसाद ओली, अष्ट्रेलिया | ५०,००० |
| लोक नाथ पौडेल, न्युजिल्याण्ड | ५०,००० |
| लोचन चाम्लिङ राई, दक्षिण कोरिया | ५०,००० |
| सुनिल साह, युएसए | ५०,००० |
| शिव कुमार बरूवाल, बेल्जियम | ५०,००० |
| कुवेर कार्की, पोर्चुगल | २५,००० |
| विमल सुवेदी, कतार | १५,००० |

| नाम | ने. रु. |
|---|---|
| भवन भट्ट | १५,००,००० |
| डा. निरज गोविन्द श्रेष्ठ, बेलारूस | १,०००,००० |
| कूल आचार्य, युके | ५००,००० |
| जीवा लामिछाने, जर्मनी | ५००,००० |
| एनसिसि बेल्जियम | २५०,२६०.६३ |
| राम प्रताप थापा, जर्मनी | २००,००० |
| आर.के शर्मा, कतार | १५१,००० |
| नारायण गुरूङ, लग्जेम्वर्ग | १,३५,००० |
| विजय पोखरेल, अष्ट्रेलिया | १११,१११ |
| अरूण कुमार श्रेष्ठ, जापान | १०१,१११ |
| सिता सापकोटा, बेल्जियम | १००,०१२ |
| एनसिसि नाईजेरिया | १००,००० |
| एनसिसि युएसए | १००,००० |
| किरण विक्रम थापा, जापान | १००,००० |
| द ब्रिटिश कलेज, नेपाल | १००,००० |
| दिल बहादुर गुरूङ, जर्मनी | १००,००० |
| नारायण अधिकारी, जर्मनी | १००,००० |
| डा. बद्री के.सी, रसिया | १००,००० |
| मनोज र सुनयाना विष्ट, अष्ट्रिया | १००,००० |
| मिलन भट्टराई, युके | १००,००० |
| योगेन क्षेत्री, युके | १००,००० |
| राधा बस्न्यात, क्यानडा | १००,००० |
| सन्तोष भट्टराई, जर्मनी | १००,००० |
| हरिबोल भण्डारी, युएसए | १००,००० |
| एनसिसि नर्वे | ९८,०८५.२० |
| एनसिसि फ्रान्स | ६२,५०० |
| डिला खरेल, अष्ट्रेलिया | ५५००० |
| कृष्ण प्रसाद तिमिल्सिना, युके | ५१,००० |
| भूषण घिमिरे, जापान | ५१,००० |
| हिमाल गुरूङ, नेदरल्याण्डस् | ५१,००० |
| एनसिसि युके | ५०,००० |
| चक्र बहादुर थापा, न्युजिल्याण्ड | ५०,००० |
| जे.एन. ज्ञवाली, हङकंग | ५०,००० |
| धर्मराज अधिकारी, अष्ट्रेलिया | ५०००० |
| पारस मणि पोखरेल,जापान | ५०,००० |
| मनोहरि शर्मा, नेदरल्याण्डस् | ५०,००० |
| लोक प्रसाद दाहाल, बेल्जियम | ५०,००० |
| बिनोद कुवंर, दक्षिण कोरिया | ५०,००० |
| सोम सापकोटा, डेनमार्क | ५०,००० |
| शिव प्रसाद रिजाल,स्वीटजरल्याण्ड | ३२,६२३ |
| केजन राई, बेल्जियम | २०,००० |
| गोविन्द प्रसाद गौतम, रसिया | १४,२९५.३० |

# गैरआवासीय नेपाली संघको केन्द्रिय कार्यालय भवन निर्माणमा सहयोग गर्नु हुने महानुभावहरू महानुभावहरू

| S.N. | Contributor | Country | Deposited | S.N. | Contributor | Country | Deposited |
|---|---|---|---|---|---|---|---|
| 1 | Ek Nath Khatiwada | Tanzania | 36,912.75 | 70 | Haribol Bhandari | USA | 500.00 |
| 2 | Sunil Karki | Kenya | 25,000.75 | 71 | Harish C Hamal & Sunita Hamal | USA | 250.00 |
